भदौ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १० | २०७९ भदौ १६-३१ | पूर्णाङ्क ७२४



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बकबाइन्डर श्री मदन तिमिल्सिना
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १६ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ४ |
| **जम्मा** | **४४** |

| | |
|---|---|
| इजलास नं. ९ | ४ |
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | ४ |
| **जम्मा** | **१२** |

**कूल जम्मा ४४ + १२ = ५६**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, भदौ – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं. १ | | | १ - १९ |
| १. | उत्प्रेषण | सम्झना के.सी. समेत वि. नेपाल कृषि अनुसन्धान परिषद्समेत | १ |
| २. | पर्खाल भत्काई खिचोला मेटाई चलन चलाइपाउँ | तारा गाउँ विकास समिति, ताहाचल वि. रामबहादुर तामाङ | २ |
| ३. | लागु औषध | नेपाल सरकार वि. चन्द्रप्रकाश भन्ने चन्द्रप्रसाद फागो लिम्बू | ३ |
| ४. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. गोविन्द बगाले क्षेत्री | ४ |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपक भण्डारी | ५ |
| ६. | ठगी | नेपाल सरकार वि. दिपक लामा | ५ |
| ७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रिया आचार्यसमेत | ६ |
| ८. | छुट जग्गा दर्ता | कान्छी घर्तीसमेत वि. ज्ञानबहादुर घर्ती (क्षेत्री) समेत | ९ |
| ९. | मोही दर्ता गरी मुद्दा तामेलीबाट जगाई ३ नं. प्रमाणपत्र पाउँ | कालोवती मण्डल धानुक वि. भागवत मण्डल | ९ |
| १०. | कर्तव्य ज्यान | मोतिराम महरा वि. नेपाल सरकार | ११ |
| ११. | बन्दी प्रत्यक्षीकरण | सोनाम सिंह बल वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेत | १३ |
| १२. | बन्दी प्रत्यक्षीकरण | हरिबहादुर परियार वि. महानगरीय प्रहरी परिसर टेकुसमेत | १४ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शम्सेर शाही | १५ |
| १४. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. जीवन श्रेष्ठ | १६ |
| १५. | जबरजस्ती करणी | नेपाल सरकार वि. भीमबहादुर थापा मगर | १७ |
| १६. | जबरजस्ती करणी | नेपाल सरकार वि. भरतकुमार साह | १८ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. २** | | | **१९ - २५** |
| **१७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. मुहम्मद हसन मियाँ | **१९** |
| **१८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. जयकुमार यादव, अजयकुमार महरा भन्ने अजयकुमार महरा चमार वि. नेपाल सरकार, नेपाल सरकार वि. मोक्तार दर्जी | **२०** |
| **१९.** | जालसाजी | अली हलवाई वि. सहवानअली हलवाईसमेत | **२१** |
| **२०.** | सामूहिक जबरजस्ती करणी | नेपाल सरकार वि. विक्रम लिम्बू, टंक सार्की वि. नेपाल सरकार, विशाल गिरी वि. नेपाल सरकार, सुरेश ढकाल वि. नेपाल सरकार | **२२** |
| **इजलास नं. ३** | | | **२५ - ३०** |
| **२१.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सर्मिला के.सी. | **२५** |
| **२२.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शारदा चित्रकार | **२६** |
| **२३.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शारदा चित्रकार | **२७** |
| **२४.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. राजेन्द्र पुरीसमेत | **२७** |
| **२५.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अरूण नहर्की | **२८** |
| **२६.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कमल गुरूङ | **२९** |
| **इजलास नं. ४** | | | **३० – ३३** |
| **२७.** | अंश | वेचनप्रसाद चौधरी वि. नमित्री चौधरीसमेत | **३०** |
| **२८.** | बन्दी प्रत्यक्षीकरण | शेख समसुर आलोन भन्ने शेख सम्सुर एलोन वि. उच्च अदालत पाटनसमेत | **३१** |
| **२९.** | बन्दी प्रत्यक्षीकरण | सोमे तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत | **३१** |
| **३०.** | भ्रष्टाचार (घुस / रिसवत) | नेपाल सरकार वि. शशिभुषण प्रसाद साह | **३२** |
| **इजलास नं. ५** | | | **३३ – ३६** |
| **३१.** | बन्दी प्रत्यक्षीकरण | वुद्धिलाल पुन वि. महानगरीय प्रहरी वृत्त, ठिमी भक्तपुरसमेत | **३३** |
| **३२.** | आयकर (०५८-५९) | ठुला करदाताको कार्यालय हरिहरभवन ललितपुर वि. हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि. | **३४** |

| | | | |
|---|---|---|---|
| ३३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. मिङ्मा शेर्पा | ३५ |
| **इजलास नं.६** | | | **३६ – ४०** |
| ३४. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. प्रशान्त मण्डल, उपेन्द्रप्रसाद साह वि. नेपाल सरकार, रामचन्द्र राजवंशी वि नेपाल सरकार, संगिताकुमारी मण्डल वि. नेपाल सरकार | ३६ |
| ३५. | उत्प्रेषणसमेत | मिठु खत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३९ |
| ३६. | नक्सा निर्णय दर्ता वदर दर्ता | बिलट साह तेली वि. रघुवीर साह तेलीसमेत | ३९ |
| **इजलास नं.७** | | | **४० – ४४** |
| ३७. | ठगी | अशोक पाल (गडेरी) वि. नेपाल सरकार | ४० |
| ३८. | हाडनातामा जबरजस्ती करणी | नेपाल सरकार वि. परिवर्तित नाम ०८ चौबिसे (C) | ४१ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | उद्दव अधिकारी वि. गृह मन्त्रालय, कारागार कार्यालय, डिल्लीबजारसमेत | ४२ |
| ४०. | डाँका चोरी | नेपाल सरकार वि. आकाश तामाङसमेत | ४३ |
| **इजलास नं.८** | | | **४४ – ४८** |
| ४१. | कर्तव्य ज्यान | पिन्टु भन्ने सिन्टुप्रसाद पासी वि. नेपाल सरकार | ४४ |
| ४२. | कर्तव्य ज्यान | लालुमाया तामाङ वि. नेपाल सरकार | ४५ |
| ४३. | कर्तव्य ज्यान | दिवस पाण्डेसमेत वि. नेपाल सरकार, सुशिल खत्री वि. नेपाल सरकार | ४६ |
| ४४. | लागु औषध ब्राउन सुगर | सन्दिपराज श्रेष्ठ वि. नेपाल सरकार | ४८ |
| **इजलास नं.९** | | | **४९ – ५२** |
| ४५. | अदालतको अवहेलना | दिपकुमारी पाण्डे वि. मालपोत कार्यालय रुपन्देही, सिद्धार्थनगर, भैरहवासमेत | ४९ |
| ४६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. दिपक माझीसमेत | ५० |
| ४७. | लेनदेन | चन्द्र नारायण चौधरीसमेत वि. रेणुदेवी साह | ५१ |
| ४८. | परमादेश | राजेश्वरप्रसाद साहसमेत वि. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाडौंसमेत | ५१ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१०** | | | **५२ – ५५** |
| **४९.** | ठगी | नेपाल सरकार वि. मुकेश चौधरी | **५२** |
| **५०.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. लिलाराज अधिकारीसमेत | **५३** |
| **५१.** | जालसाजी | नारायणबहादुर श्रेष्ठ वि. राधादेवी कर्माचार्यसमेत | **५४** |
| **५२.** | जग्गा दर्ता नामसारी | नारायणबहादुर श्रेष्ठ वि. राधादेवी कर्माचार्यसमेत | **५४** |
| **इजलास नं.११** | | | **५५ – ६०** |
| **५३.** | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. प्रदिप थापासमेत | **५५** |
| **५४.** | बन्दी प्रत्यक्षीकरण | प्रकाशबहादुर वि.क. वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत | **५६** |
| **५५.** | बन्दी प्रत्यक्षीकरण | कोसेली बुढासमेत वि. केन्द्रीय बालकल्याण समिति, हरिहरभवनसमेत | **५७** |
| **५६.** | परमादेश | न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | **५८** |

**इजलास नं.१**

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मिरा खडका,** ०७४-WO-०२६८, उत्प्रेषण, सम्झना के.सी. समेत वि. नेपाल कृषि अनुसन्धान परिषद्समेत

परीक्षामा सामेल भई नतिजा प्रकाशित भइसकेपछि अरू प्रतिस्पर्धीहरू उत्तीर्ण भएको तर आफूहरू अनुत्तीर्ण भएकोमा प्रस्तुत रिट लिई अदालत प्रवेश गरेको भन्ने देखिन्छ । प्रस्तुत रिट निवेदनमा यी यस्ता आधार कारणबाट विपक्षी परिषद्ले लिएको परीक्षा र सोबाट प्रकाशन गरेको उल्लिखित परीक्षाफल कानूनविपरीत छ भनी सोलाई चुनौती दिई रिटमा उल्लेख गर्न सकेको नदेखिने ।

प्रस्तुत रिट निवेदनकै तथ्यसँग मिल्दोजुल्दो तथ्य रहेका विभिन्न रिट निवेदनमा यस अदालतबाट देहायबमोजिमका नजीर सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

- ***"निवेदकले जुन परीक्षालाई संविधानविपरीत छ भनी यस अदालतको असाधारणा अधिकार क्षेत्रमा प्रवेश गरी रिट निवेदन दिएको हो सोही परीक्षामा निवेदक स्वयम् सम्मिलित भएर परीक्षा दिएको भन्ने देखिन्छ । यदि सो हुन लागेको परीक्षा गैरसंवैधानिक थियो भने निवेदकले परीक्षा दिनु हुने थिएन । तर त्यसो नगरी परीक्षामा आफू सम्मिलित हुने र पछि परीक्षा नै गैरसंवैधानिक छ भनी आएको निवेदकलाई स्वच्छ विचारले आएको भन्न मिल्ने देखिएन । तसर्थ, आफूले दिएको परीक्षालाई आफैँ गैरसंवैधानिक भनी निवेदकलाई निवेदन क्षेत्रमा प्रवेश गर्ने अधिकार नहुने"*** - *दिगविजय चौधरी वि. मुख्य सचिव, श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत भएको उत्प्रेषणको मुद्दा (ने.का.प.२०५०, अङ्क ४, नि.नं. ४७२३, पृ. १९८) ।*
- ***"लिखित परीक्षा सम्पन्न भई त्यसको नतिजा प्रकाशित हुनुभन्दा अगावै मिति २०४९।५।२३ को शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको परिपत्रबाट अन्तर्वार्ताको पूर्णाङ्क हेरफेर भएको देखिन्छ । सो पूर्णाङ्क हेरफेरपश्चात् लिखित परीक्षाको नतिजा प्रकाशन भई सो आधारमा सम्पन्न अन्तर्वार्तामा यी निवेदक सम्मिलित भई प्रकाशित अन्तर्वार्ताको नतिजा आफू असफल भएपछि मात्र प्रस्तुत रिट निवेदन दायर गरेको देखिँदा निवेदक स्वच्छ विचारले अदालतमा प्रवेश गरेको मान्न नमिल्ने ।"*** - तारावीर श्रेष्ठ विरूद्ध शिक्षक छनौट समिति मोरङ भएको उत्प्रेषण मुद्दा (ने.का.प.२०५३, अङ्क ६, नि.नं.६२०९, पृ. ४८१ फुल बेन्च) ।

तसर्थ, विपक्षी निवेदकहरू आफूले परीक्षा दिएपछि पदपूर्ति समितिको कार्यविधि संशोधन भएको र असमान रूपमा लागु हुने गरी सो कार्यविधि संशोधन भएको भन्ने रिट निवेदनको दाबीमा उल्लेख भएको देखिँदैन । परिषद्को (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १८(क) (१) (६) मा पदपूर्ति समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्ने छ भन्ने कानूनी आधारबाट नै कार्यविधि संशोधन

गरेको देखिएको छ र सो संशोधन गरेको जानकारी विपक्षीलाई तत्काल सूचनामार्फत भइरहेकै मिसिल संलग्न कागजातबाट देखिन्छ। यसरी विपक्षी परिषद्को कार्यविधिअनुरूप परीक्षामा समावेश हुने र पछि परीक्षाको नतिजा आएपश्चात् आफू अनुत्तीर्ण भएका कारणले मात्र आफैँ सहभागी भएको परीक्षा बेठिक भयो, कानूनविपरीत भयो भनी दाबी लिन सक्ने कानूनी तथा नैतिक अधिकार रिट निवेदकहरूमा नरहेको भन्ने "Factum Valet" को सिद्धान्तसमेतबाट देखिएको, विपक्षी पदपूर्ति समितिले परीक्षा लिई नतिजासमेत प्रकाशित भई सफल उम्मेदवारहरू नियुक्तसमेत भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकोले मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७५ साल जेष्ठ २४ गते रोज ५ शुभम्।**

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-०३६०, पर्खाल भत्काई खिचोला मेटाई चलन चलाइपाउँ, तारा गाउँ विकास समिति, ताहाचल वि. रामबहादुर तामाङ

काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१२।१६ मा भएको नक्सा मुचुल्का हेर्दा वादी रामबहादुर तामाङको कि.नं. ३४७ को जग्गाको पूर्वतर्फ प्रतिवादी तारा गाउँ विकास समितिको कि.नं. २०६ समेतको जग्गा रहेको देखिन्छ । नक्सा मुचुल्कामा वादीको कि.नं. ३४७ को जग्गालाई न.नं. ४ र तारा गाउँ विकास समिति तर्फ रहेको ५ फिट अग्लो इटाको नयाँ पर्खाललाई न.नं. ५ भनी देखाइएको पाइन्छ । उक्त न.नं. ४ को कि.नं. ३४७ को जग्गा र न.नं. ५ को विवादित पर्खालको क्षेत्रफल ०-२-१-० भनी उल्लेख भएको पाइन्छ । उक्त नक्सा मुचुल्का हुँदा रोहवरमा रहेका प्रतिवादीले उक्त नक्सा मुचुल्कालाई अन्यथा भन्न सकेको पाइँदैन । वादीका साक्षी मोहनप्रसाद दंगालले सुरू अदालतमा बकपत्र गर्दा विवादित ठाउँमा पुरानो पर्खाल भत्किएकाले सो ठाउँमा प्रतिवादीले नयाँ पर्खाल लगाउँदा अलिकति सारी नयाँ पर्खाल बनाएको भनी उल्लेख गरेको पाइन्छ। यस अवस्थामा सुरू अदालतबाट भएको नक्सा मुचुल्का एवम् वादीका साक्षीको बकपत्रसमेतबाट प्रतिवादीले वादीको दाबीबमोजिमको जग्गा मिची पर्खाल बनाएको भन्ने पुष्टि हुन आएको।

काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा नक्सा मुचुल्कामा उल्लिखित न.नं. ४ र न.नं. ५ को कुल क्षेत्रफल ०-२-१-० अर्थात् वादीले दाबी गरेभन्दा ०-०-१-० (एक पैसा) बढी जग्गालाई समेत प्रतिवादीले खिचोला गरेको ठहऱ्याएको देखिएकोमा सो फैसलामा वादीको दाबीभन्दा बढी ठहराएको हदसम्म उल्टी गरी दाबीबमोजिमको क्षेत्रफल ०-२-०-० मात्र खिचोला गरेको ठहराई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

विवादित पर्खाल प्रतिवादीले भने जस्तो पुरानो २०४६ सालमा निर्माण भएको पर्खाल नभई वादीले उल्लेख गरेबमोजिम मिति २०६१।१०।१५ मा निर्माण भएको नयाँ पर्खाल रहेको भन्ने कुरा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१२।१६ मा भएको नक्सा मुचुल्का र वादीका साक्षी मोहनप्रसाद दंगालले सुरू अदालतमा बकपत्र गर्दा विवादित ठाउँमा पुरानो पर्खाल भत्किएकाले सो ठाउँमा प्रतिवादीले नयाँ पर्खाल लगाउँदा अलिकति सारी नयाँ पर्खाल बनाएको भनी उल्लेख गरेकोसमेतका प्रमाणबाट उक्त पर्खाल मिति २०६१।१०।१५ मा नै निर्माण भएको नयाँ पर्खाल भएको भन्ने देखिन्छ। मिति २०६१।१०।१५

मा निर्माण भएको नयाँ पर्खाल भत्काई खिचोला मेटाई चलन चलाइपाउँ भनी वादीले मिति २०६२।१।९ मा फिराद दर्ता गरेको देखिँदा उक्त फिराद तत्काल प्रचलित मुलुकी ऐन, जग्गा मिच्नेको महलको १८ नं. ले निर्दिष्ट गरेको म्यादभित्रको देखिँदा वादीको फिराद दाबी हदम्यादविहीन रहेको भन्ने नदेखिने।

वादीले दाबी गरेभन्दा बढी जग्गा ०-०-१-० (एक पैसा) समेतलाई खिचोला ठहर्‍याएको हदसम्मको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी वादीले दाबी गरेको क्षेत्रफल ०-२-०-० मात्र खिचोला गरेको ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट समेत फैसला भएको अवस्था छ । प्रतिवादीको आफ्नो जग्गा के कति कारणबाट घटी हुन पुगेको हो, सोको निक्र्यौलका लागि तथ्य र प्रमाणसहित जिकिर लिन सकेको पाइँदैन। आफूलाई मर्का परेको विषयमा प्रतिवादीले साधिकार निकायबाट प्रचलित कानूनबमोजिम न्यायिक उपचार पाउने हक सुरक्षित नै रहेको हुँदा आफ्नो जग्गा घटी रहेको भन्नेतर्फ तल्ला अदालतबाट कुनै विवेचना गरिएन भन्ने र हदम्यादको अभावमा फिराद दाबी खारेज हुनुपर्नेमा दाबी ठहराएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

वादी दाबीभन्दा बढी क्षेत्रफल ०-२-१-० जग्गामा भएको पर्खाल भत्काई वादीले खिचोला मेटाई चलन चलाइपाउने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।११।१२ मा भएको फैसला केही उल्टी गरी वादी दाबीबमोजिमको क्षेत्रफल ०-२-०-० जग्गामा भएको पर्खाल भत्काई वादीले खिचोला मेटाई चलन चलाइपाउने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः नवराज जोशी / कुवेर पाण्डे

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल मङ्सिर २४ गते रोज ३ शुभम्।**

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१६१८, लागु औषध, नेपाल सरकार वि. चन्द्रप्रकाश भन्ने चन्द्रप्रसाद फागो लिम्बू

लागु औषधसहित पक्राउ परेकी प्रतिवादी ऋतु दर्जी भट्टराईले मौकामा र अदालतमा समेत प्रतिवादी चन्द्रप्रसाद फागोले आशा भन्ने व्यक्तिलाई दिनु भनी दिएका हुन् भनी यी प्रतिवादीउपर पोल गरी बयान गरेको देखिन्छ। सहप्रतिवादीले पोल गरेको भए तापनि उक्त पोललाई कुनै स्वत्रन्त्र प्रमाणले समर्थन गरेको देखिँदैन। यी प्रतिवादी लागु औषधसाथ पक्राउ परेका छैनन्, प्रहरी प्रतिवेदनमा यिनको सम्बन्धमा केही उल्लेख रहेको देखिँदैन । प्रतिवेदकले बकपत्र गर्दासमेत यी प्रतिवादीलाई पोल गर्न सकेका छैनन् भने लागु औषध बरामद गर्ने क्रममा प्रतिवादी गीता दर्जीले उक्त लागु औषध मेरो नै हो भनी बताएकी थिइन् भनी बकपत्र गरेका छन् । मिसिल संलग्न अन्य कुनै प्रमाण कागजले प्रतिवादी चन्द्रप्रसाद फागोको कसुरमा संलग्नता पुष्टि गर्न सकेको देखिँदैन । यी प्रतिवादीले बरामदित लागु औषध दिएको भन्ने नदेखिँदा प्रतिवादी ऋतु दर्जी भट्टराईको पोल बयानलाई मात्र आधार बनाई दोषी हुन भनी मान्न मिल्ने देखिएन । मिसिल संलग्न अन्य कुनै पनि कागज प्रमाणबाट प्रतिवादी चन्द्रप्रकाश भन्ने चन्द्रप्रसाद फागो लिम्बू दोषी छन् भन्ने कुरा प्रमाणित भएको नदेखिँदा झापा जिल्ला अदालतको फैसला केही उल्टी गरी निजलाई आरोपित कसुरमा

सफाइ दिने गरी भएको उच्च अदालत विराटनगर इलाम इजलासको फैसला मिलेकै देखिने ।

अतः सहप्रतिवादीको पोलमा परेका प्रतिवादी चन्द्र प्रसाद फागो लिम्बूको कसुरमा संलग्नता रहेको पुष्टि हुने प्रमाणको अभावमा यी प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने गरी भएको उच्च अदालत विराटनगर इलाम इजलासको मिति २०७४।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : महेन्द्र प्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति सवंत् २०७७ साल जेठ २५ गते रोज १ शुभम् ।**

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-०३३६, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. गोविन्द बगाले क्षेत्री

प्रतिवादी गोविन्द बगाले क्षेत्रीले अनुसन्धानको क्रममा बयान गर्दा बरामदित लागु औषध आफ्नो साथबाट बरामद भएको हो मैले उक्त लागु औषध राजु भन्ने साथीलाई दिन ल्याएको हो भनी उल्लेख गरेको देखिए तापनि अदालतमा बयान गर्दा लागु औषध सेवन गर्नका लागि मैले ब्राउनसुगर खरिद गरी साथमा लिएर आएको थिए । मैले लागु औषध सेवन गर्न थालेको ६।७ महिना जति भयो । बिक्री वितरण गर्दिन सेवन मात्र गर्छु भनी खुलाएको र वादी नेपाल सरकारका साक्षी प्रतिवेदक प्रभु कोहारले अदालतमा बकपत्र गर्दा प्रतिवादी पक्राउ पर्दा पूरा नसामा रहेका थिए भनी उल्लेख गरेको देखिँदा निज प्रतिवादीले लागु औषध सेवन गर्छु भनी गरेको बयान बेहोरा समर्थित भइराखेको देखिन्छ । प्रतिवादीको साथबाट बरामद भएको हिरोइन १ ग्राम ९०० मिलिग्राम रहेको देखिँदा परिमाणका हिसाबले पनि ठुलो परिमाण मान्न सकिन्न । निजले लागु औषधको  कारोबार गर्दा गर्दै पक्राउ परेको तथा निजले कारोबार गरेको भन्ने तथ्य पुष्टि भएको पनि देखिएन । यसबाट प्रतिवादी लागु औषधको कारोबार गर्ने नभएर सेवन गर्ने व्यक्ति हुन भन्ने पुष्टि हुन आउने ।

प्रतिवादी लागु औषधको कारोबार गर्ने नभएर सेवन गर्ने व्यक्ति हुन् भन्ने पुष्टि हुन आएकोले निजलाई के कस्तो सजाय हुन्छ भन्ने सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(ङ) मा "अफिम, कोका वा सो बाट बनेको लागु औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना" हुन्छ भन्ने व्यवस्था रहेको र निजले हिरोइन सेवनको लागि ल्याएको हुँदा निजलाई सोही दफा मुताविक सजाय हुने ।

उपर्युक्त तथ्य कानूनी व्यवस्थासमेतका आधारमा हेर्दा, प्रतिवादीले आफूसित बरामद भएको लागु औषध कारोबार गरेको नभई सेवन प्रयोजनका लागि राखेको भन्ने भनाइ वादी पक्षका साक्षी प्रभु कोहारले पक्राउ पर्दा प्रतिवादी पूरा नशामा थिए भनी बकपत्र गरेकोबाट समेत समर्थित भई राखेको, लागु औषधको परिमाण न्यून रहेको र कारोबार गर्दा गर्दै पक्राउ परेको तथा निजले कारोबार गरेको भन्ने तथ्य पुष्टि नभएको अवस्थामा प्रतिवादीलाई लागु औषध सेवन गरेतर्फ सजाय हुनेगरी पुनरावेदन अदालत तुलसीपुर बुटवल इजलासबाट भएको फैसला अन्यथा मान्न मिलेन । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी गोविन्द बगाले क्षेत्रीलाई

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड छ (१) बमोजिम पाँच (५) वर्ष कैद र रू. पाँच हजार (५०००।-) जरिवानासमेत हुनेगरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।१२।२२ मा भएको फैसला केही उल्टी भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(ङ) बमोजिम १(एक) वर्ष कैद सजाय हुनेगरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।१२।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम्।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RC-००६९, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिपक भण्डारी

प्रतिवादी दिपक भण्डारीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा, मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा काठको किलो ठोक्ने मुङ्ग्रो जस्तो जोखिमयुक्त साधनले तीन तीन पटक प्रहार गरी मृतकलाई मारी लास घिसारेर लगी जंगलमा फालेको र मृतकको सुनको गहनासमेत चोरी गरी फरार रहेको कुरामा साबित भई बयान गरेको देखिन्छ । निज प्रतिवादीको उक्त साबिती बयान जाहेरवाला गणेश वलीको किटानी जाहेरी र अदालतमा गरेको बकपत्र, घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, घटनाका प्रत्यक्षदर्शी मृतकका श्रीमान् सिपप्रसाद वलीसमेतले मौकामा गरेको कागजलाई समर्थन गर्दै अदालतमा उपस्थित भई गरिदिएको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट तथ्यपरक ढङ्गले पुष्टि भइरहेको देखिँदा निज प्रतिवादीलाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सल्यान जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत सुर्खेतको फैसला न्यायोचित नै देखिएकोले प्रमाण मूल्याङ्कनको रोहबाट उक्त फैसलालाई अन्यथा भन्न नसकिने।

प्रतिवादी दिपक भण्डारीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सल्यान जिल्ला अदालतको मिति २०७४।३।८ को फैसला सदर गरेको उच्च अदालत सुर्खेतको मिति २०७५।१।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहरे पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम प्रतिवादीलाई सर्वस्वको सजाय नहुने भएकोले निज प्रतिवादी दिपक भण्डारीलाई जन्मकैदको सजाय मात्र हुने गरी साधक सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल श्रावण १९ गते रोज २ शुभम्।**

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७६-CR-१००६, ठगी, नेपाल सरकार वि. दिपक लामा

निवेदक संजय प्रताप शाहले ठगी गर्ने व्यक्ति पत्ता लगाई आवश्यक कारबाही गरी ठगी गरेको रकम दिलाइपाउँ भनी मिति २०६७।१०।२७ मा दिएको हुलिया निवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो निवेदनमा जाहेरवालाले आफूलाई कसले ठगी गरेको भन्ने कुरा किटान गर्न सकेको देखिँदैन। पछि

यी जाहेरवालालाई प्रतिवादी दिपक लामालाई देखाई सनाखत गराउँदा यिनै व्यक्तिसमेत भई मलाई ठगी गरेको हो भनी सनाखत गरेपश्चात् मिति २०६८।४।२५ मा घटना वारदात भएको करिब ६ महिना पछि यी प्रतिवादी दिपक लामाको हकमा मात्र नाम किटान गरी जाहेरी दिएको देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा जाहेरवालालाई मैले कहिले पनि देखेको छैन । जाहेरवालाको रूपैयाँ मैले ठगी गरेको छैन भनी कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिने ।

वारदात दिउँसो घटित भएको भन्ने कुरा स्वयं जाहेरवालाको भनाइबाट देखिन्छ । जाहेरवालाले आफ्नो जाहेरीमा आजभन्दा १०/१५ वर्ष पहिलेदेखि खासाबाट सामानहरू ल्याई काठमाडौंमा व्यापार गर्दै आएको भनी लेखेका छन् । १०/१५ वर्ष पहिलेदेखि खासाबाट सामान ल्याई व्यापार गर्दै आएका व्यक्तिलाई अपरिचित व्यक्तिहरूले खासामा सामान किन्न सजिलो हुन्छ घोर्मु लिएर जाउ भनेको भरमा हेर्दै नहेरी रूमालको पोका दिएको आधारमा मात्रै नेपाली रू.५,५०,०००।- जाहेरवालाले अपरिचित व्यक्तिहरूलाई दिएको भन्ने जाहेरी कथन नै विश्वसनीय र तथ्यपरक नदेखिने ।

घट्ना भएको देख्ने जान्ने व्यक्ति यी जाहेरवालाबाहेक अन्य कोही रहेको पनि देखिँदैन । यी जाहेरवालाले अदालतमा आई आफ्नो जाहेरी भनाइलाई समर्थन हुने गरी बकपत्र गरी दिए पनि निजको सो भनाइलाई समर्थित हुने अन्य कुनै प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । जाहेरवालाले सुरूमा अपरिचित ३ जना विरूद्ध हुलिया जाहेरी दिई पछि यी प्रतिवादीको नाम किटान गरेपनि अन्य २ जनाको नाम किटान गर्न सकेको देखिँदैन । प्रतिवादी वारदात भएको करिब ६ महिनापछि मात्र पक्राउ परेको देखिन्छ । प्रतिवादीको साथबाट ठगी भए भनिएको रूपैयाँ बरामद भएको देखिँदैन । घटनास्थल प्रकृति मुचुल्का तथा घटना विवरण कागज गर्ने व्यक्तिहरू कोही पनि अदालतमा उपस्थित भई बकपत्रसमेत नगरेको अवस्थामा यी प्रतिवादीले सुरू जिल्ला अदालतमा गरेको बयानलाई अन्यथा मान्नुपर्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा माथि उल्लिखित तथ्यका आधारमा वादीले आफ्नो दाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न नसकेबाट सुरू सिन्धुपाल्चोक जिल्ला अदालतले प्रतिवादी दिपक लामालाई आरोपित कसुर ठहर गरी गरेको फैसला उल्टी गरी निजलाई आरोपित कसुरमा सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७०/३/३१ मा प्रतिवादी दिपक लामालाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम ५(पाँच) वर्ष कैद र कायम भएको बिगो रू.५,५०,०००।- बराबर जरिवाना गरी सो बिगो प्रतिवादीबाट जाहेरवालालाई भराई दिने गरी भएको फैसला उल्टी गरी प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउने गरी भएको उच्च अदालत पाटनबाट मिति २०७४।७।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम् ।**

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७५-CR-०६४०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रिया आचार्यसमेत

The World and Memorial Education

Consultancy Pvt. Ltd मनिषा राईको नाउँमा दर्ता रहेको भए पनि सो कन्सल्टेन्सी मैले सञ्चालन गरेको भनी प्रतिवादी युवक राईले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गरेको र प्रतिवादी रिया आचार्यले पनि सो Consultancy युवक राईले सञ्चालन गरेको हो भनेको अवस्था हुँदा सो कन्सल्टेन्सी प्रतिवादी युवक राईले सञ्चालन गरेकोमा विवाद रहेको देखिँदैन । प्रतिवादी रिया आचार्यले बयान गर्दा आफू The World and Memorial Education Consultancy Pvt. Ltd को कामदार भएको, आफूले सञ्चालक युवक राईले भनेबमोजिम रसिदहरू काटेको तर आफू वैदेशिक रोजगारको व्यवसायमा संलग्न नरहेको भन्ने बेहोराको बयान देखिन्छ । प्रतिवादी युवक राईले अनुसन्धानको क्रममा बयान गर्दा मैले Consultancy मा रिया आचार्यलाई मासिक रू.१०,०००।- दिई काममा राखेको हुँ । जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि विदेश पठाइदिन्छु भनी रकम लिई विदेश नपठाएको सम्बन्धमा निजलाई थाहा छैन भन्ने बेहोरा लेखाएकाले रिया आचार्य सो Consultancy को कर्मचारी भएको देखिने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ३० मा संगठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने भनी फौजदारी न्यायका सामान्य सिद्धान्त कायम गरिएको परिप्रेक्ष्यमा प्रतिवादी रिया आचार्यले जाहेरवालासँग भरपाई गरी लिएको रकम सो Consultancy का प्रमुख युवक राईले भनेबमोजिम बुझेको भनी न्यायाधिकरणको बयानमा लेखाई दिएको र सो भनाइसँग युवक राईले पनि बिमति नराखेको हुँदा प्रस्तुत सिद्धान्त यी रिया आचार्यको हकमा पनि आकर्षित हुने । निजले जाहेरवालाहरूसँग उठाएको रकमबाट कुनै लाभको अभिलासा नराखी केवल आफ्नो कर्तव्य पालनाको सिलसिलामा रकम बुझी भरपाई दिएको कार्यमा आपराधिक मनसाय तत्त्वको समेत अभाव रहेको अवस्थामा प्रतिवादी रिया आचार्यलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

The World and Memorial Education Consultancy Pvt. Ltd. प्रतिवादी मनिष राईको नाउँमा दर्ता रहेको देखिन्छ । निज फरार रहेको अवस्था छ । निजको नाममा The World and Memorial Education Consultancy Pvt. Ltd. रहेबाट निजको संस्थागत दायित्व हुन्छ कि भन्नेतर्फ विचार गर्दा, विवेचित फौजदारी न्यायको सिद्धान्त यी प्रतिवादीको हकमा पनि उत्तिकै महत्त्वको देखिन आउँछ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५७ अनुसार कुनै संस्थाले वैदेशिक रोजगारसम्बन्धी कसुर ठहरिने कुनै कसुर गरेको छ र कसले त्यस्तो कसुर गरेको हो भन्ने पहिचान हुन नसकेकोमा संस्थाको प्रमुख दोषी ठहर हुन्छ । प्रस्तुत मुद्दाको तथ्य हेर्दा यी प्रतिवादी मनिषा राईको नाउँमा संस्था दर्ता भएको भए पनि सो संस्था मैले सञ्चालन गरेको छु भनी प्रतिवादी युवक राईले स्वयं स्वीकार गरेको देखिन्छ । जाहेरवालाहरू र प्रतिवादी रिया आचार्यको भनाइअनुसार पनि सो संस्था प्रतिवादी युवक राईले नै सञ्चालन गरेको देखिएको हुँदा मनिषा राईको नाउँमा संस्था दर्ता भए पनि निजले वैदेशिक रोजगारमा क्यानडा पठाइनेसम्बन्धी सूचना प्रकाशित गरेको अथवा यी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा क्यानडा पठाउँछु भनी विश्वासमा पारी रकम असुल गरेको भन्ने नदेखिएको अवस्थामा यी प्रतिवादीलाई कसुरदार ठहऱ्याउने वा संस्थागत

दायित्व स्वरूप दोषी कायमसमेत नगरी यी प्रतिवादीको हकमा समेत अभियोग माग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

जाहेरवाला ढकेन्द्र निरौलाले जाहेरीमा आफूले The World and Memorial Education Consultancy Pvt. Ltd ले कान्तिपुर पत्रिकामा प्रकाशित सूचनाअनुसार युवक राईलाई भेटी कुरा गरी क्यानडामा वैदेशिक रोजगारमा जानको लागि रकम दिएको र युवक राईले म फिलिपिन्समा आएको छु तिमीले valley migration and consultancy Pvt. Ltd. मा राजु ढकाललाई भेट्नु तिम्रो परिचय पत्र बनाई दिन्छ त्यो परिचय पत्र लिई आउनु भनेकाले म राजु ढकाललाई भेट्न जाँदा निजले मलाई परिचय पत्र, भिसा टिकट दिएकाले म २०१६।५।११ मा फिलिपिन्स गएको भन्ने उल्लेख गरेको आधारमा मात्र राजु ढकाललाई प्रतिवादी कायम गरिएको देखिन्छ । जाहेरीमा यी राजु ढकालको नाम विपक्षी महलमा रहेको देखिँदैन। निजले यो यस किसिमले वैदेशिक रोजगारमा पठाउने कार्य गरेको वा रकम लिएको उल्लेख छैन । सम्पूर्ण कागजातहरू अध्ययन गर्दा यी जाहेरवाला ढकेन्द्र निरौला र विकास गुरूङसँगै फिलिपिन्स गएको भन्ने देखिन्छ । तर विकास गुरूङले दिएको जाहेरी दरखास्त हेर्दा साथी ढकेन्द्र निरौला र मलाई युवक राईले नेपालको एअरपोर्ट हुँदै फिलिपिन्ससम्म लगी हामीलाई अलपत्र पारी युवक राई भागेको र १५ दिनपछि नेपाल फर्की आएको भन्ने बेहोरा लेखाएको देखिन्छ भने बकपत्र गर्दा निज प्रतिवादी युवक राईले मसमेत साथी ढकेन्द्र निरौलालाई फिलिपिन्ससम्म पुऱ्याई अलपत्र पारेर छाडेकोले हामी आफ्नै खर्चमा नेपाल फर्किएको भन्ने बेहोरा लेखाएको देखिन्छ । यसरी सँगै फिलिपिन्स जाने ढकेन्द्र निरौला र विकाश गुरूङले भिन्न भिन्न तथ्य उल्लेख गरेको देखिएबाट ढकेन्द्रको जाहेरी र बकपत्र नै शङ्कास्पद देखिन्छ । प्रतिवादी राजु ढकालले बयान गर्दा ढकेन्द्र निरौला एक पटक आफ्नै Valley Migration and Education Consultancy मा विदेशमा पढ्न जाने विषयमा सल्लाह गर्न आएको त्यस पछि कहिल्यै भेट नभएको भन्ने उल्लेख गरेको छ । फिलिपिन्स जान भिसा र टिकट आवश्यक पर्दछ। भिसा लिन सम्बन्धित व्यक्ति आफैँ जानुपर्छ तर ढकेन्द्र निरौलाले भिसा टिकट राजु ढकालले दिएको भनेबाट पनि जाहेरवाला ढकेन्द्रको पोल विश्वसनिय देखिँदैन । प्रतिवादी राजु ढकालले कसैलाई वैदेशिक रोजगारमा क्यानडा पठाइदिन्छु भन्ने विश्वास दिलाई कसैबाट काम लिएको भन्ने पनि नदेखिएबाट यी प्रतिवादीको हकमा समेत अभियोग माग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन। वैदेशिक रोजगारीमा क्यानडा पठाउन भनी के कस्तो झुटो आश्वासन दिई प्रलोभन देखाएका थिए भन्ने जाहेरीसमेतबाट खुलेको देखिँदैन । यस्तो अवस्थामा यी प्रतिवादीहरूले जाहेरवालाबाट निजहरूलाई वैदेशिक रोजगारमा क्यानडा पठाउन नै भनी विश्वास दिलाई रकम लिएका हुन् भन्ने तथ्य शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा निजहरूलाई आरोपित कसुरमा सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

प्रतिवादी युवक राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम तीन वर्ष कैद र तीन लाख रूपैयाँ जरिवाना गरी जाहेरवालाहरूको बिगो, हर्जाना

र अन्य खर्चसमेत निज प्रतिवादी युवक राईबाट जाहेरवालाहरूले भरिपाउने र प्रतिवादीहरू रिया आचार्य, मनिषा राई र राजु ढकालले अभियोग दाबीबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।९।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम् ।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या श्री हरिप्रसाद फुयाल,** ०७१-CI-१३३७, छुट जग्गा दर्ता, कान्छी घर्तीसमेत वि. ज्ञानबहादुर घर्ती (क्षेत्री) समेत

विवादित जग्गा दर्ता गरिपाउँनको लागि पुनरावेदक पति तथा पिता गणेशबहादुर घर्तीले अंश मुद्दा चल्नुअघि नै कारबाही चलाएको र सो सम्बन्धमा मालपोत कार्यालय ललितपुरबाट निवेदकको नाउँमा दर्ता हुनु नपर्ने भएमा वा अन्य कसैको हकदाबी भएमा उजुर गर्न आउन ३५ दिने सूचनासमेत जारी भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिन्छ । पुनरावेदकका पति तथा पिता गणेशबहादुर घर्ती र प्रत्यर्थीबिच विवादमा रहेका उल्लिखित जग्गा दर्ता गर्ने सम्बन्धमा विवाद भई अंश मुद्दा चलेको र अंश मुद्दामा विवादित जग्गा दर्ता भएपछि आधा आधा पाउने ठहर भइसकेकोले जग्गाको स्वामित्व सम्बन्धमा पुनरावेदकहरूले मिति २०४८।९।५ को लिखतको आधार देखाएर विवाद उठाउन पाउने समय र अधिकार गुमाई सकेको देखिन्छ । मालपोत कार्यालयबाट जारी भएको ३५ दिने सूचनामा अन्य व्यक्तिहरूको उजुरी परेको नदेखिई यिनै पुनरावेदक र प्रत्यर्थीको मात्र विवाद रहेको देखिन आएको अवस्थामा कि.नं. ४८५, १८ र १९० का जग्गामा सुरू मालपोत कार्यालय, ललितपुरबाट यसै अदालतको मिति २०७४।१०।२८ मा पुनरावेदक गणेशबहादुर घर्ती प्रत्यर्थी ज्ञानबहादुर घर्ती भएको अन्तिम फैसलाको अवज्ञा गरी ज्ञानबहादुर घर्तीका नाममा उल्लिखित कित्ता जग्गाबाट आधा जग्गा दर्ता नगर्ने गरी गरेको फैसलालाई पुनरावेदन अदालत पाटनले उल्टी गरी निजका नाममा नरम गरम मिलाई आधा जग्गा दर्ता गर्ने गरी गरेको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहेको ।

मालपोत कार्यालय ललितपुरबाट मिति २०७०।५।१६ मा कि.नं. ४८५, १८ र १९० को जग्गाहरूको तर्फसमेत उल्लेख नभएबाट ज्ञानबहादुर घर्तीको नाममा दा.खा. दर्ता नहुने गरी भएको मालपोत कार्यालय, ललितपुरको मिति २०७०।५।१६ को फैसला उल्टी गरी निजको वादी दाबीबमोजिम उक्त जग्गामा नरम गरम मिलाई २ भागको १ भाग दर्ता गर्ने र बाँकी भाग गणेशबहादुर घर्तीको श्रीमती प्रत्यर्थीमध्येका कान्छी घर्तीको नाउँमा दर्ता हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल फागुन १८ गते रोज १ शुभम् ।**

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७१-CI-१६३७, मोही दर्ता गरी मुद्दा तामेलीबाट जगाई ३ नं. प्रमाणपत्र पाउँ, कालोवती मण्डल धानुक वि. भागवत मण्डल

जिल्ला सप्तरी, गा.वि.स. मधेपुरा, वार्ड

नं. ५ कि.नं. २७१ को ०-११-० जग्गा, जग्गा जग्गाधनीको नाममा मोहीको लगतसहित दर्ता हुँदा मेरो मुद्दा तामेलीबाट जगाई ३ नं. प्रमाणपत्र पाउँ भनी भागवत मण्डलले दिएको निवेदनबाट उठान भएको देखिन्छ। उल्लिखित जग्गा मोहीमा कमाई सालसालैको बालीसमेत बुझाई मोहीयानी हकको ३ नं. प्रमाण-पत्र पाउँ भनी यिनै वादीले भूमिसुधार कार्यालय, सप्तरीमा २०५६।४।२१ मा निवेदन दिएको देखिन्छ। सो मुद्दा मिति २०५९।५।२४ मा भूमिसुधार कार्यालयबाट जोताहा महलमा भागवत मण्डलको नाउँ उल्लेख भए पनि उक्त कित्ता जग्गा प्रतिवादी चन्द्रावती देवी सिंह र आशादेवी देवी सिंहको नाममा दर्ता कायम नरहेकोले उक्त कित्ता जग्गा दर्ता कायम भएपछि वादीले आफ्नो सबुत प्रमाण लिई कारबाही गर्न आएका बखत पुनः कारबाही गर्ने गरी तामेलीमा राखेको देखिन्छ। सोही जग्गा मिति २०६८।८।८ मा मूल जग्गाधनी रूद्रनारायण सिंहको हकवालाको हैसियतले निजको बुहरी निलमदेवी सिंहले जग्गा दर्ता गराई मिति २०६८।८।१९ मा कालोवती देवी मण्डललाई बिक्री गरेको कुरामा यी पुनरावेदक / प्रतिवादी र प्रत्यर्थी वादीको बिचमा मुख मिलेकै देखिने।

विवादित जग्गाको ७ नं. फाराममा मोही महलमा भागवत मण्डल र जग्गावालाको महलमा इन्द्रनारायण सिंह रहेको देखिन्छ भने मिति २०२७।११।९ मा खडा भएको फिल्डबुकमा दाबीको कि.न. २७१ को जग्गाको जोताहामा भागवत मण्डल नाम उल्लेख भई किसानको महलमा रूद्रनारायण सिंह उल्लेख भएको पाइन्छ। यस स्थितिमा रूद्रनारायण सिंह र इन्द्रनारायण सिंह भन्ने एकै व्यक्ति हो होइन भन्ने सम्बन्धमा हेर्दा, मिति २०६८।१०।२२, च.न. १०५ को गाउँ विकास समितिको कार्यालय मधेपुराको पत्रबाट भूमिसुधार कार्यालय, सप्तरीलाई सिफारिस गर्दा इन्द्रनारायण सिंह भन्ने स्व. रूद्रनारायण सिंह एउटै व्यक्ति हो भनी बेहोरा उल्लेख गरेको देखिन्छ । त्यसैगरी फूलदेव मण्डलसमेतका मानिसहरूले इन्द्रनारायण सिंह भन्ने स्व. रूद्रनारायण सिंह एउटै व्यक्ति हो भनी सर्जमिन मुचुल्कासमेत गरिदिएको देखिन्छ । उक्त सिफारिससमेतलाई यी पुनरावेदकले कहीँकतै चुनौती नदिई स्वीकार गरी बसेको देखिन्छ । मालपोत कार्यालय, सप्तरीले भूमिसुधार कार्यालय सप्तरीलाई विवरण उपलब्ध गराउँदा कि.न. २७१ को ०-११-० जग्गा निलमदेवीले कालोवती धानुकलाई बिक्री गरेको राजीनामाको लिखतमा समेत मोही भागवत मण्डल धानुकको नाउँ उल्लेख भएको भनी च.नं. २९०१ मिति २०६९।८।१३ मा पत्राचारसमेत गरेको देखिन आएको छ । विवादको उक्त जग्गा निलम देवीबाट कालोवती देवीले र.नं. ८०९३ मिति २०६८।८।१९ मा किन्दा पनि मोही भागवत मण्डल भनी उल्लेख भएको देखिन्छ । भागवत मण्डल धानुकले २०५८ सालदेखिको कुत भूमिसुधार कार्यालयमा जम्मा गरेकोसमेत देखिन्छ । यसरी ७ नं. फाराम, फिल्डबुक, निलम देवीको नाममा उक्त जग्गा दर्ता हुँदा र निजले बिक्री गरी यी पुनरावेदक प्रतिवादिको नाममा जग्गा आउँदासम्ममा प्रस्तुत मुद्दाका वादी भागवत मण्डल निरन्तर मोही महलमा रहे भएबाट पुनरावेदक / प्रतिवादीले जग्गाधनी र यी वादी (मोहीको) मिलोमतोमा मलाई जग्गा बिक्री गर्नभन्दा पहिले उक्त प्रमाण सिर्जित गरेको हो भनी जिकिर लिए पनि आफूले जग्गा खरिद गर्नुपूर्व सो जग्गमा मोही भए नभएको यकिन गर्ने दायित्व स्वयं खरिदकर्ताको रहेको हुन्छ। प्रस्तुत कि.नं. २७१ मा पहिले नै मोही कायम रहेको कुरा दाता निलम देवी सिंहको जग्गाधनी प्रमाणपुर्जाबाट देखिन्छ । यसरी यी पुनरावेदकले मोही लगत रहेको जग्गा जानी जानी

किनेको हो भन्ने कुरा खरिद गर्दाका बखत नै पारित भएको राजीनामा लिखतमा मोही महलमा भागवत मण्डलको नाम रहेकोबाट यी पुनरावेदकको भनाइ आत्मनिष्ट देखिएबाट प्रस्तुत मुद्दाका वादी भागवत मण्डल उल्लिखित जग्गाका मोही होइनन् भन्न सक्ने अवस्था नदेखिने।

७ नं. फाराम र अनुसूची २ भूमि प्रशासनलाई व्यवस्थित बनाउन व्यक्तिको र सार्वजनिक जग्गाको विवरण छुट्याई व्यक्ति तथा सार्वजनिक जग्गाको विवरण संकलन गर्ने उदेश्यले सरकारले जारी गरेका फाराम हुन्। यी फाराम जग्गाको औपचारिक स्वामित्वको नापनक्सा हुनुभन्दा पहिले व्यक्तिको स्वामित्व स्थापित गर्ने प्रारम्भिक प्रमाणको रूपामा रहेका हुन्छन्। ती प्रमाणको त्यतिबेलासम्म महत्त्व रहन्छ जबसम्म जग्गाको नाप नक्सा भई औपचारिक स्वामित्वको जग्गाधनीको प्रमाणपत्र प्राप्त हुँदैन। जग्गाको औपचारिक नाप नक्साद्वारा फिल्डबुक कायम भई सोअनुसार जग्गाधनी प्रमाण पुर्जा प्राप्त हुन्छ सोपश्चात् उल्लिखित ७ नं. फाराम र अनुसूची २ गौण प्रमाणको रूपमा रहन्छन्। यसरी प्रस्तुत मुद्दामा वादीको कि.नं. २७१ को जग्गामा भूमिसम्बन्धी नियम, २०२१ को नियम ३ बमोजिम मोहीको लगत तयार भई सोको नियम ६ बमोजिम २ नं. अनुसूची भरिएको देखिन्छ। सोही २ नं. अनुसूचीको आधारमा २०२७ सालमा सर्वे नापी हुँदा सो जग्गाको फिल्डबुकमा जोताहाको महलमा वादीको नाम कायम भई २०६८ सालमा उक्त जग्गा हकवालाको हैसियतले निलम देवीको नाममा दर्ता हुँदा निजको जग्गाधनी स्रेस्तामा नै वादी मोही कायम भइसकेको अवस्था हुँदा सो प्रमाणलाई नै अब प्राथमिक प्रमाणको रूपमा अदालत तथा न्यायिक निकायले ग्रहण गर्नुपर्ने।

सरकारको तर्फबाट सरकारी कर्मचारी फिल्डमा खटी तयार गरेका अनुसूची फाराम नं. २, सर्वे नापीमा तयार भएको फिल्डबुक, जग्गाधनीको नाममा दर्ता स्रेस्ता कायम हुँदा र निजले यी पुनरावेदक प्रतिवादीलाई जग्गा बिक्री गर्दासमेत सो जग्गामा वादीको नाम रहेबाट उल्लिखित कानूनी व्यवस्थाअनुसार यी पुनरावेदको विरूद्धमा प्रमाण ग्रहण गर्न मिल्ने देखिन्छ। यस अवस्थामा पुनरावेदन अदालत राजविराजले उल्लिखित कि.नं. २७१ को जग्गामा वादीको मोहियानी हक नपुग्ने गरी भूमिसुधार कार्यालय, सप्तरीले गरेको फैसलालाई उल्टी गरी भागवत मण्डलको मोही हक कायम हुने गरी गरेको फैसलालाई अन्यथा भन्न सकिने नदेखिँदा पुनरावेदन अदालत राजविराजले वादी भागवत मण्डलको मोही कायम गरी गरेको फैसला उल्टी गरी सुरू भूमिसुधार कार्यालयले गरेको फैसलाअनुसार गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन तथा निजका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताको वहस जिकिरसँग सहमत हुन नसकिने।

भूमिसुधार कार्यालय सप्तरीबाट मिति २०७०।८।१३ मा कि.नं. २७१ को जग्गामा वादी भागवत मण्डलको फिराद दाबी नपुग्ने गरी भएको फैसला उल्टी गरी निजको वादी दाबीबमोजिम उक्त जग्गामा मोही कायम गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल फागुन १८ गते रोज १ शुभम्।**

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-००४४, कर्तव्य ज्यान, मोतिराम महरा वि .नेपाल सरकार*

प्रतिवादी मोतिराम महराले मृतक दुवै जनालाई राति सुतिरहेको अवस्थामा बेल्चासमेतले प्रहार गरी कर्तब्य गरी मारेको भन्ने तथ्यलाई स्वीकारी गरेको साबिती बयान, घटनास्थलबाट बरामद बेल्चा, निज प्रतिवादीले घाँटी अँठ्याउन प्रयोग गरेको तार, मृतकहरूको लासजाँच प्रकृति मुचुल्का तथा घटना विवरण तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले खुलाइदिएको कागज, शव परीक्षण प्रतिवेदन बेहोरासमेतबाट पुष्टि भइरहेको अवस्था देखिँदा यी प्रतिवादीको कर्तव्यबाट नै मृतक रामकुमारी देवी महरा तथा विद्या पासवानको मृत्यु भएको देखिने।

पुनरावेदक प्रतिवादीले मौकामा बयान गर्दा आमा रामकुमारी देवी मिति २०७४।७।२३ देखि हराएकी र निज आमा विद्या पासवानसँग घुमी हिँडिरहेकी भन्ने थाहा पाएको भनी बयान गरेको देखिन्छ। आफूलाई जन्मदिने आमा कुनै परपुरूषसँग जथाभावी गरी हिँडिरहेको भन्ने कुरा थाहा पाएपछि निजको छोरालाई सो कुरा सह्य हुन नसक्नु स्वाभाविकै हो । प्रस्तुत वारदातमा फलामको बेल्चा जस्तो जोखिमी वस्तु वा हतियारले मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा जानकारी यी प्रतिवादीलाई नभएको भन्न मिल्ने देखिँदैन। यी प्रतिवादीले मृतकहरूलाई सँगै सुतिरहेको अवस्थामा देखेको कारण विद्या पासवानलाई बेल्चाले हानी निजकै टोपीको तुनाले घाँटी कसी मारेपश्चात् सोही स्थानमा रहेकी आफ्नी आमा रामकुमारी देवी महरालाई सोही तुनाले घाँटी कसी बाँधी हत्या गरेको देखिन्छ । यस अवस्थामा यी प्रतिवादीको मनमा मृतकहरू प्रति इविलाग थिएन भनी भन्न मिल्ने देखिएन । उक्त वारदातमा प्रतिवादीले बेल्चा जस्तो जोखिमी हतियारसमेतको प्रयोग गरी विद्या पासवानलाई पटक पटक प्रहार गरी टोपीको तुनाले दुवैको घाँटी कसी मारेको भन्ने तथ्य पुष्टि हुन आएबाट सो वारदातलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशमा आएर गरेको कसुर भन्न मिल्ने नदेखिँदा आवेशप्रेरित हत्याको कसुर ठहराउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर कानूनसङ्गत मान्न नमिल्ने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई उच्च अदालतबाट सदर गरेकोमा सर्वस्व गरेको हदसम्मको उक्त फैसला कायम नरही प्रस्तुत मुद्दामा यी प्रतिवादी मोतिराम महरालाई जन्मकैदको मात्र सजाय कार्यान्वयन गर्नुपर्ने अवस्था देखिने।

पुनरावेदक प्रतिवादीले अधिकार प्राप्त अधिकारी तथा अदालतमा समेत कसुर स्वीकार गरी घटित वारदातको विवरण सिलसिलेवार रूपमा खुलाई दिएबाट न्यायिक प्रक्रियामा अदालतलाई सहयोग पुऱ्याएको देखिन आउँछ। आफूलाई जन्मदिने आमा परपुरूषसँग नाजायज सम्बन्ध राख्दै गरेको कुनै पनि सन्ततीले आफ्नो नाङ्गो आँखाले देख्नासाथ

असह्य हुनु स्वाभाविक नै हुन्छ । उक्त वारदात घट्दा निज प्रतिवादीको उमेर २२ वर्ष रहेको भन्ने देखिएबाट निज सुध्रिन सक्ने सम्भावना रहेको र उमेर अवस्थाका कारणले पनि यी प्रतिवादीमा अन्य वयस्क व्यक्तिको झैँ आफ्नो रिसलाई नियन्त्रणमा राख्न सक्ने क्षमताको अभावसमेत रहन सक्ने अवस्था देखिन्छ । प्रस्तुत वारदात घट्नुपूर्वको घटनाक्रम, निज प्रतिवादीको मृतकमध्ये रामकुमारीसँग आमा छोराको नाता सम्बन्ध रहेको, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष कसुर गरेकोमा साबिती बयान गरेकोसमेतका तथ्यगत प्रमाण एवं जन्म दिने आमाको हत्यापछि प्रतिवादीमा पश्चातापको भावना प्रतिविम्बित हुनु, अपराध गर्दाको अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा निज प्रतिवादी मोतिराम महरालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको पूरै सजाय गर्दा चर्को पर्न जाने देखिँदा निज प्रतिवादीलाई सो कसुरमा १२ वर्ष मात्र कैदको सजाय गर्दा पनि कानूनको उद्देश्य पूरा हुने नै देखिँदा अ.बं. १८८ नं. बमोजिम प्रतिवादी मोतिराम महरालाई १२ वर्ष कैद सजाय गर्न उचित हुने भनी सुरू जिल्ला अदालत र उच्च अदालतसमेतबाट व्यक्त भएको राय मनासिब नै देखिएकोले निज प्रतिवादीलाई १२(बाह्र) वर्ष कैद सजाय गर्ने भनी उच्च अदालतबाट व्यक्त गरेको राय सदर हुने ।

पुनरावेदक प्रतिवादी मोतिराम महरालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने ठहराएको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७४।११।२३ को फैसला सदर गरेको उच्च अदालत जनकपुरको मिति २०७५।१०।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहरे पनि माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार सर्वस्वको सजाय गरेको हदसम्म उक्त फैसला कायम नरही निज प्रतिवादीलाई जन्मकैदको सजाय मात्र हुने । साथै वारदातको प्रकृति एवं वारदातको जरिया एवं घटित घटनाको अवस्थासमेतलाई विचार गरी निज पुनरावेदक प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद गर्ने भनी व्यक्त गरेको रायसमेत सदर हुने ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ १२ गते रोज ६ शुभम् ।**

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७६-WH-०४१५, बन्दीप्रत्यक्षीकरण, सोनाम सिंह बल वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेत

निवेदन दाबी तथा विपक्षीहरूको लिखित जवाफ बेहोरासमेतबाट रिट निवेदक सोनाम सिंह बललाई विपक्षीमध्येका जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिई गएको प्रहरी टोलीले मिति २०७७।३।२४ गते पक्राउ गरी लगी हालसम्म प्रहरी हिरासतमा नै राखिएको भन्ने कुरामा कुनै विवाद देखिँदैन । विपक्षीहरूको लिखित जवाफ हेर्दा, गस्तीमा खटिएका प्रहरी टोलीले यी रिट निवेदकलाई शङ्कास्पद रूपले हिँडिरहेको देखेर सोधपुछ गर्दा प्रहरी टोलीसँग अश्लील शब्दहरू बोली सार्वजनिक स्थानमा अभद्र व्यवहार गरेको हुँदा निजलाई तत्कालै जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरी जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराई अभद्र व्यवहार गरेको कसुरमा मिति २०७७।३।२४ गतेबाट लागु हुने गरी पहिलो पटक ७ दिन, ऐ. ३१ गतेबाट लागु हुने गरी दोस्रो पटक ५ दिन प्रहरी हिरासतमा राख्न म्याद थप अनुमति प्रदान भई सो अवधिमा निजको बयान कागज गराइएको र अन्य

अनुसन्धान कार्य बाँकी रहेको भन्ने बेहोराको लिखित जवाफ पेस गरेको देखिन्छ । तर यी रिट निवेदकलाई थुनामा राख्ने सन्दर्भमा पक्राउ गरी हिरासतमा राख्नु पर्नेसम्मको उचित र पर्याप्त आधार कारण म्यादथपको सन्दर्भमा खुलाइएको देखिँदैन । निवेदकलाई थुनामा राख्न मिति २०७७।३।२४ मा पहिलो पटक ७ दिन म्यादथप गराइएकोमा मिति २०७७।३।३१ मा दोस्रो पटक म्याद थप गर्दाका अवस्थासम्म पनि निजको बयानबाहेक अन्य अनुसन्धान कार्य केही गराइएको भन्ने पनि देखिँदैन । यसरी हेर्दा, विपक्षीहरूले यी रिट निवेदकका विरूद्ध जसरी पनि कागजी रीत पुऱ्याउने पूर्वाग्रहबाट कार्य गरेको प्रतित हुनुका साथै स्वच्छ सुनुवाइको मान्यताप्रति समेत उदासिन रही यी निवेदकउपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने अवस्था र स्थिति देखिने ।

न्यायिक प्रक्रिया सञ्चालन गर्दा कानूनबमोजिमको उचित प्रक्रियाको अनुशरण गर्नु अनिवार्य हुन्छ । कुनै कसुरजन्य कार्य भएको छ भन्दैमा कानूनी प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखी कसैलाई बन्दी बनाउन मिल्दैन । विपक्षीहरूले यी रिट निवेदक सोनाम सिंह बल विरूद्ध कागजी रीत पुऱ्याउने पूर्वाग्रहबाट कार्य गरी प्रवृत्त धारणा राखी बन्दी बनाइएको अवस्था देखिने ।

रिट निवेदक सोनाम सिंह बललाई थुनामा राख्दा निजलाई पक्राउ गरी हिरासतमा राख्नु पर्ने उचित कारण र वस्तुनिष्ठ, पर्याप्त आधार म्याद थपको सन्दर्भमा खुलाइएको नदेखिनुका साथै निवेदकलाई थुनामा राख्न मिति २०७७।३।२४ मा पहिलो पटक म्याद थप गराइएकोमा मिति २०७७।३।३१ मा दोस्रो पटक म्यादथप गर्दाका अवस्थासम्म निजको बयान लिने कार्यबाहेक अनुसन्धानसम्बन्धी अन्य कुनै पनि कार्य गरेको देखिएन । यसप्रकार विपक्षीहरूले स्वच्छ सुनुवाइको मान्यताप्रति उदासिन रही यी निवेदकउपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको देखिएकोले यस किसिमको थुनालाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३(२), सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक सोनाम सिंह बललाई थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल श्रावण ६ गते रोज ३ शुभम् ।**

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७७-WH-०००७, बन्दीप्रत्यक्षीकरण, हरिबहादुर परियार वि. महानगरीय प्रहरी परिसर टेकुसमेत

रिट निवेदक हरिबहादुर परियारलाई विपक्षीमध्येका महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंबाट खटिई गएको प्रहरी टोलीले मिति २०७७।४।४ गते काठमाडौं बत्तीसपुतली स्थित सार्वजनिक स्थानबाट पक्राउ गरी लगी हालसम्म प्रहरी हिरासतमा नै राखिएको भन्ने कुरामा कुनै विवाद देखिँदैन । रिट निवेदक हरिबहादुर परियारले डिउटीमा खटिएका प्रहरी टोलीलाई गालीगलौज गरी सवारी आगमनमा समेत बाधा अवरोध पुऱ्याएको हुँदा निजलाई तत्कालै जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराई अभद्र व्यवहार गरेको कसुरमा मिति २०७७।४।४ गतेबाट लागु हुने गरी पहिलो पटक ५ दिन, ऐ. ९ गतेबाट लागु हुने गरी दोस्रो पटक ५

दिन र ऐ. १४ गतेबाट लागु हुने गरी तेस्रो पटक ५ दिनको म्याद थप अनुमति प्रदान भई सो अवधिमा निज प्रतिवादी हरिबहादुर परियारको बयान कागज गराउने, घटना विवरण कागज गर्ने, फोटोसहितको विवरण मिसिल संलग्न राख्ने, अनुसन्धान प्रतिवेदन तयार गरी मिसिल जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पठाउने लगायतको अनुसन्धान कार्य बाँकी रहेको भनी लिखित जवाफ बेहोरा पेस गरेको देखिन्छ। यी रिट निवेदकलाई थुनामा राख्ने सन्दर्भमा पक्राउ गरी हिरासतमा राख्नु पर्नेसम्मको उचित कारण र वस्तुनिष्ठ पर्याप्त आधार म्याद थपको सन्दर्भमा खुलाइएको देखिँदैन । निवेदकलाई थुनामा राख्न मिति २०७७।४।४ मा पहिलो पटक ५ दिन म्याद थप गराइएकोमा मिति २०७७।४।१४ मा तेस्रो पटक म्याद थप गर्दाका अवस्थासम्म पनि निजको बयानसम्म गराइएको देखिएन। यसरी हेर्दा, विपक्षीहरूले यी रिट निवेदकका विरूद्ध जसरी पनि कागजी रीत पुऱ्याउने पूर्वाग्रहबाट कार्य गरेको प्रतित हुनुका साथै स्वच्छ सुनुवाइको मान्यताप्रति समेत उदासीन रही यी निवेदकउपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने अवस्था र स्थिति देखिने।

विपक्षीहरूले यी रिट निवेदक हरिबहादुर परियार विरूद्ध कागजी रीत पुऱ्याउने पूर्वाग्रहबाट कार्य गरी प्रवृत्त धारणा राखी बन्दी बनाइएको अवस्था देखिने।

रिट निवेदक हरिबहादुर परियारलाई थुनामा राख्दा निजलाई पक्राउ गरी हिरासतमा राख्नु पर्ने उचित, वस्तुनिष्ठ एवं पर्याप्त आधार र कारण म्याद थपको सन्दर्भमा खुलाइएको नदेखिनुका साथै निवेदकलाई थुनामा राख्न मिति २०७७।४।४ मा पहिलो पटक म्याद थप गराइएकोमा मिति २०७७।४।१४ मा तेस्रो पटक म्याद थप गर्दाका अवस्थासम्म पनि निजको बयानसम्म पनि गराइएको देखिएन। यसप्रकार विपक्षहरूले स्वच्छ सुनुवाइको मान्यताप्रति उदासिन रही यी निवेदकउपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको देखिएकोले यस किसिमको थुनालाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३(२), सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक हरिबहादुर परियारलाई थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्ने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल श्रावण १८ गते रोज १ शुभम्।**

१३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६८-CR-११९२, कर्तव्य ज्यान, नेपाल सरकार वि. शम्सेर शाही

प्रतिवादीले मृतक सीता शाहीलाई जबरजस्ती विष खुवाएको भए मृतक सीता शाहीले विना कुनै प्रतिक्रिया सहर्ष विष सेवन गर्ने अवस्था नहुने र विष सेवन गर्नु अघि सङ्घर्षका क्रममा यत्रतत्र विषादी छरिएको, विष खुवाउने व्यक्तिलाई खाने व्यक्तिले चिथोरेको लगायतका प्रतिक्रियात्मक सङ्केतहरू हुनुपर्नेमा वादी पक्षले यस्ता कुनै पनि प्रमाणहरू पेस गर्न सकेको नदेखिने।

मृतककै छिमेकी सरिता शाहीले विष खुवाएको भए छिमेकमा हल्ला हुनुपर्नेमा सो नभएको र दुवै जना एउटै ट्रकमा चढी सँगै लम्कीतिर लागेका भनी बकपत्र गरेबाट यदि शम्सेर शाहीले सीता शाहीलाई जबरजस्ती विष खुवाएको भए जीवनमरणको दोसाँधमा रहेकी निजले छरछिमेकमा गुहार माग्नुपर्ने तथा विभिन्न

अस्पताल हुँदै उपचारार्थ कोहलपुरसम्म पुऱ्याउँदाको अवधिसम्ममा चिकित्सकलगायत कोही कसैलाई विष खुवाएको बारेमा भन्नुपर्नेमा निजले कहीँकतै यसरी पोल गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएन। यसबाट घटनास्थलमा बरामद भएको डिब्बा विषादीकै डिब्बा भएको र विष सेवनकै कारण मृतक सीता शाहीको मृत्यु भएको भए पनि निज आफैँले विष सेवन गरेको हुन सक्ने सम्भावना पनि उत्तिकै देखिन आयो। अर्कोतिर पुनरावेदकले भनेजस्तो प्रतिवादीले तत्कालै उपचारार्थ नलगेको भन्ने देखिएन भने लास जाँच गर्ने चिकित्सकबाट मृत्युको कारण स्पष्ट नगरेको र वादी पक्षले बकपत्र प्रयोजनार्थ निजलाई उपस्थित गराउन सकेको पनि देखिएन। अनुसन्धानका क्रममा बेहोरा लेखाउने व्यक्तिहरूले पनि प्रतिवादीले नै जबरजस्ती विष खुवाएको हो भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि गर्न सकेको पाइएन। यसरी वादी पक्षबाट शङ्कारहित तवरमा पुष्टि हुन नसकेको फौजदारी कसुरमा शङ्काको सुविधा प्रतिवादीले पाउने सिद्धान्तसमेतका आधारमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी शम्सेर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको कैलाली जिल्ला अदालतको मिति २०६७।५।२९ गतेको फैसला मिलेको नदेखिँदा बदर हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०६८।०९।२५ मा प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल जेठ १० गते रोज ६ शुभम्।**

१४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-०५५८, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. जीवन श्रेष्ठ*

मिति २०७२।३।१५ गते प्रतिवादीले आफूलाई जबरजस्ती करणी गर्ने प्रयास गरेको भनी मिति २०७२।४।१० मा अर्थात् वारदात घटित भएको २७ दिनपछि जाहेरी दिएको देखिन्छ। सो जाहेरीलाई मौकामा कागज गरी सुरू अदालतमा सो तथ्य समर्थन हुने गरी बकपत्रसमेत गरेको देखियो। तर जबरजस्ती करणी उद्योग जस्तो फौजदारी मुद्दामा मौकामा जाहेरी दिई प्रमाण संकलनमा सहयोग पुऱ्याउनुपर्ने अवस्थामा जाहेरवालीले ढिलो गरी जाहेरी दिनुको कारण कहीँकतै उल्लेख भएको देखिँदैन। पीडितको शरीरमा चिथोरिएको कोतरिएको, निलडाम घाउ इत्यादि नदेखिएको, निजको शारीरिक एवम् मानसिक अवस्था ठिक रहेको भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएको छ। जाहेरवालीको होटलमा खाना नखाएको कारण रिसइवीले यस्तो जाहेरी दिएकी हुन् भनी प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेका छन्। सो तथ्यलाई समर्थन हुने गरी प्रतिवादीका साक्षीले अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ। प्रतिवादीले कसुर गरेका नै हुन् भनेर उल्लेख गर्ने चस्मदित गवाह कोही रहे भएको देखिँदैन। प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गर्न प्रयास गरेको भन्ने पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिएको अवस्थामा अनुमानको भरमा प्रतिवादीलाई कसुरदार ठहर गर्नु न्यायोचित हुने देखिन नआउने।

सिद्धान्ततः अभियोजन पक्षले सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीउपरको आरोपित कसुर

स्थापित गर्न सक्नु पर्दछ । तर, अभियोजन पक्षले प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी उद्योग गरेको भन्ने तथ्य पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ ले वादी पक्षमा रहेको र वादी पक्षले उक्त अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन । यस स्थितिमा फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार प्रतिवादीले शङ्काको सुविधा पाउने हुँदा निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।३।७ मा भएको फैसला मनासिब देखिँदा निज प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७२।७।२२ मा भएको आदेशमा उल्लिखित आधारहरू तथा विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गर्न प्रयास गरेको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएको अवस्थामा अनुमानको भरमा प्रतिवादीले आरोपित कसुर गरेको भनी मान्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७२।८।२३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

**इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम् ।**

१५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-२४६३, जबरजस्ती करणी, नेपाल सरकार वि. भीमबहादुर थापा मगर

प्रतिवादीले विवाह गर्छु भनेर प्रलोभनमा पारेर जबरजस्ती करणी गरेको भन्नेतर्फ हेर्दा कुनै कुराको लोभ लालच वा डर त्रासमा पर्न पनि त्यसका पछाडि स्वाभाविक कारणहरू हुनुपर्छ । प्रस्तुत मुद्दामा यी जाहेरवाली १७ वर्षिया नारी हुन् भन्ने देखिन्छ । प्रतिवादीको उमेर ३२ वर्षको छ भने निज विवाहित रही श्रीमती र २ छोरासमेत एकासगोलमै रहेको अवस्था छ । प्रतिवादी विवाहित व्यक्ति हुन् भन्ने कुरा थाहा थियो भनी स्वयं जाहेरवालीले बकपत्रमा उल्लेख गरेको देखिन्छ । यसरी पहिले नै विवाहित, परिवारसहित रहेको, आफ्नो उमेरभन्दा करिब दोब्बर उमेरको व्यक्तिले विवाह गर्छु भनेकै आधारमा मात्र अर्की महिलामाथि सौता बन्ने गरी, लोभ लालचमा पारी यी जाहेरवालीलाई प्रतिवादीले जबरजस्ती करणी गरेको होला भनी विश्वास मान्नुपर्ने पर्याप्त आधार नदेखिने ।

यसरी तत्कालीन मुलुकी ऐनको जबरजस्ती करणी महलको ३(४) नं. को प्रावधानअनुसार यी जाहेरवाली र प्रतिवादीबिच सहमति भएको खण्डमा करणी लेनदेन हुन कानूनले बन्देज गरेको अवस्था देखिएन । प्रतिवादी र जाहेरवालीबिच यस अघिदेखि नै सहमतिमा पटक-पटक शारीरिक सम्पर्क हुने गरेको भन्ने प्रतिवादीको दाबी रहेकोमा No Physical injuries in any Part of the body, genital organs were normal, Hymen not intact भन्ने बेहोराको जाहेरवालीको स्वास्थ्य जाँच प्रतिवेदन रहेको पाइयो । यसबाट करणीबाहेकका अन्य कारणबाटै पनि जाहेरवालीको Hymen not intact को अवस्था देखिन सक्ने अवस्था विद्यमान रह्यो । Genital organs were normal भन्ने उल्लेख भएबाट दाबी गरिएको मितिमा जाहेरवाली र प्रतिवादीबिच शारीरिक सम्पर्क नै नभएको वा जाहेरवालीले पहिलेदेखि नै

शारीरिक सम्पर्क राख्ने गरेका कारण वारदात भएको भनिएको मितिमा शारीरिक सम्पर्क राखे पनि त्यसका ताजा सङ्केतहरू नदेखिएको हुन सक्ने सम्भावना उत्तिकै रह्यो । Genital organs were normal भन्ने देखिइरहेको अवस्थामा करणीबाहेकका अन्य कार्यबाट पनि Hymen not intact को सम्भावना उत्तिकै रहन सक्ने हुँदा अन्य स्वतन्त्र प्रमाणले पुष्ट गर्न नसकेको अवस्थामा प्रतिवादीले जबरजस्ती करणी गरेकै कारणले मात्र Hymen not intact को अवस्था देखियो भन्न सक्ने अवस्था नरहने ।

अत: जाहेरवाली स्वयंको बकपत्र, मौकामा बुझिएका मानिसहरूको भनाइ, स्वास्थ्य जाँच प्रतिवेदन, प्रतिवादीको बयानलगायतका तथ्य एवं प्रमाणसमेतका आधारमा प्रतिवादी भीमबहादुर थापा मगरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइपाउने ठहर्‍याई सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७५।३।११ मा भएको फैसला बदर गरी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई उच्च अदालत पोखराबाट मिति २०७५।१२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम् ।**

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-२६६०, जबरजस्ती करणी, नेपाल सरकार वि. भरतकुमार साह

वारदात भएको भनिएको भोलिपल्ट स्थानीय अपरिचित व्यक्तिले दिएको सूचनाका आधारमा यी बालिका खेलिरहेको स्थानमा गएर प्रहरी जवान सुष्मा गुरूङले बालिकालाई सोधेपछि शङ्का लागेका आधारमा अनुसन्धान अगाडि बढेको देखिन्छ । आफ्नो योनीमा प्रतिवादीले उसको उत्तेजित लिङ्ग प्रवेश गराउँदा दुखेर रोएँ भनी मौकामा भनेकी पीडितले अदालतमा आई बकपत्र गर्दा यी सम्पूर्ण कुरा आफूले नभनेकी, जबरजस्ती करणी नभएको, प्रतिवादी निजकै घरमा सुतेको, खेलकुदका क्रममा कन्याजाली च्यातिएको होला भनी बकपत्र गरेको देखिन्छ । मलाई डाक्टरले चेक जाँच गरेको छैन भनी स्वास्थ्य जाँच नगरिएको भन्ने दाबी पनि निजको छ । स्वास्थ्य जाँच प्रतिवेदनमा निज ८ वर्षिया भनी अनुसन्धान भएकोमा पछि आएर १२ वर्षकी भन्ने जन्म दर्ता प्रमाणपत्र प्राप्त भएको भन्ने कुरा मिसिलमा उल्लेख छ । जन्मदर्ता प्रमाणपत्रबाट पनि पीडित नाबालिका नै भन्ने देखिएकोमा निजमाथि यी ३० वर्षिया प्रतिवादीले जबरजस्ती करणी गरेको भए पीडितमा जबरजस्ती करणीका प्रशस्त सङ्केतहरू देखिनुपर्नेमा पीडितको स्वास्थ्य जाँच प्रतिवेदनमा Labia Minora normal, Labia majora normal, Clitoris normal, Genital organs no swelling, no injuries भन्ने कुरा उल्लेख भएको देखिन्छ भने Hymen not intact and vagina discharge present भन्ने पनि उल्लेख छ । यद्यपि के कस्तो discharge हो भन्ने कुरा खुलाइएको छैन । जबरजस्ती करणीबाहेकका अन्य क्रियाकलापबाट पनि Hymen not intact को अवस्था रहन सक्ने र Vagina discharge present ले मात्र पीडितमाथि जबरजस्ती करणी भएको हो भन्ने कुरा पुष्टि हुन नसक्ने ।

यसरी जबरजस्ती करणीको वारदात भएको

भनिएको मिति र समयमा पीडितसँगै एउटै कोठामा सँगै सुतेका अन्य तीन तीन जना व्यक्तिहरूले पीडित रोएको वा अन्य कुनै किसिमका हो-हल्ला नसुन्नु, वारदात भएको भनिएको भोलिपल्टै पीडित भनिएकी बालिका बिना मानसिक तनाव खेलेर बस्नु, स्वास्थ्य जाँच प्रतिवेदनमा Mentally sound and normal, genital organs are normal भन्ने कुरा उल्लेख हुनु, स्वयं पीडित भनिएकी बालिकाले आफूमाथि जबरजस्ती करणी नभएको भनी बकपत्र गर्नुलगायतका मिसिल संलग्न कागजातबाट यी पीडित भनिएकी सङ्केत नाम ३२ गरूडा (त) माथि यी प्रतिवादीले जबरजस्ती करणी गरेकै हुन् भन्ने कुरा पुष्टि हुन नसकेको र वारदात भएकै हो भन्ने पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पनि वादी पक्षले पेस गर्न नसकेको अवस्थामा शङ्काको सुविधा पनि प्रतिवादीले पाउने नै हुँदा प्रस्तुत मुद्दामा प्रतिवादी भरत साह कानुलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने भनी पुनरावेदक वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: पीडित स्वयंको बकपत्र, मौकामा बुझिएका मानिसहरूको भनाइ, स्वास्थ्य जाँच प्रतिवेदन, प्रतिवादीको बयानलगायतका तथ्य एवं प्रमाणसमेतका आधारमा प्रतिवादी भरत साह कानूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(२) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइपाउने ठहऱ्याई सुरू रौतहट जिल्ला अदालतबाट मिति २०७५।१।२४ मा भएको फैसला बदर गरी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।१।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम्।**

## इजलास नं.२

### १७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-CR-१४४५, कर्तव्य ज्यान, नेपाल सरकार वि. मुहम्मद हसन मियाँ

प्रतिवादी र मृतक बाबु छोरा नाताको भएको, ज्यान मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरहेको, बाबुले बलिरहेको चिरपटले हिर्काएको कारण उसै बखत रिस उठी सो रिस थाम्न नसकी बाबुको हातबाट सोही चिरपट खोसी मृतकलाई हानेको र सोही चोटका कारण मृतक अमिन मियाँको मृत्यु हुन गएको देखिएको तथा जाहेरवालालगायत बकपत्र गर्ने अन्य व्यक्तिको बकपत्रबाट समेत यी प्रतिवादीले मृतक अमिन मियाँलाई मार्नुपर्ने पूर्वरिसइवी रहेको नदेखिएको, बाबु छोराबिच ज्यानै मार्नुपर्ने गरी कुनै झै-झगडासमेत नभएको र प्रतिवादीको ज्यान लिने मनसायसमेत नभएको अवस्था देखिएबाट अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर नभई प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमकै देखिन आएको।

यसरी उच्च अदालत तुलसीपुरले प्रतिवादी मुहमद हसन मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको कसुर ठहर गरी प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने ठहराएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अत: प्रतिवादी मुहम्मद हसन मियाँले तत्काल आवेशमा आई प्रहार गरेको चिरपटको चोटका कारण मृतक अमिन मियाँको मृत्यु भएको देखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०७४।१०।१७ मा भएको फैसला सदर गरी प्रतिवादी मुहमद हसन मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको कसुर ठहर गरी १० वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७५।५।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

**इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम् ।**

१८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७१-CR-०७८०, ०८१७, ०७१-RC-००७०, कर्तव्य ज्यान, नेपाल सरकार वि. जयकुमार यादव, अजयकुमार महरा भन्ने अजयकुमार महरा चमार वि. नेपाल सरकार, नेपाल सरकार वि. मोक्तार दर्जी

प्रतिवादी अजयकुमार महरासमेतले मृतक जितनारायण मण्डललाई ज्यान मार्ने मतसल्लाहमा पसी मृतकलाई भाग्न, उम्कन नपाउने गरी घेरा हाली मार्ने संयोग पारिदिएकोसम्म देखिँदा निजको यो कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसारको देखिएको र घटना हुँदा निजको उमेर १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा तल रहेभएको देखिँदा तत्कालीन बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम तोकिएको ५ वर्ष कैद सजायको आधा अर्थात् २।६।० (दुई वर्ष छ महिना) कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७०।९।२४ को फैसला मिलकै देखिँदा यी प्रतिवादी अजयकुमार महरालाई समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

यी प्रतिवादीसमेतले मृतकको शरीरमा पक्री मार्न संयोग पारिदिएको भए सामान्यत: गोली शरीरको अगाडिपट्टि प्रहार हुनुपर्नेमा मृतकको शरीरको पछाडि गोली लागेको शव परीक्षण प्रतिवेदन र लास जाँच मुचुल्काबाट देखिन्छ । यी प्रतिवादीहरूसमेतले मृतकको हात, खुट्टा र शरीरमा समाती मार्न संयोग पारेको अवस्था भए मर्ने मानिसले बच्नको लागि भर मगदुर प्रयास गर्ने हुँदा सो प्रयास स्वरूप निजको हातखुट्टा वा शरीरमा चोट, निलडाम देखिनुपर्नेमा गोलीको चोटबाहेक अन्य निलडाम, चोट मृतकको शरीरमा रहेभएको कुरा शव परीक्षण प्रतिवेदन र लास जाँच प्रकृति मुचुल्कासमेतबाट देखिँदैन । मृतक भाग्दै गर्दा पछाडिबाट लखेटी गोली प्रहार गर्दा मृतकको शरीरको पछाडि ढाडमा गोली लागेको कुरा मृतकको शरीरमा रहेको गोलीको चोटबाट देखिरहेको अवस्था छ । मिसिल संलग्न कागज प्रमाणहरूबाट मृतकको जिउमा यी प्रतिवादी जितेन्द्र महरा चमार र जयकुमार यादवसमेतले समाती मार्न संयोग पारिदिएको भन्ने अभियोग दाबी पुष्टि हुन नसकेको र यी प्रतिवादीहरूसमेतले मृतकलाई भाग्न उम्कन नपाउने गरी घेरा हाल्ने काम गरी मृतक जित नारायण मण्डललाई मार्न संयोग पारेकोसम्म देखिँदा यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय

गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

प्रतिवादी मोक्तार दर्जीले मृतक जितनारायण मण्डललाई गोली हानी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुर गरेको देखिए तापनि घटना हुँदा निजको उमेर १६ वर्षभन्दा माथि र १८ वर्षभन्दा कम देखिएकोले निजलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७०।९।२४ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी मोक्तार दर्जीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम ज्यानसम्बन्धी महलको १३(१) ले तोकेको जन्मकैदबापत हुने २०(बीस) वर्ष कैदको दुई तिहाई अर्थात् १३(तेह्र) वर्ष ४(चार) महिना कैद सजाय हुने ठहर्छ। प्रतिवादीहरू जितेन्द्र महरा चमार, जयकुमार यादव र अजयकुमार महराले मृतक जितनारायण मण्डललाई मार्ने कुराको मतसल्लाहमा परी वारदातमा सरिक रही मार्नका निमित्त मृतक जितनारायण मण्डललाई घेरा हाली भाग्न, उम्कन नपाउने गरी मार्न संयोग पारेकोसम्म देखिँदा प्रतिवादीहरू जितेन्द्र महरा चमार र जयकुमार यादवसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद सजाय हुने र प्रतिवादी अजयकुमार महराको उमेर घटना हुँदा १४ वर्षभन्दा माथि र १६ वर्ष भन्दा कम देखिँदा निजलाई तत्कालीन बालबालिका ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. ले हुने ५ वर्ष कैद सजायको आधा २।६।० (दुई वर्ष छ महिना) कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको र प्रतिवादी अजयकुमार महराको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: समी नेपाली

**इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम्।**

**१९**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७२-CR-२०२८, जालसाजी, अली हलवाई वि. सहवानअली हलवाईसमेत

काम भए गरेको यो यति समयभित्र थाहा पाउनुपर्ने भनी यान्त्रिक रूपमा भन्न नसकिएपनि काम भए गरेको वादीले थाहा पाउन सक्ने परिस्थिति वातावरण थियो थिएन, काम गर्ने कर्ताहरू को को छन् भन्ने कुरामा समेत निर्भर गर्दछ। एकै ठाउँमा बस्ने उमेर पुगेका एकै परिवारका सदस्यहरूले परिवारमा भएको अंश व्यवहारका सम्बन्धमा यति लामो समयसम्म थाहा पाइन भन्नु मात्र पर्याप्त हुँदैन। थाहा नपाउनुपर्ने युक्तियुक्त कारण पनि पेस गर्नु पर्दछ। अन्यथा अदालतले समयमा नै थाहा पाएको अनुमान गर्दछ। प्रस्तुत मुद्दामा वादी प्रतिवादीहरू एकै परिवारका सदस्य भएको र सगोलका बाबु र दाजुबिच अंश दिने लिने गरी पारित भएको अंश भरपाई लिखत सम्बन्धमा वादीले करिब ७ वर्षसम्म थाहा नपाउनुपर्ने युक्तियुक्त कारण मिसिलबाट देखिएन। यसरी तथ्ययुक्त कारण बिना एकै परिवारका व्यक्तिहरूका बिचमा एकआपसमा भएको अंश बुझी लिनेदिने गरी गरेको व्यवहारका सम्बन्धमा करिब ७ वर्षपछि मात्र थाहा भयो भन्ने भनाई उपयुक्त र विश्वसनीय देखिन नआउने।

लगाउको अंश मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लेख भएको बन्डा लाग्ने सम्पत्तिको

मूल्यको विवरणबाट वादीको भागमा पर्न आउने सम्पत्तिको मूल्य र प्रतिवादीले भरपाई गरी लिएको जग्गाको मूल्यमा खासै अन्तर देखिँदैन । साथै मूल्याङ्कनको दृष्टिले प्रतिवादीले अंश भरपाई गरी लिएको दिएको जग्गाको मूल्य बराबरको सम्पत्ति वादीको भागमा पर्न जाने भाग लगाउँदा अरू सरह बराबर मूल्य पर्ने नै भन्ने देखिँदा सबै अंशियारहरूका बिचमा बराबर बन्डा नलगाई अंश भरपाईको लिखत पारित गरिदिएको भन्ने आधारसँग यस इजलास सहमत हुन नसक्ने ।

कुनैपनि कार्य जालसाजीपूर्ण हुनको लागि नगरे नभएको झुट्ठा कुरा भए गरेको हो भनी कागजका माध्यमबाट कुनै काम सम्पन्न गरेको वा अर्काको हक मेट्ने, हदम्याद, तारेख जाने वा अरू किसिमको नोक्सानी पार्ने मनसायले कुनै काम सम्पन्न गरेको वा कसैलाई झुक्यानमा पारी आफूलाई फाइदा हुने किसिमले कार्य गरेको हुनुपर्ने । साथै त्यस्तो कार्य दुषित मनसायबाट गरिएको हुनु पनि अनिवार्य हुने । प्रस्तुत मुद्दामा प्रतिवादी सहवान अली हलवाईले वादीको अंश हकमा नोक्सान पुऱ्याउने दूषित मनसायले अंश बुझी अंश भरपाई लिखत पारित गरी लिनु गरेको नभई वादीसमेत अन्य अंशियारको अंश सगोलमा नै राखी आफ्नो अंश हक जस्तो नैसर्गिक हकबापत आफ्नो नाममा दर्ता रहेको जग्गा अंशबापत बुझी लिनुदिनु गरेको कार्यलाई जालसाजी पूर्ण कार्य मान्न मिल्ने नदेखिँदा पुनरावेदन अदालत नेपालगन्जबाट वादी नपुग्ने गरी भएको फैसला मनासिब नै देखिने ।

अतः वादीले मिति २०६२।०२।२४ को अंश भरपाईको लिखत जालसाजी घोषित गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०७१।०२।०७ को फैसला सदर गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।०५।१३ भएको फैसला सदर हुने ।

इजलास अधिकृत : शारदा फुयल

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७७ साल फागुन १८ गते रोज ३ शुभम् ।**

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसारको फैसला भएको छ ।

- *०७२-CR-२०२६, जालसाजी, शेरअली हलवाई वि. सहवान अली हलवाईसमेत*
- *०७२-CR-२०२७, जालसाजी, शेरअली हलवाई वि. सहवान अली हलवाईसमेत*
- *०७३-CI-०७०६, लिखित बदर, शेरअली हलवाई वि. सहवान अली हलवाईसमेत*
- *०७३-CI-०७०८, अंश, शेरअली हलवाई वि. रमजान हलवाईसमेत*
- *०७३-CI-०७०७, लिखित बदर, शेरअली हलवाई वि. सहवान अली हलवाईसमेत*
- *०७२-CR-२०३६, जालसाजी, साहिदअली हलवाई वि. रमजान हलवाईसमेत*
- *०७२-CI-१९२८, अंश, साहिदअली हलवाई वि. रमजान अलि हलवाईसमेत*
- *०७२-CI-१९२९, लिखित बदर, साहिदअलि हलवाई वि. सहवान अली हलवाईसमेत*
- *०७२-CI-१९३०, लिखित बदर, साहिदअलि हलवाई वि. सहवान अली हलवाईसमेत*

२०

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CR-०६०६, ०७६-CR-०६०६, ०७६-CR-१०३१, ०७६-CR-११७६,

सामूहिक जबरजस्ती करणी, नेपाल सरकार वि. विक्रम लिम्बू, टंक सार्की वि. नेपाल सरकार, विशाल गिरी वि. नेपाल सरकार, सुरेश ढकाल वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी सुरेश ढकालको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा प्रतिवादी सुरेश ढकालले अदालतसमक्ष बयान गर्दा प्रतिवादी अनिल दमाईले रू.२००।- दिई सहमतिमा करणी गर्न भनी धर्मभक्त उ.मा.वि. मा लिई गएका रहेछन् । म सुरेश, टंक सार्की, एलन लिम्बू, अर्जुन, कुशल दुलाल भई पालैपालो करणी गरी मैले र टंक सार्कीले रू.२००/२०० दिएको हो भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । मौकामा बयान गर्दा लिम्बू जातिको फिल्म हेरी फर्कदा पीडित "ग-१५" लाई देखी करणी गर्ने मनसायले म टंक सार्की, अनिल दमाईले योजना बनाई पीडित "ग-१५" लाई भेट्न बिमला राईलाई लिई आउन भनेको र बिमलाले धर्मभक्त उ.मा.वि. को चौरमा ल्याउनासाथ योजनाअनुसार पीडित "ग-१५" लाई स्कुलभित्र लगी बोलिस् भने मार्ने धम्कीसमेत दिई पहिला मैले जबरजस्ती करणी गरेँ । त्यसपछि टंक सार्की, अनिल दमाई, एलन लिम्बू, बले भन्ने बलबहादुर लिम्बू, कुशल दुलाल, अर्जुन नेपाल, कृष्ण थेवे, बिमस लिम्बूसमेतले करणी गर्दा पीडित बेहोस भएकोले पीडितको घरअगाडि बाटोमा छाडी घर गएका हौँ भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । पीडित "ग-१५" ले अदालतमा उपस्थित भई बकपत्र गर्दा मलाई जबरजस्ती करणी गर्ने सुरेश ढकाल, एलन लिम्बू, बले लिम्बू र विशाल गिरीलाई चिन्दछु भनी स्पष्ट रूपमा लेखाएको देखिन्छ । प्रतिवादी सुरेश ढकालको मौका र अदालतको बयानसमेतबाट निजले करणी गरेको कुरा पुष्टि भएको र पीडितको बकपत्रमा समेत सुरेशले पीडितको हात समाई तानी शौचालयसम्म पुऱ्याई सर्वप्रथम निजले नै करणी गरेको भनी उल्लेख गरेको हुनाले प्रतिवादी सुरेश ढकालले पीडितलाई जबरजस्ती करणी गरेको देखिन आयो । सहमतिमा करणी भएको हो भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादी विशाल गिरीले मौकामा तथा अदालतमा कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरेको भए पनि निजले अदालतमा बयान गर्दा मिति २०७१।२।४ गते राति १० बजे फिल्म हेरी फर्कदा स्कुलको गेटमा बिमला राईलाई भेटी घर पुऱ्याइदिई घर गई सुतेको हो । मैले पीडित "ग-१५" लाई जबरजस्ती करणी गरेको होइन भन्ने बेहोरा लेखाइदिएको र मौकामा बयान गर्दा सुरेश ढकाल, टंक सार्की, अनिल दमाईसमेतले आज पीडित "ग-१५" लाई करणी गर्नुपर्छ भन्ने योजना बनाइरहेको भनेको सुनेको हुँ । योजनामा बिमला राईले पीडित "ग-१५" लाई बोलाई ल्याउने, ल्याइसकेपछि मैले बिमलालाई घर पुऱ्याउनुपर्ने भएकोले म तथा बिमला राईले पीडित "ग-१५" र निजको भाइलाई अनिल दमाई, टंक सार्की, सुरेश ढकालसमेतका ८/१० जना केटाको जिम्मा लगाई गएका हौं । भोलिपल्ट सामूहिक जबरजस्ती करणी भएको र पीडितलाई बच्चा नबस्ने औषधी खुवाइदिएको भन्नेसम्म सुनेको हुँ भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । पीडितले बकपत्रमा मलाई जबरजस्ती करणी गर्ने विशाल गिरीलाई चिन्दछु भन्ने बेहोरा लेखाएकोसमेत देखिँदा पीडितको कुरालाई अन्यथा भन्न सकिने अवस्था नदेखिनुका साथै घटना विवरण कागज गर्ने पारूहाङ राई, दुर्गा राई (लिम्बू), मौकामा कागज गर्ने कल्पना लामिछानेलगायतले अदालतमा आई गरिदिएको बकपत्रसमेतबाट निज विशाल गिरीले प्रतिवादी बिमला राईलाई घर पुऱ्याई पुनः सो वारदात स्थलमा आई पीडितलाई करणी गरेको देखिन्छ । यसबाट विशाल गिरीसमेत भई

उक्त वारदातको योजना बनाएको र निजसमेत उक्त वारदातमा संलग्नता रहेको पुष्टि भइरहेको अवस्थामा जबरजस्ती करणी गरेको होइन भन्ने पुनरावेदक विशाल गिरीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अर्का पुनरावेदक प्रतिवादी टंक सार्कीले अदालतमा बयान गर्दा मसमेतले पीडित "ग-१५" लाई करणी गर्न देउ भन्दा हुन्छ भनेकीले सहमतिमा करणी गरी रू.१००।- दिई त्यहाँबाट हिँडेको हो भन्नेसमेत बेहोरा लेखाइदिएको र सहप्रतिवादी सुरेश ढकालको बयानबाट समेत निज टंक सार्कीसमेतले करणी गरेको भन्ने देखिएको छ। जँहासम्म सहमतिमा करणी गरेको हो भन्ने प्रतिवादी टंक सार्कीको जिकिर छ। सो सम्बन्धमा विचार गर्दा फिल्म हेरी घर फर्कने क्रममा अनिल दमाई र बिमला राईको सल्लाहबमोजिम झुक्याई पीडित "ग-१५" लाई धर्मभक्त उ.मा.वि. सम्म ल्याई सुरेश ढकालसमेतले पीडितको हात समाई घिसारी जबरजस्ती स्कुलभित्र लगी करणी गरेको भन्ने तथ्य स्थापित भइरहेको, प्रतिवादीहरूले पालैपालो जबरजस्ती करणी गरी बेहोस बनाएको भन्ने पीडितको मौकाको भनाइ र सो समर्थित निजको बकपत्रसमेतबाट प्रतिवादी टंक सार्कीले जबरजस्ती करणी गरेको देखिन आएको हुँदा सहमतिमा करणी भएको हो जबरजस्ती करणी होइन भन्ने पुनरावेदक प्रतिवादी टंक सार्कीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

प्रतिवादीहरूले एकअर्कालाई पोल गरी करणी गरेको कुरामा स्वीकार रही बयान गरेको, पीडितले अनुसन्धानको क्रममा र अदालतमा समेत आफूलाई प्रतिवादीहरूले सामूहिक जबरजस्ती करणी गरेको भनी प्रस्ट रूपमा लेखाइदिएको र निज पीडितको भनाइलाई अन्य स्वतन्त्र प्रमाणहरूले समेत पुष्टि गरेको अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूको जबरजस्ती करणी गरेको होइन भन्ने पुनरावेदन जिकिरलाई मात्र आधार मानी निज प्रतिवादीहरू निर्दोष रहेको भन्न नमिल्ने।

परिवर्तित नाम पीडित "ग-१५" लाई प्रतिवादीहरू शुरेश ढकाल, विशाल गिरी र टंक सार्कीसमेतले अभियोग दाबीबमोजिम सामूहिक जबरजस्ती करणी गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिँदा उच्च अदालत विराटनगर, इलाम इजलासबाट यी प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. बमोजिम जबरजस्ती करणीको अपराध ठहऱ्याई ऐ. ऐनको ३(४) नं. बमोजिम र ३(क) नं. बमोजिम जम्मा ११ वर्ष कैदको सजाय हुने ठहऱ्याई गरेको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अब, पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रत्यर्थी / प्रतिवादी विक्रम लिम्बूले अदालतमा गरेको बयानमा म र पवन भट्टराई फिल्म हेरी घर फर्कदै गर्दा स्कुलभित्र धेरै मानिसको हुल देखी हेर्न गयौँ। एउटा केटीलाई ट्वाइलेटभित्र रेप गर्दैछन् भन्ने सुन्यौँ। यस्तो सुन्नासाथ घर फर्की आएका हौं भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ। घटना विवरण कागज गर्ने राजेश भुसालले वारदातको समयमा सुरेश ढकालले फोन गर्दा कुशल र विक्रम भन्नेको आवाज आइरहेको थियो भनी कागज गरेको देखिए तापनि विक्रम लिम्बूले जबरजस्ती करणी गरेको हो भनी किटानीसाथ उल्लेख गरेको देखिँदैन। पीडित "ग-१५", पीडितको भाइ पारूहाङ राई तथा दिदी कल्पना लामिछाने राईसमेतको बकपत्रमा प्रतिवादी विक्रम लिम्बूको उक्त वारदातमा संलग्नता भएको र पीडित "ग-१५" लाई निजले समेत करणी गरेको भनी उल्लेख गरेको नदेखिँदा वारदातस्थलको ट्वाइलेटबाहिर साइडमा रहेकै आधारमा मात्र प्रतिवादी

विक्रम लिम्बूले जबरजस्ती करणीको कसुर गरेको पुष्टि नहुने।

पुनरावेदक प्रतिवादीहरू शुरेश ढकाल, विशाल गिरी र टंक सार्कीसमेत पीडित "ग-१५" लाई जबरजस्ती करणी गर्ने कार्यमा संलग्न थिए भन्ने कुरा पुष्टि भइरहेको अवस्थामा सुरू झापा जिल्ला अदालतबाट मिति २०७३।११।२३ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू शुरेश ढकाल, विशाल गिरी, टंक सार्की, शुक्र लोकेन्द्र भन्ने रोकेन्द्र सुब्बा र कृष्ण थेवेलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम जनही ६ वर्ष कैद र सोही महलको ३(क) नं. बमोजिम थप ५ वर्ष कैद गरी जम्मा ११ वर्ष कैद हुने र प्रतिवादीहरू सुरेश ढकाल, विशाल गिरी, टंक सार्की, शुक्र लोकेन्द्र भन्ने रोकेन्द्र सुब्बा र कृष्ण थेवेबाट जनही १/१ लाख रूपैयाँ पीडितले क्षतिपूर्ति पाउने साथै प्रतिवादी विक्रम लिम्बूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।११।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकार तथा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल पौष १९ गते रोज १ शुभम् ।**

## इजलास नं.३

### २१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CR-०७३२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. सर्मिला के.सी.

प्रस्तुत मुद्दामा प्रथमतः जाहेरवाला र प्रतिवादीको हैसियत हेर्दा यी प्रतिवादीले यी जाहेरवालालाई झुठा आश्वासन दिई ललाई फकाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी प्रलोभनमा पारी रकम असुल गर्न सक्ने अवस्था देखिँदैन । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ ले झुठा अश्वासन दिई प्रलोभनमा पारेको अवस्थामा मात्र सो दफाबमोजिमको कसुर हुने कानूनी व्यवस्था गरेको छ। त्यसैले यो मुद्दामा मनसाय प्रमाणित भएको देखिँदैन। दोस्रोमा यी प्रतिवादीले योभन्दा पूर्व कसैलाई वैदेशिक रोजगारमा पठाएको वा पठाउँछ भनी कसैबाट रकम लिएको भन्ने तथ्य प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न सकेको छैन। यसले पनि प्रतिवादीले कसैलाई वैदेशिक रोजगारमा लान्छु भनी झुठा आश्वासन प्रलोभन दिएकै भए पनि निजले विदेश पठाउँछ भनी विश्वास गरी पाँच लाख रूपैयाँ जस्तो ठुलो धनरासी दिने कुरा आफैँमा विश्वासप्रद छैन। तेस्रोमा यी जाहेरवाला र यी प्रतिवादीले पुतली सडक नजिकको इन्द्रशम्शेर ज.ब.रा. को घरमा तलमाथि व्यापार व्यवसाय गरी बसेको भन्ने देखिन्छ । जाहेरवालाले सिधै घरधनीसँग १० वर्षको लागि र यी प्रतिवादीले घरधनीसँग सम्झौता गरी भाडामा लिएको व्यक्ति रामचन्द्रसँग निजले चलाई रहेको जक्सन क्याफे सञ्चालन गर्ने गरी करार गरी लिएको देखिन्छ। यसबाट पनि प्रतिवादीको जिकिरलाई अन्यथा भन्न सकिने अवस्था देखिँदैन । चौथोमा वैदेशिक रोजगारमा जान नभई नहुने वस्तु पासपोर्ट जाहेरीसाथ पेस भएको छैन र जाहेरवालाले जुन पासपोर्ट नं.आफ्नो भनेको थियो त्यो नं.को पासपोर्ट इस्यु नै भएको देखिँदैन। त्यसपछि बिचमा जो जससँग सम्बन्धित छ भनी पत्र पेस गरी अर्को पासपोर्ट नं. उल्लेख गरेको छ। सो पत्रमा उल्लिखित जाहेरवाला र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको रेकर्डमा रहेको जाहेरवालाको

ठेगाना फरक छ। जिल्ला प्रशासन कार्यालयको रेकर्डमा बाबु बाजेको नाम पनि उल्लेख छैन। पाँचौ जाहेरवालाले प्रतिवादीलाई रू.२,२५,०००।- चेक दिएको तथ्यलाई जाहेरवालाले पनि स्वीकार गरेको छ । तर सो चेक साट्ने चेष्टा जाहेरवालाले गरेको भन्ने देखिँदैन । यसबाट पनि त्यो चेक र लिखत रेष्टुरेन्ट भाडामा लिने सुरक्षणबापत गरी दिएको भन्ने प्रतिवादीको भनाइ जिकिर पुष्टि भएको अवस्था छ । यसरी जाहेरवाला आफूले लिएको पासपोर्टकै सम्बन्धमा पनि स्पष्ट छैन । यिनै परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कन गर्दा लिखतमा वैदेशिक रोजगार प्रयोजनको लागि रकम लिएको भनिए पनि सो बेहोरा विश्वसनीय देखिँदैन र शङ्कास्पद प्रमाणको आधारमा प्रतिवादीलाई सजाय गर्नु न्यायसङ्गत हुने नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।९।२२ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

तसर्थ, अभियोग मागदाबीबमोजिम प्रतिवादी सर्मिला के.सी.ले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।९।२२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम्।**

**२२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CR-०८११, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शारदा चित्रकार

वैदेशिक रोजगारको लागि विदेशबाट कामदार माग गर्दा शारीरिकरूपमा श्रम गर्न सक्षम हुने उमेर समूहको माग हुने हुँदा यी प्रतिवादीको उमेर अवस्थालाई विचार गर्दा विदेश गई कामदारको रूपमा काम गर्न सक्ने उमेर रहे भएको छ भनी भन्न सकिने अवस्था देखिँदैन । यसरी जाहेरवालाको श्रम गर्न सक्ने उमेरको अवस्था र प्रतिवादीको अनुसन्धानको क्रममा र न्यायाधिकरणमा भएको ढुकुटीसम्बन्धी कारोबारको रकमलाई झुक्याई वैदेशिक रोजगारको कागज बनाइएको भन्ने इन्कारी बयानसमेतबाट २०७१।५।२५ को लिखत जाहेरवालालाई विदेश पठाउनका लागि नै तयार भएको र प्रतिवादीलाई जाहेरीमा उल्लेख भएको रकम वैदेशिक रोजगारका लागि इजरायल जान रकम बुझाएको भन्ने जाहेरवालाको भनाई विश्वसनीय मान्न नसकिने।

जाहेरवाला र प्रतिवादीबिच भएको मिति २०७१।५।२५ को कागज प्रतिवादीले जाहेरवालालाई इजरायल पठाउने प्रयोजनको लागि भएको कागज हो भन्ने तथ्य परिस्थितिजन्य प्रमाणबाट पुष्टि भएको नदेखिएको अवस्थामा लिखतमा वैदेशिक रोजगार भन्ने शब्द उल्लेख भएकै आधारमा प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गर्नु न्यायोचित हुने देखिँदैन । परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कन गर्दा लिखतमा वैदेशिक रोजगार प्रयोजनको लागि रकम लिएको भनिए पनि सो बेहोरा विश्वसनीय देखिँदैन र शङ्कास्पद प्रमाणको आधारमा प्रतिवादीलाई सजाय गर्नु न्यायसङ्गत नहुने।

तसर्थ, अभियोग मागदाबीबमोजिम प्रतिवादी शारदा चित्रकारले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।१२।१२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: रवि दुवाल

**इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम्।**

२३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CR-०८१२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शारदा चित्रकार

प्रतिवादीले अनुसन्धानको क्रममा र न्यायाधिकरणमा आफूलाई झुक्याई वैदेशिक रोजगारको कागजमा सहीछाप गर्न लगाएका हुन् भनी गरेको इन्कारी बयानसमेतबाट मिति २०७२।०४।०६ को लिखत जाहेरवालालाई विदेश पठाउनका लागि नै तयार भएको र प्रतिवादीलाई जाहेरीमा उल्लेख भएको रकम वैदेशिक रोजगारका लागि जापान जान रकम बुझाएको भन्ने जाहेरवालाको भनाइ विश्वसनीय मान्न सकिएन । जाहेरवाला र प्रतिवादीबिच भएको मिति २०७२।०४।०६ को कागज प्रतिवादीले जाहेरवालालाई जापान पठाउने प्रयोजनको लागि भएको कागज हो भन्ने तथ्य परिस्थितिजन्य प्रमाणबाट पुष्टि भएको नदेखिएको अवस्थामा लिखतमा वैदेशिक रोजगार भन्ने शब्द उल्लेख भएकै आधारमा प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गर्नु न्यायोचित हुने देखिँदैन । परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कन गर्दा लिखतमा वैदेशिक रोजगार प्रयोजनको लागि रकम लिएको भनिए पनि सो बेहोरा विश्वसनीय देखिँदैन र शङ्कास्पद प्रमाणको आधारमा प्रतिवादीलाई सजाय गर्नु न्यायसङ्गत हुने नदेखिने ।

तसर्थ, अभियोग मागदाबीबमोजिम प्रतिवादी शारदा चित्रकारले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।१२।१२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: रवि दुवाल

**इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम् ।**

२४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-१५८३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. राजेन्द्र पुरीसमेत

वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नै नलिएका प्रतिवादी राजेन्द्र पुरीले केशव प्रधान र हिरा प्रधानलाई हङकङमा वैदेशिक रोजगारीमा पठाइदिने भनी रकम बुझिलिएको कुरा पुष्टि भए पनि निज प्रतिवादी राजेन्द्र पुरीले वैदेशिक रोजगारमा हङकङ पठाइदिन्छु भनी कागज गरेको देखिएको दुई जना पीडितमध्ये जाहेरवाला हिरा प्रधान र निजका आफन्त केशव प्रधानलाई थाइल्याण्ड पुर्‍याएको र त्यहाँबाट कुमार सिजापति भन्ने व्यक्तिले हङकङ पुर्‍याउने भनी कम्बोडिया पुर्‍याएको र त्यहाँबाट हङकङ पुर्‍याउन नसकी नेपाल फिर्ता पठाएको हो भनी वादी पक्षले लिएको जिकिर पुष्टि हुने कागजातहरू मिसिल संलग्न नदेखिएको, साथै जाहेरवालाले प्रतिवादीबाट आफूले प्राप्त गर्नुपर्ने बिगो र हर्जानाबापतको सम्पूर्ण रकम फिर्ता पाइसकेको भन्ने कुरा निज पीडितहरूको बकपत्रबाट खुल्न आएको र निज हिरा प्रधान र केशव प्रधानले सम्पूर्ण रकम प्राप्त गरिसकेको भनी निवेदन दर्ता गराई सनाखतसमेत गरेको देखिएको अवस्थामा अभियोग दाबीबमोजिम विदेश पठाइसकेको भनी हदैसम्मको सजाय गर्न मनासिब नदेखिने ।

अब, प्रतिवादीहरू मैया श्रेष्ठ र बबिता श्रेष्ठ (मलेकु) को हकमा हेर्दा, यी प्रतिवादीहरूउपर किटानी जाहेरी नपरेको, मिति २०७३।७।३ को वैदेशिक रोजगारको लिखतमा प्रतिवादी मैया श्रेष्ठ र बबिता श्रेष्ठ (मलेकु) को नामसम्म पनि उल्लेख नभएको, जाहेरवाला पीडित तथा लिखतका साक्षी चमेरे प्रधान एवं बुझिएका व्यक्ति केशव प्रधानसमेतले यी प्रतिवादीहरू मैया श्रेष्ठ

र बबिता श्रेष्ठ (मलेकु) ले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा हङकङ पठाइदिने भनी यो यति रकम यसरी लिएको भनी दाबीसम्म लिन सकेको नदेखिएको, प्रतिवादी राजेन्द्र पुरीले मौकामा अनुसन्धान अधिकृतसमक्ष गरेको बयान पोलका आधारमा मैया श्रेष्ठलाई प्रतिवादी कायम गरेको देखिएकोमा प्रतिवादी राजेन्द्र पुरीको न्यायाधिकरणसमक्षको बयानबाट पोल खण्डित भइरहेको र सोबाहेक प्रतिवादी मैया श्रेष्ठउपरको कसुर पुष्टि हुने कुनै पनि सबुत प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिने । यसैगरी प्रतिवादी बबिता श्रेष्ठ (मलेकु) प्रतिवादी राजेन्द्र पुरीको श्रीमती भएको र बबिता श्रेष्ठ सञ्चालक रहेको प्रियसी म्युजिकको खातामा रकम पठाएको आधारमा वैदेशिक रोजगार कसुरमा निजको समेत संलग्नता रहेको अनुमान गरी निजलाई प्रतिवादी कायम गरेको देखियो। अनुमान तथा शङ्का जस्ता आत्मनिष्ठ कुरा फौजदारी कसुर प्रमाणित गर्ने आधार बन्न सक्दैन, फौजदारी कसुर वस्तुनिष्ठ प्रमाणबाट शङ्कारहित तवरबाट पुष्टि हुनुपर्दछ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू मैया श्रेष्ठ र बबिता श्रेष्ठ (मलेकु) को हकमा कसुर पुष्टि हुने प्रमाणको अभावमा प्रतिवादीहरूलाई कसुरदार ठहर गरी सजाय गर्नु न्यायको रोहमा मिल्ने नदेखिने।

तसर्थ, प्रतिवादी राजेन्द्र पुरीले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ४३ बमोजिम १(एक) वर्ष ६(छ) महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादी मैया श्रेष्ठ र बबिता श्रेष्ठ (मलेकु) का हकमा वादी पक्षले अभियोग दाबी पुष्टि गर्न सकेको नदेखिँदा सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।०५।१२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम्।**

## २५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-००२६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. अरूण नहर्की

प्रतिवादी अरूण नहर्कीले जाहेरवाला हेमबहादुर घलेको चिनजानका मानिसहरू सम्पूर्ण राना मगर, विजय विक्रम राना, दिनेश राना मगर, नवीनकुमार बुढा मगर र म दिनेश श्रेष्ठसमेत ५ जना मान्छेलाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलिया पठाइदिने भनी जनही रू.५ लाखको दरले रू.२५ लाख रूपैयाँ रकम लिई अष्ट्रेलिया नपठाई रू.२५ लाखसमेत फिर्ता नदिएको भनी परेको जाहेरी, जाहेरीलाई समर्थन हुनेगरी जाहेरवालाले सोही बेहोराको अदालतमा गरिदिएको बकपत्र, लिखतका साक्षी राजिव तिवारीले जाहेरवाला हेमबहादुर घलेमार्फत वैदेशिक रोजगारको लागि अष्ट्रेलिया पठाइदिन्छु भनी रू.२५,००,०००।- अरूण नहर्कीले मेरै सामुन्ने बुझिलिई कागज गरी विदेश पनि नपठाएको र रकमसमेत फिर्ता नगरेको हो भनी गरिदिएको मौकाको कागज, पीडित भनिएका दिनेश श्रेष्ठले समेत वैदेशिक रोजगारीको लागि अष्ट्रेलिया पठाइदिने भनी हामीहरू सम्पूर्ण राना मगर, विजय विक्रम राना, दिनेश राना मगर, नवीन कुमार बुढा मगर र म दिनेश श्रेष्ठसमेत ५ जनाले हाम्रो सल्लाह सहमतिबमोजिम हाम्रो चिनजान सम्बन्ध रहेका हेमबहादुर घलेमार्फत अरूण नहर्कीलाई प्रति व्यक्ति रू.५,००,०००।- का दरले ५ जनाको जम्मा रू.२५,००,०००।- रकम दिएको भनी

गरिदिएको कागज, निज जाहेरवाला हेमबहादुर घलेले प्रतिवादीबाट दाबीबमोजिमको बिगो रकम बुझेकी भनी मिति २०७४।४।१६ मा निवेदन दिई सनाखत गरेको, साथै मिति २०७४।४।१६ मा जाहेरवाला हेमबहादुर घलेले वैदेशिक रोजगारीका लागि भनी बुझिलिएको बिगो रकम आफूले प्रतिवादीबाट पाइसकेको भनी निवेदन दिई सो निवेदनलाई सनाखतसमेत गरिदिएबाट प्रतिवादी अरूण नहर्कीले जाहेरवाला हेमबहादुर घलेबाट निजका मानिसहरूलाई अष्ट्रेलियामा वैदेशिक रोजगारीका लागि पठाइदिने भनी दाबीबमोजिमको रकम लिएको तथ्य पुष्टि भएको छ । तसर्थ, निजले अभियोग मागदाबीबमोजिम कसुर गरेको स्थापित हुन आएको।

प्रतिवादी अरूण नहर्कीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुर गरेको पुष्टि हुन आएको देखिए तापनि निज प्रतिवादीले जाहेरवालालाई बिगो र हर्जानासमेत फिर्ता गरिसकेको अवस्था विद्यमान हुँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

तसर्थ, अभियोग मागदाबीबमोजिम प्रतिवादी अरूण नहर्कीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई भएको मिति २०७४।४।२३ को वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिँदा सदर हुने । अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नवीन कुमार यादव

**इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम्।**

२६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-०८६८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. कमल गुरूङ

मिसिल संलग्न जाहेरी बेहोरा तथा जाहेरवालाहरूबाट जाहेरी साथ पेस भएको लिखतमा यी प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि पोर्चुगल मुलुक पठाउनको लागि रकम लिएको भन्ने उल्लेख भएको देखिए तापनि वैदेशिक रोजगारमा पठाउने प्रयोजनका लागि रकम लिएको भन्नेमा इन्कार रही प्रतिवादीले न्यायाधिकरणसमक्ष बयान गरेको, साथै दुवै जाहेरवालाहरूले प्रतिवादीसँगको कारोबार वैदेशिक रोजगारअन्तर्गतको नभई लेनदेन व्यवहारअन्तर्गतको हो भन्ने बेहोराको न्यायाधिकरणमा बकपत्र गरेको देखिँदा मिसिल संलग्न उक्त प्रमाणहरूबाट जाहेरवालाहरू र यी प्रतिवादी विचको कारोबार वैदेशिक रोजगारअन्तर्गतको नभई लेनदेन व्यवहारअन्तर्गतको भएको देखिन आयो । जाहेरीमा उल्लिखित बेहोरा र सो जाहेरीसाथ पेस भएको प्रतिवादीले जाहेरवालाहरूलाई गरिदिएको लिखतमा लेखिएका बेहोरा जाहेरवालाहरूको बकपत्रबाट खण्डित भइरहेको स्थितिमा केवल लिखतमा वैदेशिक रोजगारमा पठाउने प्रयोजनका लागि रकम लिएको भन्ने वाक्यांश उल्लेख भएकै आधारमा मात्र वैदेशिक रोजगार ठगीको कसुर कायम गर्न मिल्ने अवस्था नदेखिने।

प्रस्तुत मुद्दामा, हामीहरूले प्रतिवादी कमल गुरूङलाई निजको बालाजु स्थित बिन्दबासिनी गेस्ट हाउस सञ्चालन गर्न ऋणस्वरूप रू.३०,००,०००।- (तिस लाख) सापटी दिएको र मौखिक सहमतिबमोजिम रकम पटक पटक माग गर्दा नदिएपछि चाँडै रकम तिर्लान भनी मिति २०७४/१/२७ मा वैदेशिक रोजगारको

कागज बनाई निजका उपर मिति २०७४/०८/०५ मा विभागसमक्ष जाहेरी दिएको हो हामीहरू भारतको नयाँ दिल्लीमा आफ्नो निजि प्रयोजनमा गएका हौं भनी जाहेरवालाहरूले यस न्यायाधिकरणमा गरेको बकपत्रको बेहोराबाट निजहरूले लेनदेनको विषयमा रकम फिर्ता नपाएपछि वैदेशिक रोजगारको झुट्टा बेहोरा उल्लेख गरी कागज खडा गरेको र सोही कागजको आधारमा झुठो जाहेरी दिएको देखिन आएकोले मिति २०७४/१/२७ को लिखतमा लेखिएको बेहोरामा विश्वास गर्न सकिने अवस्था देखिन नआएकोले वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

तसर्थ, अभियोग मागदाबीबमोजिम प्रतिवादी कमल गुरूङले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०२।०६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम् ।**

## इजलास नं.४

### २७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७२-CI-०४१७, अंश, वेचनप्रसाद चौधरी वि. नमित्री चौधरीसमेत

दुखिराम चौधरीको नागरिकताको अस्थायी निस्सा र निजको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपिसमेतका प्रमाणहरूबाट दुखिराम चौधरी मागन चौधरीको छोरा भएको भन्ने देखिएको र यी वादी वेचनप्रसाद चौधरीले लामो समयपश्चात् मिति २०४४/११/७ मा मात्र नागरिकताको प्रमाणपत्र लिँदा बाबुको नाम भागिराम चौधरी लेखिए पनि यी पुनरावेदक/वादी वेचनप्रसाद चौधरीले भागिराम चौधरी मागन चौधरीका छोरा हुन भन्ने अन्य कुनै वस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा उक्त नागरिकताको अस्थायी निस्सा र मिति २०६२/९/२५ मा दर्ता भएको मृत्यु दर्ताको प्रमाणपत्रबाट समेत दुखिराम चौधरी मागन चौधरीकै छोरा हुन भन्ने देखिएको र सो तथ्यलाई निज मागन चौधरीका जेठा छोरा टेक प्रसाद चौधरी र निजका पत्नी एंव छोराहरूले समेत स्वीकार गरेको देखिँदा यी वादी प्रतिवादीहरूका मुल पुस्ता मागन चौधरीका छोराहरू टेकप्रसाद र दुखिराम चौधरी हो भन्ने कुरा प्रमाणित भएको र यी पुनरावेदक/वादीले मिति २०४४/११/७ मा लिएको नागरिकताको प्रमाणपत्रका आधारमा मात्र दुखिराम चौधरी मागन चौधरीका छोरा होइनन् भनी मान्न सकिने अवस्था नदेखिने।

मिसिल संलग्न कागज प्रमाणहरूबाट भागिराम चौधरी मगन चौधरीका छोरा हुन भन्ने पुष्टि हुन सकेको नदेखिएको र यी वादी वेचनप्रसाद चौधरी मागन चौधरीका छोरा दुखिराम चौधरीकै छोरा हुन् भन्ने तथ्य स्थापित भएको देखिनुका साथै २०६४ सालमा दुखिराम चौधरीका छोरा श्रीराम चौधरी र छेदुराम चौधरी वादी भई टेकप्रसाद चौधरीको हाँगातर्फका र आफ्ना दाजु यी वादी वेचनप्रसाद चौधरीसमेतलाई प्रतिवादी बनाई दायर भएको अंश मुद्दामा नाता सम्बन्धमा कुनै विवाद नभई मिति २०६६/१/९ मा प्रस्तुत मुद्दाका वादी वेचनप्रसाद चौधरीको अंश भाग सो अंश मुद्दाका वादी श्रीराम चौधरीको जिम्मा राखी मिलापत्र भएको हुँदा यी पुनरावेदक/वादी वेचनप्रसाद चौधरीको अंश भाग दुखिराम चौधरीकै छोरा श्रीराम चौधरीको जिम्मा रहेको देखिँदा यी पुनरावेदक/वादी

वेचनप्रसाद चौधरीले श्रीराम चौधरीबाट अंश पाउने हक सुरक्षित नै रहेको देखिँदा एक पटक अंश मुद्दा परी अंश लिनु दिनु गरी मिलापत्र भई भिन्न भइसकेका अन्य प्रतिवादीहरूबाट अंश पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः दाङ देउखुरी जिल्ला अदालतमा दायर भएको ७३-०६३-००४५२ को अंश मुद्दामा मिति २०६६/१/९ मा मिलापत्र हुँदा यी पुनरावेदक/वादीको अंशभाग श्रीराम जिम्मा रही निजबाट आफ्नो हिस्साको अंश पाउने अवस्था विद्यमान रहेको देखिँदा २ भागको १ भाग अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६७/६/१७ मा भएको फैसला सदर हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६९/१/२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: देविमाया खतिवडा (देबिना)

**इति संवत् २०७७ साल पौष २६ गते रोज १ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-०४१८, दा.खा. निर्णय दर्ता बदर, वेचनप्रसाद चौधरी वि. आशीराम चौधरीमेत
- ०७२-CI-०४१९, मिलापत्र बदर, वेचनप्रसाद चौधरी वि. आशीराम चौधरीसमेत
- ०७२-CR-०२७७, कीर्ते जालसाजी, वेचनप्रसाद चौधरी वि. नमित्री चौधरीसमेत

**२८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७८-WH-००४८, बन्दीप्रत्यक्षीकरण, शेख समसुर आलोन भन्ने शेख सम्सुर एलोन वि. उच्च अदालत पाटनसमेत

गैरकानूनी थुनाको वर्गिकरण र छुट्टै सूची तयार गर्ने कार्य कठिन हुने भए पनि सामान्यतया कानूनले कसुर नमानिने कार्य गरेबापत थुनामा राखेको, कानूनको उचित प्रक्रिया पूरा नगरी थुनामा राखेको, पर्याप्त सुनुवाइको मौका नदिई तथा बदनियत र प्रवृत्त भावना लिई पूर्वाग्रहपूर्ण ढङ्गले अर्थात् प्राकृतिक न्यायको सिद्धान्तविपरीत थुनामा राखेको, कानूनले तोकेभन्दा बढी सजाय गर्ने गरी थुनामा राखेको, अधिकार क्षेत्रविहीन निकाय वा व्यक्तिले थुनामा राखेको जस्ता अवस्थालाई गैरकानूनी थुनाको रूपमा लिन सकिन्छ। तर यी रिट निवेदकको थुनामा यस प्रकारको अवस्था रहेको नपाइने।

तसर्थ सुरू काठमाडौं जिल्ला अदालतबाट निवेदक प्रतिवादीलाई थुनछेक आदेश गरी पुर्पक्षको लागि थुनामा राख्ने गरी मिति २०७८।०१।१७ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७८।०५।१७ मा आदेश भएको पाइन्छ। सुरू जिल्ला अदालत र उच्च अदालतबाट तत्काल प्राप्त प्रमाणहरूको आधारको बारेमा विवेचना गरी थुनामा राख्ने आदेश भएको पाइन्छ। मातहत अदालतमा विचाराधीन रहेको सो मुद्दामा देखिएका प्रमाणहरूको आधार कारणको बारेमा अहिले थप विवेचना गर्नु मनासिब देखिन आउँदैन। अतः निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखेको भन्ने देखिन नआएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- इन्द्रबहादुर कठायत

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७८ साल असोज २० गते रोज ४ शुभम्।**

**२९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७८-WH-००७६,

बन्दीप्रत्यक्षीकरण, सोमे तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत

निवेदक प्रतिवादीउपर दायर भएको उल्लिखित जबरजस्ती करणी मुद्दामा प्रतिवादी सुरूदेखि नै फरार रहेको, अभियोगपत्र दर्ता भएपश्चात् मुद्दाको सम्पूर्ण अनुसन्धानबाट निवेदक प्रतिवादीको सिन्धुपाल्चोक जिल्ला, स्याउले गा.वि.स. वडा नं. १ स्थायी वतन भई ऐ. जिल्ला चौतारा गा.वि.स. वडा नं. ८ घर बसोबास गर्दै आएको भन्ने पुष्टि भई अदालतबाट निज प्रतिवादी बसोबास गर्दै आएको घर ठेगानामा नै म्याद जारी भई साबिक कानूनी व्यवस्था मुलुकी ऐन, २०२० को अ.बं. ११० नं. ले निर्दिष्ट गरेको प्रक्रियाअनुरूप म्याद तामेली भएको देखिन्छ । अदालतबाट म्याद तामेल भएपश्चात् कानून निर्धारित समयावधिभित्र अदालतमा हाजिर हुन आएको देखिँदैन । निजको नाउँको अंश रोक्का राख्दासमेत अदालतमा हाजिर हुन नआई उक्त मुद्दा मुलतवीमा राखी मुलतवीबाट जगाएर कारबाही अघि बढाई फैसला गर्दासम्मको पर्याप्त समयावधिमा समेत आफूउपर लागेको अभियोगमा प्रतिवाद नगरी फरार नै रहेको देखिन्छ । सिन्धुपाल्चोक जिल्ला अदालतबाट प्रस्तुत मुद्दा मिति २०६२।०९।२१ मा फैसला भई सो फैसला कार्यान्वयन गर्ने प्रयोजनार्थ अदालतको ल.नं. ६४३ को आधारमा मिति २०७८।०३।२४ मा प्रहरीले निवेदकलाई पक्राउ गरेको देखिन्छ । संविधान तथा कानूनबमोजिम प्रतिवादीलाई निजउपरको लागेको अभियोगको जानकारी दिई र सुनुवाइको लागिसमेत पर्याप्त समयावधि दिएकोमा सोको अन्देखा गरी बसेको देखिन्छ । यसरी प्रतिवादीलाई धेरै अवधिसम्म सुनुवाइको अवसर हुँदाहुँदै पनि न्यायिक प्रक्रियामा सहभागी नभई आफ्नो स्थायी वतनमा म्याद तामेल नभई आफू कहिल्यै बसोबास नै नगरेको स्थानमा म्याद तामेल भएकोले थाहा जानकारी नपाएको भन्ने निवेदन दाबी केवल अदालतको फैसलाअनुसारको सजायलाई छल्ने उद्देश्यबाट प्रेरित भएको देखिन्छ । निवेदकलाई संविधान र कानून प्रदत्त स्वच्छ सुनुवाइको हकबाट वञ्चित गरिएको भन्ने रिट निवेदन दाबीसँग सहमत हुन सकिएन । अदालतबाट प्रचलित कानून निर्दिष्ट कार्यविधि पालना गरी कानूनले तोकेअनुसार नै सुनुवाइको मौका प्रदान गरी भएको फैसलाबमोजिम ठहर गरिएको कैद सजाय कार्यान्वयन गर्ने क्रममा पक्राउ गरी कैदी पुर्जी दिई कैदमा राखिएको कार्य गैरसंवैधानिक तथा गैरकानूनी नहुँदा निवेदन दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी गरिरहन नपर्ने ।

तसर्थः निवेदकलाई कानूनबमोजिम सुनुवाइको मौका प्रदान गरी भएको फैसलाअनुसार निजलाई ठहरेको कैद सजाय कार्यान्वयनको क्रममा कैदमा राखेको देखिएकाले उक्त कार्य कानून प्रतिकूल भएको नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने । प्रस्तुत रिट निवेदन साथ रहेको यिनै निवेदक प्रतिवादी रहेको जबरजस्ती करणीको मुद्दामा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनियता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम पीडित तथा जाहेरवालाको गोपनियता कायम गर्न गराउन मिसिलसहित सुरू अदालतमा लेखी पठाउनू ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटर: देविमाया खतिवडा (देबिना)

**इति संवत् २०७८ साल मङ्सिर ५ गते रोज १ शुभम् ।**

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७३-CR-०३८४, भ्रष्टाचार

(घुस / रिसवत), नेपाल सरकार वि. शशिभुषण प्रसाद साह

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयबाटै रकम बुझी लिई घुस रिसवतबापत उक्त रकम उपलब्ध गराउने कार्यलाई वैद्यता प्रदान गर्ने गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० लाई अमान्य र वदर ठहर गर्नुका साथै यसरी संकलन गरिएको अर्थात् आयोग स्वयंले नै दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण ग्रहणयोग्य नहुने ठहरी प्रतिपादन भएको सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा आकार्षित हुने नै देखियो। यी प्रतिवादीले घुस रिसवत लिने मनसायका साथ कार्य गरेको नदेखिनुका साथै निजले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने कुरा स्थापित गर्ने भरपर्दो र विश्वसनीय प्रमाणसमेत वादी पक्षबाट पेस हुन नसकेको अवस्थामा अख्तियारबाटै उपलब्ध गराइएको रकम निज प्रतिवादीबाट बरामद भएकै आधारमा मात्र अन्य प्रमाणको अभावमा निज प्रतिवादीलाई कसुरदार कायम गर्न सकिने अवस्था नहुने।

उजुरकर्ताले शिक्षा नियमावलीबमोजिम थप कक्षा सञ्चालनको लागि राख्नुपर्ने सक्कल कागजात लगायत धरौट रकम राखेको देखिँदैन । साथै अदालतबाट निज उजुरकर्तालाई उपस्थित हुन सूचना पठाइएकोमा उपस्थित भई बकपत्र भएको देखिँदैन। प्रतिवादी आरोपित कसुरमा अनुसन्धानको सिलसिलामा नै इन्कारी भई बयान गरेका छन् । वादीका साक्षी सन्दिपप्रसाद साह कानु र रामा शंकर साहले वादी दाबी खण्डन हुने गरी बकपत्र गरेको पाइन्छ । अख्तियारबाट रकम रू.दश हजार बुझी लिई प्रतिवादीको खल्तीमा राखेको र सो रकम बाहेक मिसिल संलग्न अन्य कुनै पनि प्रमाणबाट वादीको अभियोग दाबी पुष्टि हुने अवस्था देखिँदैन। साथै यस अदालतको संवैधानिक इजलासबाट मिति ०७८।१।८ को फैसलामा प्रतिपादित सिद्धान्तअनुसार पनि त्यसरी अख्तियारबाट रकम लिएको कार्यलाई कानूनसङ्गत मान्न मिलेन। अतः प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७३।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रबहादुर कठायत

कम्प्युटर : देवीमाया खतिवडा

**इति संवत् २०७८ साल असोज १९ गते रोज ३ शुभम्।**

## इजलास नं.५

३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७६-WH-०३०३, बन्दीप्रत्यक्षीकरण, वुद्धिलाल पुन वि. महानगरीय प्रहरी वृत्त, ठिमी भक्तपुरसमेत

निवेदक बुद्धिलाल पुनलाई मिति २०७६/११/१५ गते बिहान ११ बजेको समयमा भक्तपुर दुवाकोटबाट पक्राउ गरी महानगरीय प्रहरी वृत्त ठिमी भक्तपुरमा राखेको देखियो। अभद्र व्यवहार गरेको भन्ने कसुरमा निजलाई जरूरी पक्राउ पुर्जी दिई मिति २०७६/११/१५ गतेदेखि लागु हुने गरी पहिलो पटक ७ दिन, मिति २०७६/११/२२ देखि लागु हुने गरी दोस्रो पटक ५ दिन, मिति २०७६/११/२७ गतेदेखि लागु हुने गरी तेस्रो पटक ५ दिन र मिति २०७६/१२/२ गतेदेखि लागु हुने गरी चौथो पटक ५ दिनको लागि जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट हिरासतमा राख्ने अनुमति लिएको देखिन्छ । निवेदकलाई पक्राउ गर्न जरूरी पक्राउ पुर्जी जारी

गरेको भनी जिकिर लिइएको छ । तर निवेदकलाई पक्राउ गर्न जरूरी पक्राउ पुर्जी जारी गर्नुपर्नेसम्मको पूर्वावस्था विधमान रहेको कुनै उचित कारण खुलाई प्रस्तुत भएको देखिएन । निवेदकलाई थुनामा राख्ने पटकपटक अनुमति माग गर्दा तथा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट अनुमति प्रदान गर्दासमेत कुनै मनासिब कारण खुलाएको पाइएन । अनुसन्धान कार्य सन्तोषजनक रूपमा भइरहेको छ वा छैन भन्नेतर्फ कुनै दृष्टि नै नदिई बिना आधार कारण पटकपटक थुनामा राख्ने म्याद थप गरेको पाइयो । यस प्रकारको सामान्य प्रकृतिको मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम तारिखमा राखेर पनि अनुसन्धान छानबिन गर्न गराउन सकिने देखिन्छ । कुनै कसुरजन्य कार्य भएको अवस्थामा पनि वर्तमान कोभिड-१९ महामारीको अवस्थामा तारिखमा राखेर अनुसन्धान छानबिन गर्नेतर्फ विवेकपूर्ण रूपमा विचार पुऱ्याउनु आवश्यक थियो । तर यस पक्षमा विचार पुऱ्याएको देखिएन । समग्रमा हेर्दा निवेदक बुद्धिलाल पुनलाई प्रवृत्त धारणा राखी थुनामा राखेको देखिने ।

अत: निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था नदेखिएको, निजलाई प्रवृत्त धारणा राखी बन्दी बनाएको देखिएकोले निवेदक वुद्धिलाल पुनलाई तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३ (२), (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७६ साल चैत ९ गते रोज १ शुभम् ।**

निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएको छ :

- ०७६-WH-०३१६, बन्दीप्रत्यक्षीकरण मीनराज शाही वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंसमेत
- ०७६-WH-०३०४, दिनेशबहादुर बोगटी वि. महानगरीय प्रहरी परिसर भक्तपुरसमेत

३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०६९८, आयकर (०५८-५९), ठुला करदाताको कार्यालय हरिहरभवन ललितपुर वि. हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा. लि.

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. मा कुनै वस्तु आगजनी, चोरी, दुर्घटना वा टुटफुट हुन गई नोक्सान हुन गएमा त्यस्तो वस्तुको वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नुपर्ने भएमा प्रमाणसहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्ने, यसरी परेको निवेदनमा विभागले प्रक्रिया तोकिदिएबमोजिम छानवीन गर्नुपर्ने र छानबिन गर्दा नोक्सान भएको देखेमा कर कट्टी गर्न सकिने व्यवस्था रहेको देखिन्छ । तर प्रस्तुत विवादका सन्दर्भमा सोअनुसार चाउचाउ ड्यामेज भएको वा काम नलाग्ने भएको भनी प्रक्रिया पूरा गरेको देखिएन । फिर्ता आएको सामान पुनः प्याकिङ गरी बिक्री गरेको तथ्यसमेत प्रक्रियागत रूपमा प्रमाणित भएको पाइएन । विवादित वस्तुको पुनः उत्पादन भई बिक्री गरेको भन्ने पनि प्रमाणित हुन आएको पाइएन । बिक्री भएको सामान फिर्ता गर्ने सम्बन्धमा क्रेता र विक्रेताबिच निश्चित समय र आधारमा फिर्ता हुन सक्ने सर्त उल्लेख भएको खरिद-बिक्री सम्झौता पेस नभएको भन्ने पनि कर कार्यालयको जिकिर रहेको

पाइयो । फिर्ता भएको कुराको पुनः अभिलेखीकरण नभएको स्थितिमा टुटफुट भएको, चोरी भएको वा म्याद सकिएको वस्तु थियो भनी मान्न मिलेन । तसर्थ, सामान बिक्री भएको हिसावबाट घटाएको मूल्य रू.१,२६,१६,८५३/- लाई मुनाफा वा लाभतर्फ समावेश गर्ने गरी कर कार्यालयले गरेको निर्णय मनासिब देखिँदा सो हदसम्म राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६७/२/४ मा भएको निर्णय उल्टी भई सुरू कर निर्धारण आदेश सदर हुने ।

पूर्व सञ्चालन खर्चतर्फको रू.३,५०,७६९/- का सम्बन्धमा विचार गर्दा सो रकम Bank Loan Arrangement अन्तर्गतको खर्च देखिएको, आयकर ऐन, २०५८ को दफा १४ ले ऋण लिएको रकमको ब्याजसमेत खर्चको रूपमा कट्टा गर्न पाउने देखिँदा करदाताले उल्लेख गरेको पूर्वसञ्चालन खर्च शीर्षकको रकम कट्टी गर्न नपाउने गरी भएको सुरू कर निर्धारण आदेश उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ ।

अतः उल्लेख गरिएअनुसार सामान बिक्री भएको हिसावबाट घटाएको मूल्य रू.१,२६,१६,८५३/- लाई मुनाफा वा लाभतर्फ समावेश गर्ने गरी आयकर ऐन, २०५८ को दफा ७ बमोजिम कर कार्यालयले गरेको निर्णय मनासिब देखिँदा सो हदसम्म राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६७/२/४ मा भएको निर्णय उल्टी भई सुरू कर निर्धारण आदेश सदर हुने ठहर्छ । सो हदसम्म बाहेक अन्य कुरामा राजस्व न्यायाधिकरणको फैसला सदर हुने ।

इजलास अधिकृतः अम्बिकाप्रसाद दहाल

**इति संवत् २०७६ साल पौष २८ गते रोज २ शुभम्** ।

- यसमा यसै लगाउको ०६८-CR-०६९९, मूल्य अभिवृद्धि कर ०५८/५९, ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि. भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CR-१४३७, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. मिङमा शेर्पा*

पीडित, जाहेरवालालगायतका वादी तथा प्रतिवादी पक्षका साक्षीहरूको बकपत्रबाट मिण्डु र मबिचको लेनदेनको विषयमा विवाद हुँदा मिण्डुले मलाई लाती र वक्सिङले पेट तथा छातीमा हिर्काएपछि मैले निजलाई खुट्टामा भाटाले प्रहार गर्दा घाइते डिलदेखि लड्दा त्यहाँ रहेका सीसाको टुक्रासमेतले काटी चोट लागेको हो मैले ज्यान लिने उद्देश्यले काटेको होइन र त्यस बेला मेरो साथमा खुकुरी पनि थिएन भनी प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयान बेहोरालाई अन्यथा भन्नुपर्ने अवस्था रहेको नदेखिने ।

पीडित घाइतेले नै म ३/४ मिटर अग्लो डिलबाट लड्दा काल्ना तथा भुइँमा रहेका फुटेको सिसा, टिन र धारिलो ढुङ्गाले मेरो टाउको, हातमा चोट लागेको हो । प्रतिवादीले मलाई काटेको होइन भनी आफूलाई लागेको घा चोटको बारेमा अदालतमा आई बकपत्र गरी खुलाएको र जाहेरवालासमेतका साक्षीहरूले सोही बेहोराको बकपत्र गरेको देखिएको अवस्थामा प्रतिवादी मिङमा शेर्पालाई आरोपित कसुरमा सजाय गरेको सुरू ताप्लेजुङ जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादी मिङ्मा शेर्पाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट भएको मिति २०७३।५।१३ को फैसला अन्यथा नदेखिई मनासिब नै देखिने ।

तसर्थ, प्रतिवादी मिङमा शेर्पालाई आरोपित कसुरबाट सफाइ दिनुपर्नेमा ज्यान मार्ने उद्योग ठहर गरी सजाय गरेको सुरू ताप्लेजुङ जिल्ला अदालतबाट

भएको फैसला उल्टी गरी प्रतिवादी मिङमा शेर्पालाई अभियोग दाबीबाट सफाइ दिने ठहराई पुनरावेदन अदालत इलामबाट भएको मिति २०७३।५।१३ को फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम् ।**

## इजलास नं.६

### ३४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७४-CR-०३०६, ०१८१, ०२१६, ०३९२, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. प्रशान्त मण्डल, उपेन्द्रप्रसाद साह वि. नेपाल सरकार, रामचन्द्र राजवंशी वि नेपाल सरकार, संगिताकुमारी मण्डल वि. नेपाल सरकार

१५ वर्षको पीडित विष्णु साहलाई मिति २०७०।४।८ गते बिहान ९.३० बजेको समयमा विराटनगरस्थित निजको स्कुलतर्फ जाने क्रममा अक्वापार्कमा पुगेकोमा बा.२ च ५२४३ नं. को भ्यानमा हाली अपहरण गरी नेपाल भारत सीमानामा पुऱ्याइएको र त्यहाँबाट प्रहरीद्वारा गाडीसहित पक्राउ गरी उद्धार गरिएको तथ्य स्थापित छ । उद्धारमा संलग्न प्र.ना.नि. फिरोज चौधरी, प्रहरी हवलदार डम्बरबहादुर क्षेत्री तथा प्रहरी जवान रन्जित कार्कीको प्रतिवेदन मिसिल सामेल रहेको पाइन्छ । सो तथ्यलाई अन्यथा पुष्टि गर्ने प्रमाण प्रतिवादीहरूको तर्फबाट पेस भएको छैन । यस अवस्थामा वारदात नै भएको होइन भन्ने तर्क पुष्टि हुन सक्ने स्थिति नदेखिने ।

प्रतिवादी उपेन्द्रप्रसाद साहले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा छिमेकीको रूपमा रहेकी जाहेरवाला रम्भाकुमारी साहसँगको रिसइवीको कारण निजलाई तर्साउनको लागि अपहरण गरेको कुरालाई स्वीकारेको । प्रतिवादी उपेन्द्रप्रसाद साहले अदालतमा उपस्थित भई बयान गर्दा सो मौकाको बयान राजीखुसीले भएको होइन भन्ने जिकिर लिएको पाइन्छ । तर सो भनाइअनुरूप प्रहरीले नभएको बेहोरा लेख्नुपर्ने कारण पुष्टि हुने आधार निजले दिन सकेको नपाइने ।

प्रथमत: वारदातको दिन निज वारदातस्थलमा नभएपनि विराटनगरमा नै रहे भएको पाइन्छ । दोस्रो अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुर अपराध सङ्गठित प्रकृतिको अपराध हो । यस प्रकारको अपराधमा अभियुक्त वारदातस्थलमा उपस्थित भई प्रत्यक्ष शारीरिक रूपमा भूमिका निर्वाह नगरेको पनि हुन सक्छ । यस्तोमा Alibi को जिकिरको सम्म आधारमा कसुरबाट छुटकारा पाउन सक्ने अवस्था नरहन सक्छ । यस प्रकारका सङ्गठित अपराधमा संलग्न व्यक्तिहरू पर्दापछाडि रहेर पनि मूल योजनाकारको भूमिका गर्न सक्ने अवस्था रहने ।

म निर्दोष छु, जाहेरवालाको रिसइवीको कारणले पोलेको मात्र हो, अनुसन्धानको बयान करकापबाट भएको हो र मेरो वारदातस्थलमा उपस्थिति छैन भन्ने आधारमा निज प्रतिवादी उपेन्द्रप्रसाद साह पूर्णरूपमा निर्दोष छन् भन्न सकिने अवस्था नदेखिने ।

निजउपरको किटानी जाहेरी, पीडितको मौकाको घटना विवरण कागज, जाहेरवाला रम्भाकुमारी साहले अदालतसमक्ष आई बकपत्र गरी जाहेरी दरखास्तलाई समर्थन गरेकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादी उपेन्द्रप्रसाद साहको

घटनामा संलग्नता देखिएको । अपहरित बालकको समयमै उद्धार भएबाट घटना अरू भयावह हुनबाट बचेको देखिन्छ। यसो भए तापनि यी प्रतिवादी पेशेवर अपराधी हुन् भन्ने चाहिं देखिँदैन। छिमेकीको रूपमा रहेकी जाहेरवाला रम्भाकुमारीसँगको झगडाको कारण आपराधिक कार्यमा उद्यत भएको भन्ने देखिन आयो। उल्लिखित परिस्थितिमा अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ११ वर्ष ऐ. को ७ नं. बमोजिम थप २ वर्ष र ऐ. को ९ नं. बमोजिम थप २ वर्षसमेत गरी १५ वर्ष कैदको सजाय गर्नु न्यायको रोहमा केही बढी हुने देखिई केही घटी सजाय हुँदा पनि कानूनको मक्सद पूरा हुने देखिएको हुँदा १५ वर्ष कैदको सजाय गरेको हदसम्म उच्च अदालत विराटनगरको फैसला केही उल्टी भई निज प्रतिवादी उपेन्द्रप्रसाद साहलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीतको कसुरमा ऐ. ३ नं. बमोजिम ७ वर्ष कैद तथा दुई वा दुईभन्दा बढी व्यक्ति मिली सङ्गठित रूपमा अपहरण तथा शरीर बन्धकको कसुर गरेको हुँदा ऐ. ७ नं. बमोजिम थप २ वर्ष र नाबालकलाई अपहरण गरेको हुदा ऐ. ९ नं. बमोजिम थप २ वर्षसमेत गरी जम्मा ११ वर्ष कैद र जरिवाना रू.१,००,०००।– (एक लाख रूपैयाँ) हुने।

प्रतिवादी रामचन्द्रको अनुसन्धानको क्रममा भएको बयान बेहोरा मेरो नभएकोले प्रमाणयोग्य छैन, म आफ्नो खुशीले नभई गाडी मालिकको आदेशले गाडि लिई गएको हुँ, प्रतिवादी बन्टी भन्ने कुमार ज्योति मण्डलसमेतका प्रतिवादीहरूको योजना र कार्य वारे मलाई जानकारी नहुँदा म निर्दोष प्रतिनिधि (Innocent Agent) हुँ भन्ने भनाइ प्रमाणित हुन सक्ने अवस्था देखिएन। बिहानको ९:३० बजेको समयमा विराटनगरको भिडभाड रहने सडकमा हिँडिरहेको विद्यार्थीलाई बलपूर्वक गाडीमा राख्ने कार्य निजको सहमति र सहयोग बेगर सम्भव हुँदैन । निज गाडी चालकले चाहेको भए अन्य व्यक्तिको सहयोग प्राप्त गरी अपहरणको कार्य नै विफल हुन सक्थ्यो। अन्य प्रतिवादीहरूबाट एक्कासी त्यस किसिमको व्यवहार हुँदा निजले अनौठो मानेको र केही प्रतिक्रिया व्यक्त गरेको हुनुपर्ने हो, तर सो भए गरेको पनि नपाइने।

उल्लिखित अवस्थासहितका मिसिल प्रमाणबाट प्रतिवादी रामचन्द्र राजवंशीको आफू निर्दोष प्रतिनिधि (Innocent Agent) भई गाडी मालिकको निर्देशनबमोजिम कार्य गरेको हुँदा सफाइ पाउनुपर्छ भन्ने जिकिर प्रमाणद्वारा पुष्टि हुन सकेको नपाइएको हुँदा निजको पुनरावेदन जिकिर स्वीकार गर्न सकिने अवस्था नदेखिने।

प्रतिवादी संगिता मण्डलको हकमा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ४ नं. को आरोप रहेको। मिसिल संलग्न प्रमाणहरूबाट निजले कसुर गर्न दुरूत्साहन गरेको वा आदेश दिएको वा कसुरमा सहमति जनाएको भन्ने देखिँदैन। तसर्थ निजको हकमा उक्त ४ नं. आकर्षित हुने देखिएन । कसुरदार नै नठहरेको अवस्थामा ऐ. ७ नं. र ऐ. ९ नं बमोजिम थप सजाय हुन सक्ने अवस्था पनि भएन। तसर्थ निज प्रतिवादी संगिता मण्डललाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ४, ७ र ९ नं बमोजिम ११ वर्ष कैद तथा रू.५०,०००/- जरिवाना हुने गरी उच्च अदालत बिराटनगरबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा यी पुनरावेदक प्रतिवादी संगिता मण्डलको हकमा सो फैसला उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने।

जाहेरी दरखास्त, मौकाका घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का, प्रतिवादीहरूको बयान

लगायत कुनै पनि कागज प्रमाणबाट प्रस्तुत वारदातमा प्रतिवादी प्रशान्तको संलग्नता पुष्टि भएको पाइएन । निज र संगिताले खरिद गर्ने उद्देश्यले लिएको गाडी निजहरूले भतिजोलाई लिई जाने अनुमति दिएको कारण नै प्रतिवादी बन्टी भन्ने कुमार ज्योति मण्डलले लिई गएको भन्ने मिसिल संलग्न अनुसन्धानका कागजातबाट खुल्न आएको छ। तर सो गाडी आपराधिक कार्यमा प्रयोग गर्नको लागि अनुमति दिएको वा घटना हुन लागेको भन्नेबारेमा थाहा जानकारीसम्म पनि यी प्रशान्तलाई भएको कुरा खुल्न नआएको । निजको बयान बेहोरालाई समर्थन गर्दै निजसमेतका साक्षी नुनुलाल कामतले अदालतमा उपस्थित भई बकपत्र गरी दिएकोसमेत देखिन्छ । गाडि ड्राइभर रामचन्द्र राजवंशीलगायत कुनै प्रतिवादीहरूले निजलाई पोल गरेको पनि छैन । कल डिटेलमा ड्राइभर रामचन्द्रसँग कुरा भएको भन्ने हकमा गाडी धनी र ड्राइभरबिच कुरा हुनु स्वाभाविक हुँदा अपराधको सन्दर्भमा कुरा भएको भन्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा १५ वर्षीय नाबालक विष्णु साहलाई अपहरण गरेको नै देखिन्छ । घटना हुँदाको अवस्थामा तत्कालै प्रहरी शक्ति परिचालन भई अपहरित बालकको उद्धार भएबाट भारत लगिएको वा अन्य गम्भीर दुष्परिणाम हुनबाट रोकिएको अवस्था देखियो। घटनाक्रम हेर्दा प्रतिवादी उपेन्द्रप्रसाद साह नै घटनाको प्रमुख योजनाकार र सुत्रधार रहेको देखियो। निजको प्रतिवादी बन्टी भन्ने कुमार ज्योति मण्डलसँग पटकपटक कुराकानी भएको निजको कारोबारमा बन्टी भन्ने कुमार ज्योति, कमल सहनी, बसन्तकुमार अमातसमेत जोडिएकोसमेतबाट निज निर्दोष रहेछन् भन्न सकिएन । निजले नै बन्टी भन्ने कुमार ज्योतिलगायत अन्य अभियुक्तहरूलाई परिचालित गरेको देखिँदा मिसिलमा रहेका स-साना छिद्रहरू हेरी विराटनगरजस्तो शहरी क्षेत्रमा दिन दहाडै भएको र प्रहरीको प्रत्यक्ष संलग्नतामा पीडितको उद्धार गरिएको यो घटनालाई बनावटी हो भनी जिकिर गर्नु मिसिलमा मौजुद तथ्यहरूको विपरीत हुने।

अतः सुरू र उच्च अदालत विराटनगरबाट समेत गडाउ गरी मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं. बमोजिम जनही ११ (एघार) वर्ष कैद र रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना हुने ठहरेका प्रतिवादीहरू बन्टी भन्ने कुमार ज्योति मंडल र कमल सहनीको हकमा निजहरू सुरूबाटै फरार रही निजहरूको पुनरावेदन परेकोसमेत नहुँदा निजहरूको हकमा केही बोलिरहनु नपर्ने । पुनरावेदक प्रतिवादी रामचन्द्र राजवंशीलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको ३, ७, ९ नं. अनुसार ११ (एघार) वर्ष कैद र रू. ५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना हुने ठहरेको हदसम्म सुरू इन्साफ सदर गरेको उच्च अदालत विराटनगरबाट भएको मिति २०७३।१२।१६ को फैसला मिलेको देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादी उपेन्द्र साहको हकमा अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीत कसुर कायम गरेको हदसम्म उच्च अदालतको सो फैसला मिलेकै देखियो। तर सजायको हकमा निजलाई ऐ. ऐन महलको ३, ७ र ९ नं. बमोजिम १५ वर्ष कैदको सजाय गरेको हदसम्म सो फैसला केही उल्टी भई निज प्रतिवादी उपेन्द्रप्रसाद साहलाई ऐ. ऐन महलको ३ नं. बमोजिम ७ वर्ष तथा ऐ. ७ र ९ नं. बमोजिम थप २/२ वर्षसमेत गरी ११ (एघार) वर्ष कैद र रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर्छ। साथै निज अपराध गराउने मुख्य व्यक्ति अर्थात् सुत्रधार देखिँदा निजबाट पीडित विष्णु साहलाई उक्त

ऐनको १२ नं. बमोजिम रू.५०,०००/- क्षतिपूर्ति भराई दिनुपर्ने। पुनरावेदक प्रतिवादी संगिता मण्डलको हकमा निजको आरोपित कसुरमा संलग्नता नदेखिँदा निजलाई ऐ. महलको ४, ३, ७ र ९ नं. अनुसार ११ वर्ष कैद र रू. ५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना हुने गरी भएको इन्साफ मिलेको देखिएन। निजको हकमा उच्च अदालत विराटनगरको उक्त मिति २०७३।१२।१६ को फैसला उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने। प्रतिवादी प्रशान्त मण्डलको हकमा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहराएको सुरू इन्साफ सदर गरेको हदसम्म उच्च अदालत विराटनगरबाट भएको उक्त मिति २०७३/१२/१६ को फैसला सदर हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल फागुन ७ गते रोज ६ शुभम्।**

**३५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-WO-०५९८, उत्प्रेषणसमेत, मिठु खत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

प्रस्तुत रिट निवेदनमा २०२१।११।११ को सूचनाद्वारा “राजमार्ग क्षेत्र” घोषित सडकको केन्द्र रेखा देखि दायाँ-बायाँको २५ गज अर्थात् ७५ फिट जग्गाको हकमा “राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ बमोजिम साधारणतः क्षतिपूर्ति नपाउने र २०३४।३।२० को सूचनाद्वारा सीमा कायम २५।२५ मिटर अर्थात् थप ७ फिटको हकमा भने सो जग्गा कानूनबमोजिम प्राप्त नगरी व्यक्तिगत स्वामित्व समाप्त नहुने हुँदा निवेदकले दाबी गरे जस्तो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ अर्थात् वर्तमान संविधानको धारा २५ तथा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने अवस्था देखिन आएको।

तसर्थ, राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अन्तर्गत नेपाल सरकारबाट मिति २०२१।११।११ मा प्रकाशित सूचना बमोजिमको “राजमार्ग क्षेत्र” घोषित सडकको केन्द्रबाट दायाँ-बायाँ २५ गजसम्मको जग्गाको हकमा क्षतिपूर्ति नपाउने र २५ गज अर्थात् ७५ फिटदेखि बाहिर २५ मिटर अर्थात् ८२ फिटभित्रको अर्थात् सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ तथा ३क बमोजिम नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित २०३४।३।२० को सूचनाद्वारा थप सिमा अर्थात् ७ फिटको हकमा सानु श्रेष्ठसमेतको निवेदनमा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा क्षतिपूर्ति पाउने हुन्छ। विवादित जग्गामा लगतकट्टा गरेको हकमा लामो समय व्यतित भई निवेदन दायर भएकोले उक्त लगतकट्टा बदर गर्नु परेन। तर जग्गा आफ्नो भोगमा रहेको भन्ने निवेदकहरूको भनाइ हुँदा सडकको केन्द्र रेखाबाट दुवैतर्फ ७५/७५ फिटभन्दा बाहेकको जग्गामा सडकको विस्तारको क्रममा निवेदकको भोग देखिए ७५ फिट बाहिर २५ मिटर अर्थात् ८२ फिटभित्रको जग्गाको अर्थात् ७ फिट जग्गाको हकमा कानूनबमोजिम क्षतिपूर्ति प्रदान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७७ साल चैत्र १ गते रोज १ शुभम्।**

**३६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** ०७३-CI-१२९८, नक्सा निर्णय दर्ता

वदर दर्ता, बिलट साह तेली वि. रघुवीर साह तेलीसमेत

मिति २०६४।०८।२१ को सर्जमिन मुचुल्कासमेतको आधारमा ५ नं. नापी गोश्वारा सर्लाहीले मिति २०६४।९।३ मा कि.नं. १३९ को जग्गा मध्येमा ३ खण्डको १ खण्ड परसुराम साह तेली, १ खण्ड चुल्हाई साह तेली र १ खण्ड वादी विलट साह तथा विश्वनाथ साहको हक कायम हुने गरी निर्णय गरेको देखिन्छ । जग्गाको प्रकृति र सर्जमिन मुचुल्कासमेतका आधारमा संयुक्त दर्ता गर्ने हदसम्मको ५ नं. नापी गोश्वारा सर्लाहीको मिति २०६४।९।३ को निर्णय मनासिब नै देखिँदा सोही निर्णयलाई सदर गरेको हदसम्म पुनरावेदन अदालत जनकपुरको मिति २०७३।३।२६ को फैसला मिलेकै देखियो । तर कि.नं. १३९ को जग्गाको फिल्डबुकको जग्गाको विवरण महलमा इनार एरिया भन्ने देखिई सो जग्गामा दुवै पक्षका पुर्वजले इनार खनाएको भनी दाबी गरिरहेको अवस्थामा परम्परादेखि नै इनार रही दुवै पक्षले त्यसको उपभोग गरी सामूहिक लाभ लिन सक्ने स्थिति रहेको देखिँदा जग्गाको खण्डीकरण तथा बेचबिखन गर्न नपाउने गरी, इनारको प्रयोग इनारकै रूपमा रहने र सोको प्रयोजन सार्वजनिकसमेत हुने गरी साझा दर्ता हुने भन्नुपर्नेमा सो नभनेको हदसम्म पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।३।२६ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७७ साल माघ २९ गते रोज ५ शुभम् ।**

## इजलास नं.७

### ३७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-CR-०७७५, ठगी, अशोक पाल (गडेरी) वि. नेपाल सरकार

प्रतिवादीहरूले सञ्चालन गरेको तालिम तथा प्रमाणपत्रले कानूनी मान्यता प्राप्त गरेको देखिँदैन । CTEVT बाट सम्बन्धन प्राप्त गरेको, SLC पछिको +२ सरहको अध्ययन हो, BIT गर्न पाइने, लोक सेवा दिन पाइनेसमेतको विश्वासमा पारेको भनी जाहेरवालाहरूले बकपत्र गरेकोबाट निज प्रतिवादीहरूले विभिन्न विद्यार्थीहरूलाई विश्वासमा पर्ने गरी कार्य गरेको, विज्ञापनसमेत गर्ने गरेको देखिएबाट जाहेरवालाहरू झुक्यानमा परी प्रतिवादीले सञ्चालन गरेको तालिम लिन गएको, त्यसबापत शुल्क तिरेकै देखिन आएबाट प्रतिवादीहरूले कानूनबमोजिमको अख्तियारी प्राप्त नगरी गरेको कार्यबाट जाहेरवालाहरू गफलतमा पर्न गएको देखिँदा प्रतिवादीहरूको उक्त कार्य ठगीको महलको १ नं. विपरीतको देखिन आउने ।

प्रतिवादी अशोक पाल गडेरीले अभियोग दाबीअनुसार जाहेरवालाहरूलाई ठगी गरेको देखिई ठगीको महलको १ र ४ नं. अनुसार कसुर गरेको र प्रतिवादी सुनितादेवी राउतले ठगीको महलको ५ नं. अनुसारको कसुर गरेको देखिँदा जाहेरवालाहरूको जम्मा बिगो रू.१३,२१,५००।- (तेह्र लाख एक्काइस हजार पाँच सय रूपैयाँ) ठगी गरेको हुँदा कम बिगो कायम गरेको हदसम्म सुरू मोरङ जिल्ला अदालतको मिति २०७१।११।१७ को फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई उक्त बिगोबमोजिम हुने जरिवाना दामासाहीले हुने र उक्त बिगो जाहेरवालाहरूले भरिपाउने र प्रतिवादीहरूलाई जनही १ वर्ष ६ महिना कैद गर्ने गरेको मोरङ जिल्ला अदालतको फैसला मनासिब ठहर्छ भनी भएको उच्च अदालत विराटनगरको मिति २०७३।१२।२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । आफूहरूले कुनै ठगी नगरेकोले सजाय हुनुपर्ने होइन भनी लिएको पुनरावेदक प्रतिवादीको पुनरावेदन

जिकिर पुग्न नसक्ने।

मुलुकी अपराध संहिताको दफा २४९ को कानूनी व्यवस्थालाई मध्यनजर गर्दा संहिताको कानूनी व्यवस्था फैसला कार्यान्वयनकै सन्दर्भमा रहेको पाइन्छ। कुनै अदालतबाट कुनै कानूनअन्तर्गत ठहर भएको सजाय सोही कानूनबमोजिम कार्यान्वयन गरिने तर त्यस्तो कुनै कानूनअन्तर्गत भएका सजाय संहितामा व्यवस्था गरिएको सजायभन्दा बढी भएको अवस्थामा संहितामा उल्लेख भएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने भन्ने विधायिकी मनसाय रहेको सन्दर्भमा निज प्रतिवादीहरूको हकमा प्रचलित मुलुकी अपराध संहिताबमोजिम रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ) मात्र जरिवाना हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल मङ्सिर १७ गते रोज ४ शुभम्।**

३८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-RC-००२०, हाडनातामा जबरजस्ती करणी, नेपाल सरकार वि. परिवर्तित नाम ०८ चौबिसे (C)

मुलुकी अपराध संहिता, २०७४ को दफा ११ को कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीलाई जबरजस्ती करणीतर्फ १४ वर्ष कैद र हाडनाता करणीतर्फ जन्मकैदको सजाय निर्धारण गरेको र दफा ३६(३) बमोजिम हाडनाता करणी जबरजस्ती करणीभन्दा बढी कसुर भएको तथा जबरजस्ती करणीमा भन्दा हाडनाता करणीमा बढी कैद सजाय भएकोले फैसला कार्यान्वयनको रोहमा बढी सजाय भएको कसुर अर्थात् हाडनाता करणीमा भएको जन्मकैदको सजाय मात्र कार्यान्वयन हुने देखिन्छ। यस अवस्थामा सुरू अदालतले गरेको फैसलालाई सदर गरेको उच्च अदालतको फैसलालाई साधकको रोहमा जाँच गर्दा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीको जग्गा जमिन ५ रोपनी जति बारी भएको, निज प्रतिवादी, निजको श्रीमती, छोरीहरू तीन र छोरा १ गरी ६ जनाको परिवार रहेको, निज प्रतिवादीको बुबा पनि सँगै बस्छन् भन्ने पीडिताको बयानबाट देखिएको छ। नाबालक छोराछोरीको शिक्षा, स्वास्थ्य जस्ता कुरालाई विचार गर्दा निजको आर्थिक हैसियत एवम् अवस्था सामान्य नै रहेको देखिन्छ। निजको उल्लिखित आर्थिक अवस्थाअनुसार क्षतिपूर्ति स्वरूप निजबाट पीडितालाई पचास हजार रूपैयाँ भराई दिने गरी भएको फैसला मनासिबै देखिने।

हाडनाता करणीमा बाबुबाट सहोदर छोरी त्यसमा पनि नाबालिका छोरी गर्भिणी हुनु भनेको हाडनातातर्फ उपल्लो वर्गको कसुर हो। आफ्नै बाबुबाट गर्भिणी भएकी यी पीडिता बालिकाले अन्तिम अवस्थासम्म बाबुको डरले अथवा समाजमा अपहेलित हुने डरले सो कुरा कसैलाई नसुनाउनुलाई अन्यथा लिन पनि मिल्दैन। जब स्वास्थ्य परीक्षणबाट गर्भिणी रहेको कुरा खुल्दछ तब मात्र निज आफू बाबुबाट गर्भिणी रहेको कुरा सुनाउन बाध्य भएको अवस्था छ। बाबुबाट गर्भिणी रहेकी यी बालिकालाई आफू बाबुबाट गर्भिणी भएको कुरा सुनाउन त असजिलो भएको अवस्थामा निजले सोही घरमा बच्चा जन्माई सामान्य रूपमा बस्न र स्याहारसुसारको अपेक्षा गर्नु त्यति सहज हुने देखिँदैन। बाबुले मार्नेसम्मको धाकधम्की दिई करणी गरी निज गर्भिणी भएकी अवस्था हुँदा यसमा निजको कुनै दोष देखिँदैन। अकल्पनीय घटना परिस्थितिबाट गुज्रिएकी यी बालिकालाई पनि सम्मानपूर्वक बाँच्न पाउने हक नेपालको संविधानले प्रत्याभूत गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ को देहाय (ग) मा हाडनाताबाट रहन गएको गर्भ पनि

१८ (अठार) हप्तासम्मको भए गर्भपतन गराउन सक्ने हुन्छ । तर प्रस्तुत पीडिताको त्यस्तो अवस्था पनि थिएन । यस अवस्थामा गर्भमा रहेको बच्चा सकुशल जन्मन पाउनु एवम् निजको उचित संरक्षण गर्नु तथा प्रत्येक महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी समुचित व्यवस्था गर्ने दायित्व संविधानतः राज्यको हुनेमा विवाद देखिँदैन। संविधानले मौलिक हकको रूपमा गरेको उक्त व्यवस्थाअनुसारको सुविधा पाउनु यस्तो अवस्थाकी यी पीडिता गर्भिणी बालिका र निजको गर्भमा रहेको शिशुको अधिकार हो। यस्तो अवस्थाको विद्यमानतामा निज पीडिता गर्भिणी बालिका र निजबाट जन्मने बच्चालाई आवश्यक पर्ने स्वास्थ्य परीक्षण, प्रसूति खर्च, स्याहारसुसार, रेखदेख, हेरविचार एवम् संरक्षणको समुचित व्यवस्था गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रबन्ध राज्यले अनिवार्य रूपमा गर्नै पर्दछ । आफ्नै बाबुबाट गर्भिणी भई घरमै रहेकी यी पीडिता बालिका हाम्रो विद्यमान पारिवारिक एवम् सामाजिक परिवेशमा घरमै रहँदा बस्दाको अवस्थामा हुन सक्ने मानसिक कुण्ठा, सम्भावित अपहेलित व्यवहार, नैतिक संकट, समाजले निजलाई हेर्ने दृष्टिकोण आदि जस्ता कठिनाईको विश्लेषण गर्दा प्रतिवादीको तर्फबाट क्षतिपूर्ति तथा नेपाल सरकारको तर्फबाट क्षतिपूर्तिलगायत प्रसूति खर्च एवम् स्याहारसुसारमा स्वास्थ्य केन्द्रमा हुने खर्च र सम्बन्धित मन्त्रालयको तर्फबाट निज पीडिता नाबालिका र निजबाट जन्मने बच्चालाई संरक्षण गृहमा राखी उचित शिक्षा स्वास्थ्य र जीविकोपार्जनको व्यवस्था हुने गरी भएको फैसला न्यायको रोहमा मनासिब देखिने।

प्रतिवादी बाबुले पीडिता नाबालिका छोरीलाई करणी गरेको विषय जबरजस्ती करणी र हाडनाता करणी गरेको भनी मिति २०७५।१२।४ मा कसुर ठहर गरेको र जबरजस्ती करणीतर्फ १४ वर्ष र हाडनाता करणीतर्फ जन्मकैदको सजाय निर्धारण गरी जन्मकैदको सजाय कार्यान्वयन हुने भनी मिति २०७५।१२।१४ मा ठहर गरेको तथा निज पीडिता नाबालिका र निजबाट जन्मने बच्चाका सम्बन्धमा क्षतिपूर्ति, प्रसूति खर्च, स्याहारसुसारमा हुने खर्च, उचित शिक्षा स्वास्थ्य, जीविकोपार्जनको व्यवस्था, संरक्षण गृहमा राख्नेलगायतका व्यवस्था गर्नु भनी भएको सुरू धनकुटा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।२।२८ मा भएको फैसला साधकको रोहमा हेर्दासमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम्।**

**३९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७७-WH-००१०, बन्दीप्रत्यक्षीकरण, उद्दव अधिकारी वि. गृह मन्त्रालय, कारागार कार्यालय, डिल्लीबजारसमेत

मुलुकी ऐन खारेज गरी मुलुकी अपराध संहिता, २०७४ लागु गर्दा विधायिकाले पहिले बढी सजाय भएको अपराधमा संशोधन गरी पछि कम सजाय गरेको अवस्था देखियो । यसरी विधायिकाले नै बढी सजायलाई कम सजाय हुने गरी ऐन कानूनमा व्यवस्था गरेपछि अदालतले पनि न्यायको रोहमा सोलाई विचार गरी निर्णय गर्नु न्यायसङ्गत हुने।

निवेदकलाई अघिल्लो मुलुकी ऐनबमोजिम ठगी मुद्दाहरूको सजायमा रू.२६,७५,२९५।- जरिवाना तोकिएकोमा पछिल्लो ऐन मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(१)(ग) मा ठगी कसुरमा रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ)

सम्म जरिवाना हुन सक्ने गरी कम सजाय निर्धारण गरेको हुँदा यी निवेदकलाई लागेको कैदको हकमा काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसलाले तोकेबमोजिम र जरिवानाको हकमा रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ) सम्म मात्र जरिवाना हुन सक्ने देखिएको ।

निवेदकलाई भएको १ (एक) वर्ष कैद मिति २०७६।८।२६ गते भुक्तान गरिसकेको देखिएको र निजलाई रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ) जरिवाना हुनेमा यी निवेदक उद्दव अधिकारीले मिति २०७६।८।२७ देखि हालसम्म थुनामा बसेको हुँदा उक्त ठगी मुद्दामा लागेको जरिवाना रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ) को हकमा बढी कैद बसेबापत कट्टा भइसकेको देखिने ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न मिल्ने देखिएन । यी रिट निवेदकलाई अदालतको फैसलाअनुसार उल्लिखित ठगी मुद्दामा लागेको कैद तथा जरिवाना असुल भइसकेको देखिँदा निजलाई कैदमा राखिरहनु गैरकानूनी देखियो। निजलाई अन्य मुद्दा वा कारबाहीबापत थुनामा राख्नुपर्ने नदेखिए प्रस्तुत मुद्दाको हकमा तत्काल कैद मुक्त गरी दिनु भनी नेपालको संविधानको धारा १३३ (२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल साउन १९ गते रोज २ शुभम्।**

## ४०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७२-CR-०८१४, डाँका चोरी, नेपाल सरकार वि. आकाश तामाङसमेत

प्रतिवादीहरूले उक्त वारदातमा संलग्न भई जाहेरीमा उल्लेख भएका धनमाल आफूहरूले डाँका गरी लगेकोमा अधिकार प्राप्त अधिकारीसमक्ष साबित भई बयान गरिदिएको देखिन्छ। जाहेरीबमोजिमको धनमाल प्रतिवादीहरूले डाँका गरी लगेका हुन् भनी जाहेरवाला कमलाकुमारी तुलाचनले सनाखत गरिदिएको कागज मिसिल संलग्न रहेको पाइन्छ । प्रतिवादीमध्येका सोनाम लामाको कोठाबाट LCD टि.भी.समेत बरामद भई आएको र बरामद भई आएका टि.भी., डिजिटल क्यामेरा तथा मोबाइल सेटसमेतका सामानहरू आफ्नो रेस्टुरेन्टबाट प्रतिवादीहरूले डाँका चोरी गरी लगेका हुन् भनी निज जाहेरवालाले सनाखतसमेत गरिदिएको पाइन्छ। प्रतिवादीहरू अदालतमा बयान गर्दा आरोपित कसुरमा पूर्ण रूपमा इन्कार देखिएपनि जाहेरवालीले यी प्रतिवादीहरूले नै २/२ वटा खुकुरी देखाई त्यही खुकुरीले तन्ना र पर्दा काटेर हामी ५ जनाको कसैको हात, कसैको खुट्टा बाँधी दराजको चाबी खोसेर सामानहरू डाँका गरी लगेका हुन्, प्रतिवादी सोनामलाई आफैँले समातेर प्रहरीलाई बुझाएको हो भनी अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ । यसरी चोरी भएको धनमाल जाहेरवालीको भनाइअनुसार यी प्रतिवादीहरूको साथबाटै बरामद भएको देखिएबाट प्रतिवादीहरू अदालतमा इन्कार रहे तापनि आफ्नो इन्कारी पुष्टि हुने तथा बरामद भएका सामान अन्यथा प्रमाणित हुने कुनै पनि प्रमाण यी प्रतिवादीहरूबाट पेस हुन नआएको अवस्थामा निज प्रतिवादीहरू आरोपित वारदातमा संलग्नता थिएन भन्न सकिने नदेखिने ।

जाहेरीमा उल्लिखित विवरण र मोल अनुसारकै धनमाल डाँका चोरी भएको तथ्य समर्थित भइरहेको अवस्थामा केवल प्रतिवादीहरूबाट बरामद धनमाल मात्र चोरी गरेको ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसला नमिलेकोले सबै प्रतिवादीहरूलाई जनही जरिवाना गर्नुपर्ने भनी लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, ....मुलुकी ऐन, चोरीको महलको १० नं. को देहाय ३ मा "सबै प्रकारको चोरी मुद्दामा बिगो जसले जति-जति खाएको ठहर्छ उसबाट उति-उति असुल गरी लिनुपर्छ...." भन्ने स्पष्ट कानूनी व्यवस्था भएको पाइन्छ भने ऐ. महलको दफा १४(४) मा "डाँका गर्नेलाई बिगोको डेढी बढाई जरिवाना गरी पहिलो पटकलाई छ वर्ष, दोस्रो पटककोलाई नौ वर्ष र तेस्रो पटक देखिकोलाई जतिसुकै पटकको भए पनि बाह्र वर्ष कैदसमेत गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट डाँका चोरी भई बरामद भएको रकममध्ये फरक-फरक बिगोबमोजिमको रकम बरामद भई खाएको अवस्था देखिन्छ। सो हुँदा प्रस्तुत मुद्दामा जुन-जुन प्रतिवादीबाट जे-जति बिगो बराबरको धनमाल बरामद भएको छ, निजहरूबाट सोही बिगोको डेढी बढाई जरिवाना गरेको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको फैसला मनासिब नै देखिन आयो । प्रतिवादीहरूलाई डाँका चोरी भएको कूल बिगोको डेढी जनही जरिवाना हुनुपर्ने भनी लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, चोरीको महलको १ र ६ नं.को कसुरमा ऐ.१४(४) नं. बमोजिम प्रतिवादीहरूमध्ये प्रकाश सुवेदीलाई १२ वर्ष कैद र बिगो रू.११,०००।- को डेढी रू.१६,५००।- जरिवाना, प्रतिवादी सोनाम लामालाई ६ वर्ष कैद र बिगो रू.३६,०००।- को डेढी रू.५४,०००।- जरिवाना, प्रतिवादी मोहन भन्ने मधुसिंह थापालाई ६ वर्ष कैद र बिगो रू.६,२००।- को डेढी रू.९,३००।- जरिवाना र प्रतिवादी आकाश तामाङलाई ६ वर्ष कैद र बिगो रू.१०,०००।- को डेढी रू.१५,०००।- जरिवाना हुने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।३।१८ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।३।१४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सीता अधिकारी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल असोज १४ गते रोज ४ शुभम्।**

## इजलास नं.८

### ४१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७६-CR-११७५, कर्तव्य ज्यान, पिन्टु भन्ने सिन्टुप्रसाद पासी वि. नेपाल सरकार

भवितव्य हत्या पुष्टि हुनका लागि रिसइवी, मनसाय, योजना वा षडयन्त्र ती कुनै पनि तत्त्वको विद्यमानता नभएको र सावधानीपूर्वक कुनै काम गर्दा मानिस मर्ला भन्ने जस्तो अवस्था नदेखिएको हुनुपर्ने। अर्थात् कुनै पनि योजना मनसाय सोच समझ नभई भएको कामकारबाहीबाट आकस्मिक रूपमा त्यस्तो वारदात घटित भई मानिसको ज्यान मर्न गएको हुनुपर्ने । कर्तव्य गरी ज्यान मारेको कसुरमा मनसाय तत्त्वको महत्त्वपूर्ण स्थान हुने र मनसाय बेगर कसैले

पनि कसैको ज्यान नलिने हुँदा मनसाय थियो, थिएन भन्ने कुरा प्रतिवादीको कामकारबाहीबाट नै निक्यौल गर्नुपर्ने ।

प्रस्तुत वारदातमा रातको समयमा अब्दुल अयुव खानसँग प्रतिवादीको भेटघाट भई केही समय पछि प्रतिवादी घरजान लाग्दा निजलाई घर जान नदिई घर जाने विषयमा विवाद हुँदा, आफूलाई गालीगलौज र कुटपिट गरेको हुँदा, रिस उठी तत्काल छेउमै रहेको कोदालोको बिड र चक्कुले प्रहार गरेको भनी मौकाको बयानमा र लौराले अब्दुल अयुव खानलाई प्रहार गर्दा टाउकोमा चोट लाग्न गई सोही चोटको कारण निजको मृत्यु भएको हो भनी प्रतिवादीले अदालतसमक्षको बयानमा स्वीकार गरेको पाइन्छ । प्रतिवादीले अब्दुल अयुव खानको टाउकोमा कोदालोको बिँडसमेतले प्रहार गरेको कारणबाट गहिरो चोट लाग्न गएको पाइन्छ । अब्दुल अयुव खानलाई प्रहार गर्दा कोदालोको बिँडसमेत भाचिई दुई टुक्रा भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । चक्कु र कोदालोको बिँडले कुनै पनि व्यक्तिलाई प्रहार गर्दा ज्यान जान सक्छ भन्ने कुरा एउटा सामान्य समझको मानिसले पनि थाहा पाउने विषय हो । यसरी कोदालाको बिडसमेतले अब्दुल अयुव खानको टाउकोमा प्रहार गरी रगताम्मे भई भुइँमा लडेपछि पनि बचाउनतर्फ नलागी, कसैलाई जानकारी नदिई छेउमै भएको बोराले मृतकको टाउको छोपी बेरी गएको देखिँदा निज प्रतिवादीमा मार्ने तत्त्व विद्यमान नभएको भनी मान्न सकिने अवस्था पनि रहेन । यसरी कोदालोको बिँड एवं चक्कु प्रहारको चोटको कारणबाट अब्दुल अयुव खानको मृत्यु भएको तथ्य मिसिलबाट पुष्टि भइरहेको अवस्था हुँदा प्रस्तुत वारदातलाई भवितव्य घटनाको रूपमा लिन मिल्ने नदेखिँदा भवितव्य ठहऱ्याई न्याय निरूपण हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: प्रस्तुत मुद्दाको वारदातको प्रकृति र अवस्था हेर्दा राति साथमा भेटघाट भएका अब्दुल अयुव खानसँग प्रतिवादीले घर जान्छु भन्दा अब्दुल अयुव खानले प्रतिवादीको हात समाति जान नदिई गाली गलौज गर्नुका साथै प्रतिवादीलाई छातीमा हानेपछि रिसले आफूले निजलाई प्रहार गरेको भन्ने तथ्य प्रतिवादीले कसुर स्वीकार गर्दाको क्रममा उल्लेख गरेबाट कुटपिट प्रहार हुनुपर्ने सम्मको जरिया निज अब्दुल अयुव खानबाट उत्पन्न भएको देखिएको, आफूले प्रहार गरेको चोटको कारण अब्दुल अयुव खानको मृत्यु भएको भनी प्रतिवादीले मौकामा तथा अदालतसमक्ष आरोपित कसुरमा साबित रही अनुसन्धान र न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको देखिएको र वारदातको समयमा प्रतिवादीको अपरिपक्व उमेर, अवस्था रहेको परिप्रेक्ष्यमा प्रतिवादीलाई जन्मकैदको सजाय चर्को पर्न सक्ने भएकाले मुलुकी ऐन ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम जन्मकैद हुने ठहर गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादी पिन्टु भन्ने सिन्टुप्रसाद पासीलाई १० वर्ष कैद सजाय हुन राय व्यक्त भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६।५।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गणेशकुमार गौतम

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७७ साल असोज ६ गते रोज ६ शुभम् ।**

**४२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-२६११, कर्तव्य*

*ज्यान, लालुमाया तामाङ वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालत दुवै निकायसमक्ष पतिले रक्सी खाएर आई आफूलाई समेत रक्सी खान दिई मार्ने नियतले घाँटीमा समाई भुइँमा लडाएकाले आत्मरक्षाको लागि आफ्नो ज्यान बचाउन सोही स्थानमा रहेको बिड नभएको खुर्पाले पतिको टाउकोमा हान्दा उक्त दुःखद वारदात घट्न गएको हो । मैले नियतवश उक्त घटना घटाएको होइन भनी कसुर गरेबापत पश्चाताप गरी कसुरलाई स्वीकार गरी न्यायिक प्रक्रियालाई सहयोग गरेको देखिन्छ । प्रतिवादीले आवेशमा आई वारदात घटाएपश्चात् पतिलाई बचाउनका लागि घाउमा मलम लगाई माइतीसमेत बोलाई हारगुहार मागेको तथ्यलाई यी प्रतिवादीको बयानका साथै मिसिल सामेल रहेका अन्य प्रमाणहरूले पुष्टि गरेको देखिन्छ । प्रतिवादीको आर्थिक अवस्था कमजोर रहेको र निजले लालन पालन गर्नुपर्ने नाबालक बच्चाको जिम्मेवारीलगायतका कुराहरूलाई विचार गर्दा निज प्रतिवादी लालुमाया तामाङलाई साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम आठ (८) वर्ष कैदको सजाय निर्धारण गर्दा पनि ऐनको मनसाय पूरा हुने भई न्यायोचित एवम् सजाय पर्याप्त हुने देखिएकोले निज प्रतिवादीलाई उच्च अदालत पाटनले जाहेर गरेको दश (१०) वर्षको कैदको सजाय हुने रायमा परिवर्तन गरी प्रतिवादी लालुमाया तामाङलाई आठ (८) वर्ष कैदको सजाय हुने राय कायम गर्नु न्यायोचित हुने ।

तसर्थ, प्रतिवादी लालुमाया तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको उच्च अदालत पाटनबाट मिति २०७५।१२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ तर प्रतिवादी लालुमाया तामाङको उमेर, पतिको मृत्युपश्चात् नाबालक सन्तानलाई लालनपालन गर्नुपर्ने बाध्यात्मक दायित्व र निजको बाँकी रहेको सिंगो जीवन बिताउनुपर्ने अवस्थाको कारण निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिई थोरै सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी लालुमाया तामाङलाई साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम आठ (८) वर्ष कैद हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम् ।**

४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-०६५६, ०७२-CR-०८०६, कर्तव्य ज्यान, दिवस पाण्डेसमेत वि. नेपाल सरकार, सुशिल खत्री वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादीहरूको मौकाको बयानबाहेकका कुनै पनि तथ्य एक आपसमा आवद्ध र अन्योन्याश्रीत भएको नदेखिने ।

यसरी प्रतिवादीहरू दिनेश पाण्डे र दिवस पाण्डेको गोपालबहादुर पाण्डेलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्नता नदेखिएको र मार्नेसम्मको योजना र मनसायसमेत नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिनुपर्नेमा पुनरावेदन अदालत पाटनले लासजाँच प्रकृति मुचुल्का र *Autopsy report* लाई आधार मानी यी प्रतिवादीहरू दिनेश पाण्डे र दिवस पाण्डेलाई समेत अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गर्ने गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त

फैसला उल्टी भई निज प्रतिवादीहरू दिनेश पाण्डे र दिवस पाण्डेले अभियोग दाबीबाट सफाइ पाउने।

प्रतिवादी सुशिल खत्रीले मौकामा तथा अदालतमासमेत गोपाल पाण्डेलाई पटक पटक ढुङ्गा प्रहार गरेको तथ्य स्वीकार गरेको र सोही चोटका कारण गोपाल पाण्डेको मृत्यु भएको देखिने। प्रतिवादीले ढुङ्गा प्रहार गरी गोपालबहादुर पाण्डेलाई घाइते बनाएको तथ्यमा यी प्रतिवादी मौकामा अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत साबित भएको र सोही चोटका पिरले गोपाल पाण्डेको मृत्यु भएको देखिन्छ । लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट उक्त बयान बेहोरा मेल खान पुगेको देखिन्छ। यसरी यी प्रतिवादीले अभियोग दाबीबमोजिम आपराधिक कार्य गरेको पुष्टि हुन आई यी प्रतिवादीउपरको कसुर कायम भएको अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम जन्मकैदको सजाय गर्ने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला यी प्रतिवादीको हकमा अन्यथा देखिन नआएको हुँदा अभियोगदाबीबाट सफाइपाउँ भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी सुशिल खत्री मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत कसुर गरेकोमा साबित रही न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको, मार्नेसम्मको योजना, मनसाय नदेखिएको, मार्नुपर्नेसम्मको कारण नदेखिएको, वारदातको अवस्थामा निजको उमेर २१ वर्ष मात्र देखिएको र रक्सी सेवनको उत्तेजनाको कारण घटना घट्न पुगेको वारदातको अवस्था र परिस्थितिसमेतका कारणबाट निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क (१) बमोजिम निज प्रतिवादी सुशिल खत्रीलाई १२ वर्ष कैद गर्दा कानूनको मक्सद पूरा हुने देखिँदा यी प्रतिवादी सुशिल खत्रीलाई १२(बाह्र) वर्ष कैदको राय कायम गर्नु मनासिब हुने।

तसर्थ, प्रतिवादीहरू दिनेश पाण्डे र दिवस पाण्डेलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरू दिनेश पाण्डे र दिवस पाण्डेले सफाइ पाउने ठहर्छ र प्रतिवादी सुशिल खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने । तर प्रतिवादी सुशिल खत्रीले कसुर गरेकोमा साबित रही न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको, मार्नेसम्मको योजना, मनसाय नदेखिएको, वारदातको अवस्थामा निजको उमेर २१ वर्ष मात्र देखिएको र वारदात हुँदाको अवस्था र परिस्थितिसमेतका कारणबाट निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिई थोरै सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी सुशिल खत्रीलाई साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम १२(बाह्र) वर्ष कैद हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल / केदारप्रसाद गौतम

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल असार ३० गते रोज ३ शुभम्।**

**४४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०९६१, लागु औषध ब्राउन सुगर, सन्दिपराज श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी सन्दिपराज श्रेष्ठले अभियोग दाबीमा उल्लिखित लागु औषधको बिक्री वितरण गर्ने उद्देश्यले सञ्चय तथा ओसारपसार गरेको भन्ने वादी पक्षको अभियोग दाबी रहे पनि सो कुरा वादी पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएकोले प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) मा उल्लिखित कसुर गरेको भनी मान्न मिलेन। उक्त लागु औषध सेवनको लागि ल्याएको हो भनी प्रतिवादी स्वयंले अदालत तथा मौकामा बयान गर्दा लेखाइदिएको र सो बयान बरामदी मुचुल्का एवम् प्रतिवेदक प्रहरी हवल्दार प्रभु कोहार र यिनै प्रतिवादीका साक्षीको अदालतको बकपत्रसमेतबाट समर्थित भइरहेको अवस्थामा निज प्रतिवादीले उक्त लागु औषध सेवन गर्ने प्रयोजनको लागि ल्याएको भन्ने तथ्य प्रमाणहरूबाट पुष्टि हुन आएकोले प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) बमोजिमको कसुर गरेको भन्ने पुष्टि हुन आएको।

अफिम, कोका वा सोबाट बनेको लागु औषधको सेवन र खेती गर्ने कार्यबाहेक अन्य निषेधित कार्य अर्थात् लागु औषधको मात्रा परिमाण र सोको आधारमा कारोबार गरेको अवस्था पुष्टि भएमा मात्र ऐनको दफा १४(१)(छ)(१) बमोजिमको सजाय आकर्षित हुने हो तर यी प्रतिवादी सन्दिपराजले आफूले सेवन गर्नका लागि ल्याएको हो भन्नेबाहेक उल्लिखित निषेधित कार्यहरू गरेको भन्ने मिसिलमा कहीँकतैबाट देखिन आउँदैन। बरामद भई आएको लागु औषधको परिमाण जम्मा ३ ग्राम ९०० मिलिग्राम मात्र रहेको र सो पनि अर्का प्रतिवादी संविधान खत्रीबाट बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिएको सन्दर्भमा उक्त परिमाणलाई उल्लेखनीय परिमाणको हो भनी र बिक्री वितरणको उद्देश्यले कारोबार गरेको हो भनी मान्न मिल्ने नदेखिएकोले कसुरको प्रकृति, गाम्भीर्य र बरामद भएको लागु औषधको मात्रा र परिमाण तथा आफूसँग बरामद भएको नाइट्रोभेट १५ ट्याबलेट सेवनका लागि ल्याएको भन्ने प्रतिवादीको बयान र सो बयान माथि विवेचित भएको प्रमाण आधार र कारणबाट यी प्रतिवादीलाई ऐनको दफा १४(१)(छ)(१) बमोजिमको सजाय आकर्षित हुने नदेखिने। यी प्रतिवादीले बरामद भई आएको लागु औषध नाइट्राभेट निजकै साथबाट बरामद भएको र निज आफैँले सेवनका लागि ल्याएको भन्ने पुष्टि हुन आएकाले निजलाई दफा १४(१)(ङ) बमोजिम सजाय आकर्षित हुने।

तसर्थ, सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।१२।२५ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीलाई ऐ.ऐनको दफा १४(१)(छ)(१) को बमोजिम ५ वर्ष कैद र रू.५०००।- जरिवाना हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।१२।१८ को फैसला मिलेको नदेखिँदा प्रतिवादी सन्दिपराज श्रेष्ठलाई ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम रू.१०,०००।- जरिवाना हुने। बरामद भई आएको लागु औषध नाइट्राभेटलाई नेपाल सरकारले प्राकृतिक वा कृत्रिम लागु औषध वा मनोद्वीपक पदार्थको सूचीमा राखी नेपाल राजपत्रमा प्रकाशित गरी तोकिदिएको हुँदा निज प्रतिवादीलाई ऐ.ऐनको दफा १४(१)(ज) बमोजिम थप रू.२०००।- जरिवानासमेत हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल, मानबहादुर विष्ट

**इति संवत् २०७७ साल कात्तिक २७ गते रोज ५ शुभम्।**

**इजलास नं.९**

**४५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१२६४, अदालतको अवहेलना, दिपकुमारी पाण्डे वि. मालपोत कार्यालय रूपन्देही, सिद्धार्थनगर, भैरहवासमेत

पुनरावेदन अदालत बुटवलको मिति २०६६।०६।२५ को परमादेशले समेत उक्त कि.नं. संशोधन गरी पूर्जा दिनु भनी परमादेशको आदेश भएको र माग गरेको कि.नं.२७८ र ४७८ को फिल्डबुक हेर्दा पर्ति ऐलानी ८ नं. भनी उल्लेख भएको, कैफियत महलमा रूपन्देही कपिलवस्तु जिल्ला वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको च.नं. ११९७ मिति २०४६।१२।३१ को पत्रले माया देवी र लिलादेवीको नाममा दर्ता भएको देखिन्छ । मिसिल कारबाहीको क्रममा फिल्ड निरीक्षण गर्दा उक्त कित्ता नम्बरको जग्गा निवेदकको हक भोगमा नरहेको, तिरो तिरान नरहेको अवस्था र कि.नं. २७८ मा ढककुमारी सोमाईसमेत २६ जनाको पक्की २ तले र १ तले घर रही २६ परिवारले घर बनाई बसोबास गरी आएका र कि.नं. ४७८ मा मानबहादुर महतको पक्की २ तले घरसमेत अन्य ३ परिवारको घर रही जम्मा ४ वटा घर रहेको अवस्था भएकोमा निजहरूले हामी घर हुने व्यक्तिका नाममा जग्गा दर्ता हुनुपर्ने भनी मालपोत कार्यालयमा माग गरेको देखिन्छ भन्ने मालपोत कार्यालयले पेस गरेको लिखित जवाफबाट देखिन आएको छ । अदालतको मान मर्यादा र प्रतिष्ठामा आँच आउने कामकारबाही म र मेरो अड्डाबाट कहिल्यै पनी नभएको र अब पनि नहुँने भनी प्रमुख मालपोत अधिकृतले प्रतिबद्धतासमेत व्यक्त गरेको देखिन्छ । अन्जानमा तथा भूलवश कुनै त्रुटि भएको भएमा क्षमायाचना गर्दछु प्रमाण एवम् नीति, नियम, तथा ऐन कानूनको द्विविधाले पर्न जाने बाधा अड्चनकै कारण निर्णय गर्न विलम्बता भएको हुँदा क्षमा चाहान्छौ भनी प्रमुख मालपोत अधिकृतसमेतको लिखित जवाफ परेको अवस्थामा अदालतको आदेशको अवहेलना भयो भन्ने पुनरावेदकको पुनरावेदन जिकीर मनासिब देखिन नआउने।

अदालत सदैव जनआस्थामा अडेको हुन्छ र यो नै अदालतको मूलभुत कुरा हो। अदालतबाट भएको निर्णय एवं आदेशको पालना गर्नु सबैको दायित्व तथा कर्तव्य हुन आउँछ । अदालतले फैसला तथा आदेश जारी गर्ने तर कार्यान्वयन गर्ने निकायले सो फैसला तथा आदेश कार्यान्वयनमा उदासिनता देखाउने हो भने जनताले न्याय पाउन सक्ने र न्यायको अनुभूति गर्न सक्ने अवस्था रहँदैन। कागजी रूपमा मुद्दा जिते तापनि सो जितेको अनुभूति फैसला तथा आदेश कार्यान्वयन पछिमात्र हुने हुँदा सोतर्फ सबैको ध्यान जानु आवश्यक रहेको हुन्छ । अदालतले मालपोत कार्यालयलाई केही कुरा गर्नु भनी आदेश जारी गरिसकेपछि सो आदेशको पालना गर्नू र समयमै कार्यान्वयन गर्ने पूर्ण दायित्व तथा कर्तव्यसमेत मालपोत कार्यालयकै हुन आउँछ। केही प्राविधिक तथा ऐन कानूनको द्विविधाका कारणले कामकारबाहीमा ढिलाई भएको हो आदेशको पालना गर्न हामी तयार छौं भनी काममा भएको ढिलाईका सम्बन्धमा क्षमा माग्दै मालपोत कार्यालय रूपन्देहीले लिखित जवाफसमेत पेस गरेको अवस्थामा अदालतको अवहेलना नै गरेको भनी सजाय गरि हाल्नु न्यायसङ्गत नहुने हुँदा विपक्षीले क्षमा माग गरी लिखित जवाफ प्रस्तुत भएको देखिँदा निवेदिका दिपकुमारी पाण्डेले विपक्षीलाई अवहेलनामा कारबाही चलाई हदैसम्म सजाय गरिपाउँ भनी दायर गरेको निवेदन दाबी पुग्न सक्दैन निवेदन खारेज हुने ठहर्छ भनी

पुनरावेदन अदालत बुटवलले मिति २०७०।०४।२९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने । निवेदन माग दाबीबमोजिम विपक्षीलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

जनविश्वासनै अदालतको सम्पत्ति हो । अदालतबाट भएको फैसला तथा आदेशको पालना गर्नु मालपोत कार्यालय तथा अन्य सम्पूर्ण न्यायिक निकाय तथा अर्धन्यायिक निकायसमेतको दायित्व तथा कानूनी कर्तव्यभित्र पर्न आउँछ । अदालतले फैसला तथा आदेश जारी गर्ने तर कार्यान्वयन गर्ने निकायले सो फैसला तथा आदेश कार्यान्वयनमा उदासिनता देखाउने हो भने जनताले न्याय पाउन सक्ने र न्यायको अनुभूति गर्न सक्ने अवस्थासमेत नरहने भएकोले २०६६।६।२५ गतेको पुनरावेदन अदालत बुटवलबाट भएको आदेश तथा फैसला कार्यान्वयन नभई अनिर्णयको अवस्था रहेको देखिन्छ । लामो समय निवेदन अनिर्णयको अवस्थामा राख्नु भनेको न्यायको बाधक हो । न्यायले सधैँ कार्यान्वयनको अपेक्षा राख्दछ । फैसलाको सम्मान र पालना प्रत्येक व्यक्ति र राज्यको जिम्मेवार निकायको कर्तव्य हो । सरकारको महत्त्वपूर्ण अड्डाको रूपमा रहेको मालपोत कार्यालयको दायित्व अझ बढी देखिन्छ । तसर्थ, ऐन कानूनले तोकेको समय सीमामा रही काम कारबाही गर्नु गराउनु भनी मालपोत कार्यालय, रूपन्देहीका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : जनकसिंह बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ साल जेठ २४ गते रोज ६ शुभम् ।**

४६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-०७००, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. दिपक माझीसमेत

प्रतिवादी दिपे भन्ने दिपक माझीको साथबाट धारिलो हतियार दाउ फेला परे पनि घाइतेको घा जाँच रिपोर्टमा blunt trauma र blunt weapon used भन्ने उल्लेख भएको पाइन्छ तर वारदातमा उक्त हतियार प्रयोग भए नभएकोमा कुनै वैज्ञानिक परीक्षणसमेत भएको पाइँदैन । साथै मिसिल संलग्न सम्पूर्ण कागजातको मूल्याङ्कन गर्दा प्रतिवादीद्वय दिपे भन्ने दिपक माझी र सफल माझी उक्त वारदातमा प्रत्यक्षरूपमा संलग्न रहे भएको देखिन आएन । यस अवस्थामा यी प्रतिवादीद्वयको जाहेरीमा नाम उल्लेख भएकै आधारमा ज्यान मार्ने उद्योगको कसुर ठहऱ्याउनु न्याय तथा कानूनसङ्गत हुने देखिन नआएकोले यी प्रतिवादीहरू दिपे भन्ने दिपक माझी र सफल माझीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिन आएको ।

अतः माथि विवेचित आधार र कारणबाट वारदातको प्रकृतिबाट पीडित र प्रतिवादी दिपक माझीबिच भनाभन भई कुटपीट भएको भन्ने मिसिल प्रमाणबाट देखिन आएको, पीडितको बकपत्र बेहोरासमेतबाट पीडित र प्रतिवादीबिच पूर्वरिसइवी रहेको नदेखिएको, ज्यानै मार्ने मनसायका साथ कुटपिट गरेकोसमेत नदेखिएको अवस्थामा ज्यानसम्बन्धी महलको १५ नं.को कसुर स्थापित हुन नसक्नेमा प्रतिवादी दिपक माझीलाई दाबीअनुसारको सजाय गर्ने गरेको र अन्य प्रतिवादीहरू दिपे भन्ने दिपक माझी र सफल माझीलाई सफाइ दिई भएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७३/४/२४ को फैसलालाई केही उल्टी गरी कुटपिटमा परिणत हुने गरी प्रतिवादी दिपक माझीसमेतले सफाइ पाउने ठहऱ्याई

भएको उच्च अदालत पाटनको मिति २०७४।०९।०३ को फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : हिरा माया अवाल

**इति संवत् २०७७ साल जेठ २८ गते रोज ४ शुभम् ।**

**४७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७१-CI-०२३२, लेनदेन, चन्द्र नारायण चौधरीसमेत वि. रेणुदेवी साह

पुनरावेदक प्रतिवादीहरूले ऋणी इन्द्रा चौधरीले लिखत गर्नुभन्दा अघि नै आफूहरूबाट अंश छोडपत्र गरी भिन्न भएको र घरको मुलीसमेत नभएकोले निजले लिए खाएको ऋणको दायित्व बहन गर्नुपर्ने होइन भनी पुनरावेदन जिकिर लिएता पनि सो लाई खण्डन हुने गरी आफ्नो प्रतिउत्तर पत्रमा कहि कतै अंश छोडपत्र भएको भनी खुलाउन सकेकोसमेत देखिँदैन । तसर्थ यस अदालतबाट मिति २०५३।९।१ मा ऋणी इन्द्रा चौधरी यी पुनरावेदकहरूबाट अंश भरपाई गरी छुट्टिभिन्न भइसकेको अवस्थामा मिति २०५४।७।२५ को लिखतअनुसारको ऋण पुनरावेदक प्रतिवादीबाट वादीलाई भराई दिने गरी भएको फैसला फरक पर्न सक्ने भनी भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

दाबीको लिखतमा सो ऋण स्वरूप ब्याजको हकमा ऋणी इन्द्रा चौधरीको नामको जग्गा भोगचलन गरी खानु भनी उल्लेख भएको र लिखतमा ब्याजका सम्बन्धमा कुनै कुरा उल्लेख भएको नदेखिएको अवस्थामा तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, लेनदेन व्यवहारको ६ नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा “.....लिखतमा ब्याज नलेखिएकोमा ब्याज पाउँदैन” भन्ने स्पष्टरूपमा उल्लेख भएको देखिन्छ । यस्तो कानूनी व्यवस्थाका विपरीत हुने गरी कानूनतः वादीलाई ब्याज भराउन नमिल्ने भनी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अन्यथा नदेखिने ।

अतः दाबीको लिखतमा ब्याज उल्लेख नभएकोमा लेनदेन व्यवहारको ६ नं. ले ब्याजसमेत भराइदिने गरी सिराहा जिल्ला अदालतले गरेको फैसला सो हदसम्म नमिलेकोले उल्टी गरी लिखतमा उल्लिखित साँवा रकम रू.२५,००,०००।- (पच्चिस लाख) सम्म प्रतिवादीहरूबाट वादीले भराई लिन पाउने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।०४।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल पौष १० गते रोज ६ शुभम् ।**

**४८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-WO-०८४३, परमादेश, राजेश्वरप्रसाद साहसमेत वि. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाडौंसमेत

निवेदकहरू अ.हे.व.बाट सेवा प्रवेश गरेको र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम अ.हे.व. छैठौं तहमा स्तरवृद्धि भएका कर्मचारी देखिन्छन् । अ.हे.व. छैठौं तहमा स्तरवृद्धि भएपश्चात् निजहरूले आफ्नो पद एवं तहसँग मिल्दो पदनाम माग गर्नुपर्नेमा सो पदनाम माग गरेको देखिन आउँदैन । निजहरूले आफ्नो पद एवं तहसँग मिल्दो पदनाम माग नगरेकै आधारमा पदनाम नै नपाउने भन्ने पनि नदेखिएको र रामकृपाल सिंहसमेत वि. नेपाल

सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत भएको रिट नं. ०६५-WO-०८८५ मा "कानूनबमोजिम योग्यता पुगेको आधारमा निवेदकहरूलाई स्तरवृद्धि गरिसकेपछि ऐन नियममा भएको पदअनुसारको पदनाम प्रदान गर्न कुनै कानूनले रोक नलगाएको अवस्थामा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ अनुसूची ३ को हेल्थ इन्सपेक्सन समूहअन्तर्गतको सि.नं.७ को अधिकृत सातौं तह जनस्वास्थ्य अधिकृतको पदनाम दिई पदस्थापन गर्नु" भनी विपक्षीहरूका नाउँमा यसै अदालतबाट परमादेशको आदेशसमेत जारी भएको देखिन्छ । यी रिट निवेदकहरूले स्तरवृद्धिपश्चात् पदनाम नपाउने भन्ने अवस्था नरहेकोले र यसै अदालतबाट कायम भएको उल्लिखित सिद्धान्तसमेतका आधारमा आफ्नो तहसँग मिल्दो पदनाम माग गरेको अवस्थामा स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ ले गरेको कानूनी व्यवस्थाका आधारमा यी निवेदकहरूलाई निजहरूको तहसँग तथा पद र कामको प्रकृतिसमेतसँग मेलखाने पदनाम दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : जनकसिंह बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ साल माघ १२ गते रोज १ शुभम् ।**

## इजलास नं.१०

### ४९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-CR-११९४, ठगी, नेपाल सरकार वि. मुकेश चौधरीसमेत

प्रतिवादीको मौकामा भएको बयानमा निज इन्कारी रहेका छन, मौकामा बुझिएका वादीका साक्षीहरूले कम तेल बिक्री गरेको सुनेको छैन भनी अदालतमा बकपत्र गरेका र नापतौल कार्यालयका प्राविधिकसमेतलाई झिकाई उच्च अदालत जनकपुरमा बकपत्र गराउँदा कोनिकलले नाप गर्दा तेलको नापको परिमाण वास्तविक नआउन सक्छ । पेट्रोलियम पदार्थको नाप परिमाण मापदण्डभित्रै रहेको थियो भनी बकपत्र गरेको पाइयो । प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहने कानूनी व्यवस्था गरेको देखिन्छ । वादी नेपाल सरकारले आफ्नो साक्षीद्वारा प्रतिवादीहरूउपरको अभियोग मागदाबी पुष्टि गर्ने गरी बकपत्र गराउन सकेको देखिँदैन । प्रतिवेदक सहायक प्रमुख जिल्ला अधिकारी किरण थापा अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको देखिँदैन । वादी नेपाल सरकारले प्रतिवादीहरूउपरको अभियोग पुष्टि गर्ने ठोस सबुद प्रमाण पुऱ्याई अभियोग दाबीलाई प्रमाणित गराउन सकेको दरिखँदैन भने अर्कोतर्फ नापतौल कम गरी घटि बढी गरी लिए लिन लगाए वा दिए दिलाएमा स्ट्याण्डर्ड नाप तौल ऐन, २०२५ को दफा ३० अनुसार सजाय हुने देखिन्छ । उक्त ऐनअन्तर्गत कारबाही नचलाएको नापतौल कार्यालयले लगाएको सिल नतोडिएको र नापतौल कार्यालयका प्राविधिकसमेतले पेट्रोलियम पदार्थको नाप परिमाण मापदण्डभित्र रहेको भनी गरेको बकपत्रसमेतबाट यी प्रतिवादीहरूउपरको आफ्नो पेट्रोल पम्पबाट घटी मात्रामा पेट्रोल र डिजेल बिक्री गरी सर्वसाधारणलाई झुक्याई, गफलतमा पारी डिजेल पेट्रोल नापभन्दा कमी दिई ठगी गरेको भन्ने वारदात पुष्टि हुन नआएको ।

अत: प्रतिवादीहरूले सञ्चालन गरी आएको महालक्ष्मी आयल स्टोर्सले कम परिमाणमा

सर्वसाधारणलाई इन्धन बिक्री गरी ठगी गरेको कुरा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन ठगीको महलको १ नं. को कसुरमा ऐ. को ४ नं. बमोजिम रू.६,५६,७९८।३० (छ लाख छपन्न हजार सात सय अन्ठानब्बे पैसा तिस) दामासाहीले जरिवाना र ६ महिनाका दरले कैदसमेत हुने ठहर्‍याएको सुरू महोत्तरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको उच्च अदालत जनकपुरको मिति २०७५।२।३० को फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम्।**

**५०**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७३-CR-१५०१, कर्तव्य ज्यान, नेपाल सरकार वि. लिलाराज अधिकारीसमेत

प्रतिवादीहरू लिलाराज अधिकारी र चेतकुमारी अधिकारीले निजहरूको श्रीमती / बुहारी सुनिता अधिकारी सँगसँगै वारदात घट्नु अघिल्लो दिन सप्ताहमा गई हाँसीखुसी पूजामा सहभागी भएको र निजलाई मार्नुपर्नेसम्मको परिस्थिति रहेको भन्ने कुरा मिसिल संलग्न आधार प्रमाणबाट पुष्टि हुन नसकेको, प्रतिवादीहरू र मृतकबिच पारिवारिक मनमुटाव भएको तथ्य कहीँकतैबाट खुल्न नआएको, प्रतिवादीहरूले मौकामा र अदालतमा बयान गर्दा आरोपित कसुर गरेकोमा इन्कार रही बयान गरेको, निज प्रतिवादीहरूका साक्षी विष्णुप्रसाद सापकोटाले उक्त इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरेको, वस्तुस्थिति मुचुल्काका मानिसहरू बुद्धिसागर अधिकारी र लोकनाथ अधिकारीले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका होइनन्, यी प्रतिवादीहरू र मृतकका बिच राम्रो सम्बन्ध भएकाले मृतकलाई मार्नु पर्नेसम्मको अवस्था देखिन आउँदैन भनी बकपत्रमा लेखाएको, मृतकको लास जाँच मुचुल्कामा घाँटीमा गोलो आकारको डाम देखिनुका साथै झुण्डिएको कारणले मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको र शव परीक्षण प्रतिवेदनलाई समर्थन गर्दै चिकित्सकहरू डा. सुनिलमणि पोखरेल र डा. महेन्द्रराज न्यौपानेले अदालतमा बकपत्र गरेको तथा मृतक सुनिता अधिकारीको शरीरमा अन्य घाउ चोटपटक नदेखिएबाट निजको मृत्यु अरू कसैको कर्तव्यबाट नभई मृतक आफैँ झुण्डी मरेको देखिएको भनी प्रतिवादीहरूले सफाइ पाउने ठहर्‍याई भएको सुरू नवलपरासी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलबाट भएको फैसलामा अन्यथा भयो भनी भन्नसक्ने अवस्था नदेखिने। यी प्रतिवादीहरूले आफ्नो श्रीमती तथा बुहारीलाई मारेको कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसक्दा मिसिल संलग्न प्रतिवादीहरूको मौकामा र अदालतमा भएको इन्कारी बयान, प्रतिवादीका साक्षीहरूको बकपत्र तथा शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणहरूको आधारमा निज मृतकको मृत्यु आफैँ झुण्डिएकै कारणबाट भएकोमा विश्वास गर्न सकिने आधार देखिएको।

तसर्थ, प्रतिवादीहरू लिलाराज अधिकारी र चेतकुमारी अधिकारीलाई निजहरूउपर लगाइएको अभियोग दाबी पुष्टि हुन नआएकाले यी प्रतिवादीहरूले सफाइ पाउने ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।०८।१६ मा भएको

फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।०३।२९ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: प्रेमबहादुर थापा

**इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।**

५१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७३-CR-०६०४, जालसाजी, नारायणबहादुर श्रेष्ठ वि. राधादेवी कर्माचार्यसमेत

मिति २०३०।१२।२९ को तिरो तिरेको रसिद साधिकारप्राप्त निकायबाट कानूनी प्रक्रियाबमोजिम नै जारी भएको र उक्त रसिद तयार पार्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता रहेको कुरा पुष्टि हुने प्रमाण पेस दाखिला हुन नसकेको र सोही रसिदका आधारमा उल्लिखित कित्ताका जग्गाहरू प्रतिवादीका नाममा दर्ता हुन आएको देखियो । वादीको हक मेटाउन जालसाजपूर्ण तवरबाट उक्त रसिद प्रतिवादीहरूले खडा गरेको देखिँदैन । उक्त रसिद प्रतिवादीहरूका पिता पदमबहादुर श्रेष्ठका नाममा साधिकारप्राप्त निकायबाट कानूनी प्रक्रियाबमोजिम नै जारी भएको पाइयो । उक्त मिति २०३०।१२।२९ को रसिद साधिकारप्राप्त निकायबाट कानूनी प्रक्रियाबमोजिम नै जारी भएको देखिँदा बेरीतपूर्ण ढङ्गले जालसाजी तवरले प्रतिवादीबाट खडा भएको भन्न मिलेन । रसिद जालसाजी घोषित गरिपाउँ भन्ने दाबी नपुगेको कारणबाट वादीलाई सजाय गर्नु मनासिब र न्यायोचित नहुँदा दण्ड सजायको १८ नं. को अन्तिम वाक्यांशमा "मुद्दा हेर्ने अड्डालाई विश्वास भएमा सजाय गर्नुपर्ने वा कम गर्नुपर्ने कारण खोली त्यस्तो पोल उजुर गर्ने व्यक्तिलाई सो लेखिएको सजायमध्ये सवै वा केही सजाय नगर्न सक्ने छ" भन्ने व्यवस्था रहेको र विशुद्ध पारिवारिक वेमेलको विषय देखिँदा यी पुनरावेदक वादीलाई उक्त नं. अनुसार सजाय गर्नु नपर्ने ।

तसर्थ, सुरू कास्की जिल्ला अदालतबाट नापीका बखत वादी उपस्थित नभएको कारण दर्ता हुन बाँकी रहेकोमा प्रतिवादीहरूले २०३०।१२।२९ मा तिरो बुझाएको रसिद पेस गरी मालपोत कार्यालय, कास्कीबाट मिति २०७१।४।२१ मा जग्गा दर्ता गराई वादीको हक मेटाउने कार्य गरेकोले मिति २०३०।१२।२९ को तिरो बुझाएको रसिदलाई जालसाजी घोषित गरिपाउँ भन्ने फिराद दाबी नठहर्ने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७३।३।९ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७६ साल फागुन २ गते रोज ६ शुभम्।**

५२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७३-CI-०७४१, जग्गा दर्ता नामसारी, नारायणबहादुर श्रेष्ठ वि. राधादेवी कर्माचार्यसमेत

वादी नारायणबहादुर श्रेष्ठकी पत्नी ईश्वरीदेवी श्रेष्ठ र प्रतिवादी यिनै निवेदिका राधादेवी कर्माचार्य भएको अपुताली हक कायम मुद्दामा पदमबहादुर श्रेष्ठको शेषपछिको हकदार राधादेवी कर्माचार्य र मिठुदेवी प्रधान भएको ठहर भई यसै अदालतबाट मिति २०६६।३।३ मा भएको फैसला अन्तिम भएको देखिन्छ । अदालतबाट फैसला अन्तिम भई स्वर्गीय पदमबहादुर श्रेष्ठको अपुताली खाने निजका २

छोरीहरू राधादेवी कर्माचार्य र मिठुदेवी प्रधान भएको तथ्य स्थापित भइसकेको अवस्थामा दाबीको जग्गामा नारायणबहादुर श्रेष्ठको हक पुग्ने अवस्था भएको भए सर्भे नापीको समयमा कानूनका म्यादभित्रै उजुर गर्नुपर्नेमा निजले कहींकतै म्यादैभित्र उजुरी गरेको नदेखिएको हुँदा जग्गा दर्ताको लागि निवेदनसमेत दिएको नदेखिएको साथै मालपोत कार्यलयबाट हक दाबीसम्बन्धी सूचना प्रकाशित हुँदाका बखत कानूनका म्यादभित्र हकदाबी नगरी म्याद गुजारी बसेका र पछि हुलाकमार्फत निवेदन प्रेषित गरेको अवस्था एवं मिसिल संलग्न साबिक लगत, स्थानीय निकायको सिफारिस, मालपोत कार्यालय कास्कीको तर्फबाट स्थलगत सर्जमिन बुझ्न डोर खटी जाँदा माग दाबीका जग्गाका साँध सँधियाराहरू स्थानीय भद्र भलादमी एवं स्थानीय निकायका प्रतिनिधिहरूसमेतको रोहवरमा खडा भएका सर्जमिन मुचुल्कामा माग दाबीका शिशुवा गा.वि.स. वडा नं.३ कि.नं.८७२ लगायत र वडा नं.२ अन्तर्गत कि.नं.४१४ लगायत १० कित्ता जग्गा निवेदिका राधादेवी कर्माचार्यसमेत जना २ का बाबु पदमबहादुर श्रेष्ठको अंश भागमा परी निजले नै हकभोग गरी २०३० सालसम्मको तिरो तिरान गरि आएका भन्ने उल्लेख भएको पाइएको। सर्जमिन मुचुल्का, तिरो तिरेको रसिद, ७ नं. फाँटवारी फिल्डबुक नापी शाखा कास्कीबाट मिति २०६१।३।१५ तयार भएको फिल्डबुकमा विवादित कित्ता जग्गाहरूको जग्गाधनीको नाम थर र वतनमा पदमबहादुर श्रेष्ठको नाम उल्लेख भएसमेतका कागजातहरूबाट मृतक पदमबहादुर श्रेष्ठको शेषपछिको हकदार राधादेवी कर्माचार्य र मिठुदेवी प्रधान भएको कुरामा विवाद नदेखिने।

अतः मृतक पदमबहादुर श्रेष्ठसँगको राधादेवी कर्माचार्य र मिठुदेवी प्रधानको नाता प्रमाणपत्र एवं हक भोगको सिफारिससमेतका आधारमा मुलुकी ऐन अपुतालीको २ नं., मालपोत ऐन, २०३४ को दफा ७(२) एवं मालपोत नियमावली, २०३६ को नियम ४(क) को उपनियम १, २, ३ मा भएको व्यवस्थाअनुसार माग दाबीका साबिकका पदमबहादुर श्रेष्ठको नाउँका माथि उल्लिखित कित्ता जग्गा दर्तावाला पदमबहादुर श्रेष्ठका छोरीहरू राधादेवी कर्माचार्य र मिठुदेवी प्रधानको नाममा दर्ता नामसारी गरी दिने र म्याद गुज्रेपछि पर्न आएको नारायणबहादुर श्रेष्ठको हकदाबीको निवेदन खारेज हुने ठहऱ्याई सुरू मालपोत कार्यलय कास्कीबाट मिति २०७१।४।२१ मा भएको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७३।३।९ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मुकुन्द आचार्य

**इति संवत् २०७६ साल फागुन २ गते रोज ६ शुभम्।**

**इजलास नं.११**

**५३**

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-१३८७, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. प्रदिप थापासमेत*

जाहेरवालीले जाहेरीमा प्रतिवादी भक्तबहादुर पुनले पीडितलाई मोटरसाइकलमा लगेको भनी उल्लेख गरेको देखिन्छ भने अदालतमा बकपत्र गर्दा प्रतिवादी प्रदिप थापाले मोटरसाइकलमा राखी लगेका हुन् भनी उल्लेख गरेको देखिन्छ । पीडितले मौकामा कागज गर्दा भक्तबहादुरले आमालाई कुराकानी गरी भुलाएको र प्रदिपले आफूलाई जबरजस्ती मोटरसाइकलमा राखी बोल्न कराउन नदिई गाउँको चोरी बाटो हुँदै भक्तबहादुर पुनको डेरा नारायणपुरमा लगी बन्धक

बनाई राखेका हुन् भनी लेखाए तापनि अदालतमा बकपत्र गर्दा प्रतिवादी प्रदिप थापाले मोटरसाइकलमा बस भनेपछि म निजको मोटरसाइकलमा चढी गएकी हुँ भनी उल्लेख गरी तथ्य स्वीकार गरेको देखिन्छ। प्रतिवादीमध्येका प्रदिप थापाले अदालतमा बयान गर्दा पीडित र आफूबिच माया प्रेम बसी विवाह गर्ने सल्लाहसमेत भएकोले वारदात मितिमा मोटरसाइकल लगी पीडितलाई मोटरसाइकलमा राखी दाजु भक्तबहादुर पुनको कोठामा लगी राखेको भन्ने तथ्य उल्लेख गरेका छन्। त्यसैगरी प्रतिवादीका साक्षी कामना मल्लले जाहेरवालीले पीडितलाई टीका लगाई प्रदिप थापासँग पठाइदिएकी हुन, पीडितलाई अपहरण गरेको होइन भनी प्रतिवादीको बयान पुष्टि हुने गरी अदालतमा बकपत्र गरेकोसमेत पाइन्छ। यसरी प्रतिवादीहरू अदालतमा कसुरमा इन्कार रहनु, उक्त इन्कारी निजका साक्षीको बकपत्रबाट पुष्टि हुनु, पीडित स्वयंले अदालतमा बकपत्र गर्दा प्रदिप थापाको मोटरसाइकलमा आफू स्वेच्छाले बसेर गएकी हुँ भन्ने देखिनु, निजहरू सोल्टी सोल्टिना नाताभित्रका पर्ने भनी निजहरूकै बयान तथा बकपत्रबाट पुष्टि हुनुका साथै यी प्रतिवादी प्रदिप थापा पीडितको घरमा केही समय बसी विद्यालय पढ्ने क्रममा पीडितसँग माया प्रेम बसी विवाह गर्ने सरसल्लाहसमेत भएको देखिएबाट पीडितलाई यी प्रतिवादीहरूले जबरजस्ती अपहरण गरी लगेको नभई विवाह गर्ने मनसायपूर्वक प्रदिप थापासँग राजीखुसीले नै मोटरसाइकल चढी सँगै हिँडेको अवस्था देखिन आउने।

१६ वर्ष नपुगेको नाबालकलाई वा कुनै उमेरको भए पनि मगज बिग्रेको मानिसलाई कानूनी संरक्षकको मन्जुरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाई फकाई गर्न नहुने गरी बन्देज गरेको पाइन्छ। तर प्रस्तुत मुद्दामा त्यस्तो अवस्था रहेको पाइँदैन। प्रतिवादी र पीडिताबिच नाता सम्बन्ध रहेको, प्रतिवादीकै घरमा जाने आउने गरेको र स्वयम् पीडिताले नै प्रदिप थापाले मोटरसाइकलमा बस भनेको र सो भन्ने व्यक्ति दाइ भएको कारण र आफ्नो पनि काम भएको कारण मोटरसाइकलमा बसी गएकी हुँ भनी बकपत्र गरेको देखिन्छ। दाइ नाताको व्यक्तिसँग स्वइच्छाले मोटरसाइकलमा बसी गएको अवस्था देखिँदा इच्छाविपरीत अपहरण गरी लगेको भन्ने अवस्था देखिन नआउने।

अत: सोल्टिना नाताकी दाङ ५६(७) (परिवर्तित नाम) लाई यी प्रत्यर्थी / प्रतिवादीहरूले जबरजस्ती अपहरण गरी लगेको नभै यी दाङ ५६(७) (परिवर्तित नाम) विवाह गर्ने मनसाय पूर्वक प्रदिप थापासँग राजीखुसीले नै मोटरसाइकल चढी सँगै हिडेको अवस्था देखिन आएकोले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. को कानूनी व्यवस्था आकर्षित हुने नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत तुलसीपुरको मिति २०७४।२।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७६ साल भाद्र ४ गते रोज ४ शुभम्।**

**५४**

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७६-WH-०२७८, बन्दीप्रत्यक्षीकरण, प्रकाशबहादुर वि.क. समेत वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत

निवेदकहरूले डिउटीमा खटिएका प्रहरी

कर्मचारीहरूलाई के कस्तो अभद्र व्यवहार गरी काम कारबाहीमा बाधा सिर्जना गरेका हुन् सोसमेत प्रस्ट किटान गरी खुलाई जानकारी गराएकोसमेत देखिँदैन । केवल अभद्र व्यवहार गरी काम कारबाहीमा बाधा सिर्जना गरेको भनी मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ को दफा ११८ को अभद्र व्यवहार गर्न नहुने कसुरमा मुद्दा चलाउन विपक्षीमध्येको जिल्ला प्रशासन कार्यालयबाट म्याद थप गरेको देखिन्छ । यसरी म्याद थपको माग गर्दा र म्याद थप गर्ने अधिकारीले पनि केवल अनुसन्धान गर्नको निमित्त मात्र भनी जिल्ला प्रशासन कार्यालयबाट मिति २०७६।११।५ मा पहिलो पटक ७ दिन र मिति २०७६।११।१२ मा पुनः ६ दिन म्याद थप भएको देखिन्छ । म्याद थप गर्दा आधार कारण खुलाई कानूनको पालना गरी भए गरेको नदेखिने ।

अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई अनुसन्धानको सिलसिलामा हिरासतमा राख्दा के कति कारणले सो व्यक्तिलाई पक्राउ गरी हिरासतमा राखेको हो, निजको हकमा के कति अनुसन्धान कार्य सम्पन्न भयो र निजको विरूद्ध कुन कसुरमा मुद्दा दायर भई अनुसन्धान कार्य भइरहेको हो सोको स्पष्ट जानकारी कानूनबमोजिम निवेदकलाई दिनुपर्ने । प्रत्यर्थीहरूद्वारा निवेदकहरूलाई सो कुराको जानकारी दिइएको नदेखिने ।

अतः प्रस्तुत मुद्दामा निवेदकहरूउपर सार्वजनिक स्थलमा महिलावर्गलाई दु:ख हैरानी दिएको भनी अभद्र व्यवहारको अभियोग लागेकोमा के कस्तो अभद्र व्यवहार गरेको हो स्पष्ट नखुलेको, को कसलाई गरेको हो, पीडितको उजुरी परेकोसमेत नदेखिएको, म्याद थप माग गर्दा तथा म्याद थप दिँदा उचित कारण नखुलेको अवस्थामा प्रवृत्त भावनाबाट थुनामा राखिएको देखिँदा कानूनबमोजिम थुनामा राखेको भनी भन्न मिल्ने अवस्था नदेखिँदा निवेदकहरू नरेन्द्र वि.क र प्रकाशबहादुर वि.क. समेतलाई तत्काल थुनामुक्त गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने ।

इजलास अधिकृत: बिना गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७६ साल फागुन १४ गते रोज ४ शुभम् ।**

**५५**

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री कुमार रेग्मी,** ०७७-WH-००२५, बन्दीप्रत्यक्षीकरण, कोसेली बुढासमेत वि. केन्द्रीय बालकल्याण समिति, हरिहरभवनसमेत

मिसिल संलग्न तथ्य प्रमाण हेर्दा निवेदकको बालगृह विवादास्पद बनेपछि उक्त बालगृहमा रहेका ११ जना बालिकालाई बाल अधिकार परिषद् श्रीमहल पुल्चोकले अन्य विपक्षीसमेतको सहयोगमा अन्यत्र स्थानान्तरण गरी अस्थायी संरक्षण प्रदान गरिरहेको र निज बालिकाहरूको सर्वोत्तम हितलाई मध्यनजर गरी पारिवारिक पुनर्मिलनको प्रयास भइरहेको तथा निज बालिकाको स्थायी संरक्षण सम्बन्धमा कामहरू भइरहेको भन्ने देखिन आयो । राष्ट्रिय बाल अधिकार परिषद् बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्ने संस्थाको रूपमा गठित भई बाल अधिकार संरक्षण, संवर्द्धन र बालबालिकाको विकासको लागि काम गर्ने सरकारी निकाय रहेको पाइयो । यस्तो सरकारी निकायले कानूनबमोजिम आफ्नो जिम्मामा लिई बालबालिकाको संरक्षण र व्यवस्थापन गर्न पाउने नै अवस्था देखिँदा निवेदकको बालगृहमा रहेका बालिकाहरूलाई पक्राउ गरी गैरकानूनी थुनामा राखेको

भन्ने देखिन आएन । इजलासबाट संरक्षणमा रहेका बालिकालाई भिडियो कन्फरेन्समार्फत सम्पर्क गर्दा निजहरूलाई पक्राउ गरी लगेको र थुनामा राखेको भनी उल्लेख गरेकोसमेत देखिएन । निज बालिकाहरूले निवेदककै संस्था (बालगृह) मा फर्कन इच्छा जाहेर गरेको अवस्था पनि नपाइने।

यस सम्बन्धमा Convention on the Rights of the Child अनुसार संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा बाल्य अवस्थामा विशेष स्याहार तथा सहयोग पाउनुपर्ने घोषणा गरेको पाइन्छ जसअनुसार पारिवारिक वातावरण, प्रशन्नता, माया ममता र समझदारीको परिवेशमा हुर्कन पाउनुपर्ने बालबालिकाको अधिकार नै रहेको देखिन्छ । बालबालिकालाई विशेष स्याहार पुऱ्याउनुपर्ने कुरा बाल अधिकारसम्बन्धी सन् १९२४ को जेनेभा घोषणापत्र तथा संयुक्त राष्ट्र संघले २० नोभेम्बर १९५९ मा ग्रहण गरेको बाल अधिकारको घोषणापत्रमा उल्लेख गरिएको र सो आवश्यकतालाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २३ र २४ मा आर्थिक, सामाजिक तथा सांकृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा र बालबालिकाको कल्याणसँग सम्बन्धित विशिष्टिकृत निकाय तथा अन्तर्राष्ट्रिय सङ्गठनका विधानहरूमार्फत हाल बालिकाहरूको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने कुरालाई नकार्न सकिँदैन । उक्त महासन्धिको भाग १(३) अनुसार पक्ष राष्ट्रहरूले बालबालिकाका बाबुआमा, कानूनी संरक्षक वा निजहरूको लागि कानूनी रूपमा जिम्मेवार अन्य व्यक्तिहरूको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्ने प्रतिज्ञा गर्दै यस उद्देश्यको लागि सबै समुचित व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नुपर्ने भन्ने व्यवस्थाअनुसार राज्यले बालबालिकाको लागि उचित कदम चाली उनीहरूको सर्वोत्तम हितको सन्दर्भमा राज्यको तर्फबाट जिम्मेवारी लिई संरक्षण गरेको कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिने।

यसरी विपक्षीहरूबाट गैरकानूनी कार्य भएको नदेखिएको, निवेदकको बालगृहबाट बालिकाहरूलाई पक्राउ गरी थुनामा राखेको पनि नदेखिएको तथा राष्ट्रिय बाल अधिकार परिषद्को संरक्षण र व्यवस्थापनमा रहेका बालिकाहरूले निवेदकको संस्थामा फर्कन इच्छासमेत जाहेर गरेको अवस्था नदेखिई गैरकानूनी थुनाको अवस्था नदेखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर
कम्प्युटर: समी नेपाली

**इति संवत् २०७७ साल असोज १४ गते रोज ४ शुभम्।**

**५६**

**मा.न्या.श्री पुरुषोत्तम भण्डारी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-WO-०९७७, परमादेश, न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

सामाजिक बिकृतीको रूपमा रहेका अपराधहरूको नियन्त्रण र अपराधीलाई कानूनबमोजिमको कारबाही र सजाय गर्ने, पीडितलाई क्षतिपूर्ति दिने, पीडितको सामाजिक पुनर्स्थापना गरी सभ्य, मर्यादित, अनुशासित समाज निर्माणको लागि हुने प्रयासमा बिमती राख्नु पर्ने अवस्था नहुने। महिला तथा बालबालिकाउपर हुने यौनजन्य हिंसा सामाजिक

नैतिकताको विरूद्धको घृणित सामाजिक अपराध रहेको, यस किसिमका अपराधहरू विधिको शासन र लोक कल्याणकारी राज्यहरूको लागि सोभनिय विषय नभएको । महिला तथा बालबालिकाउपर हुने सबै किसिमका यौनजन्य अपराधहरू नियन्त्रण गर्न अपराधबाट पीडित व्यक्तिलाई राहत र क्षतिपूर्ति प्रदान गर्न र समाजमा पुन स्थापित गराउन, सभ्य, मर्यादित र अनुशासित समाज निर्माणको लागि भएका कानूनी व्यवस्थाको अपर्याप्तता र पीडितको सहज न्यायमा पहुँचको अवस्था सिर्जनाको लागि प्रस्तुत रिट निवेदन परेको देखिएको । कानून व्यवस्थापिका संसद्ले बनाउने हो । अदालतले कानून बनाउने कुरा शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तविपरीत हुन्छ। अदालतले प्रचलित ऐन कानून र स्थापित न्यायिक सिद्धान्तका आधारमा कानूनको व्याख्या मात्र गर्ने हो । सर्वोच्च न्यायिक निकाय संविधान र नागरिकहरूको मौलिक हक अधिकारको संरक्षकसमेत रही राज्य संयन्त्रको एक अङ्ग रहेको हुँदा लोक कल्याणकारी राज्य स्थापनाको लागि र नागरिकका मौलिक हक अधिकारको संरक्षणको लागि अदालतको भुमिका महत्त्वपूर्ण हुने । अदालतबाट जारी हुने निर्देशनात्मक आदेशहरू लोक कल्याणकारी राज्य स्थापनाको लागि जारी गरिने र यस्ता आदेशले नागरिकको हित संरक्षण र विधिको शासन र राष्ट्र विकासको लागि सरकारलाई समेत मार्ग निर्देशन गर्न सक्ने उद्देश्य राख्ने हुँदा हाल प्रचलित ऐन कानूनमा भएका अपूर्ण अवस्थाहरू पूर्ण गरी राष्ट्रियस्तरमा प्रभावकारी कानूनी व्यवस्थाको निर्माण गर्नु आवाश्यक र उपयुक्त नै हुन्छ। विद्यमान विकृति विसङ्गतीहरूको मूल कारण शुद्ध प्रेमको अभाव हो। जसको कारणबाट महिलालाई छेडछाड (Eve teasing), बलात्कार (Rapes), अपहरण (Abductions), वेश्यावृत्ति (Prostitution), अश्लील चित्र प्रदर्शन (Obscenity) समेतका कार्यहरू स्नेह प्रेमको अभावको द्योतक हो । आत्माप्रतिको प्रेम नभई विषयवस्तु भोगप्रतिको आकर्षणबाट उत्पन्न हुन जान्छ । हाम्रो शिक्षा नीति भौतिकवादतर्फ मात्र आकर्षित हुने रहेको र आध्यात्मिक चिन्तनको साथै नैतिक शिक्षाको अभावका कारण पनि यस्ता विकृति बढेको अवस्था देखिँदा नैतिक शिक्षातर्फ पनि राज्यको ध्यान जानु आवश्यक देखिने ।

समाजमा मर्यादाको रेखालाई समेत विशेष ध्यान दिनु पर्ने, आपसी मर्यादाबिना समाज चल्न सक्दैन। यद्यपि मर्यादा कुनै कानून होइन र आचारसंहिता पनि हैन तर परस्पारिक सम्बन्धमा उत्पन्न हुन सक्ने कलह कलेशको वातावरण उत्पन्न हुन नदिनका लागि समाजमा तालमेल सामनजस्य, स्नेह, व्यवस्था बनाइराख्नको लागि मर्यादाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। पुरूषले महिलाप्रति र महिलाले पुरूषप्रति उचित मर्यादा पालन गर्नुपर्ने हुन्छ । एक अर्काप्रति सज्जनता र सम्मानपूर्वक व्यवहार गर्ने एउटा अलिखित सम्झौता (Unwritten agreement) हो यसलाई समाजले अंगिकार गरी पालन हुन नसकेको कारण यस्ता घृणित अपराधहरूमा वृद्धि हुँदै गएको पाइने।

फौजदारी अपराधको जाहेरी दर्ता नगर्ने तथा मेलमिलाप गर्न नपाइने मुद्दामा मेलमिलापका लागि दवाव दिने, सार्वजनिक पदमा रहेका पदाधिकारी, प्रहरी तथा निर्वाचित जनप्रतिनिधिहरूलाई समेत समाजप्रति कसरी दायित्व बहन गराउनुपर्ने हो ? वा कानूनी दायरामा ल्याई के, कस्तो सजाय गर्न सकिन्छ ? हाडनाता करणी र अप्राकृतिक मैथुन वारदातबाट पीडितहरूलाई मनासिब क्षतीपूर्तिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न र लैगिंक हिंसाका

सम्बन्धमा शुन्य सहनशिलता अपनाउने सम्बन्धमा कानूनमा थप गर्नुपर्ने अरू व्यवस्थाहरू के हुन सक्छन् ? पीडित महिलाको न्यायमा पहुँच अभिवृद्धीका लागि, महिला तथा बालबालिका उपर हुने सबै किसिमका यौनजन्य अपराधहरू नियन्त्रण गर्न अपराधबाट पीडित व्यक्तिलाई राहत र क्षतिपूर्ति प्रदान गर्न र समाजमा पुनःस्थापित गराउन नेपाल सरकारले गरेका प्रयासहरू पर्याप्त भए नभएको सम्बन्धमा कानून र न्यायका जानकार र सम्बन्धित विषय विज्ञहरूसमेतसँग राय परामर्श लिई सो सम्बन्धमा देखिएका कमी कमजोरीलाई सम्बोधन गर्ने गरी कानूनी व्यवस्था गर्न उपयुक्त पहल गर्नू। साथै भइरहेको कानूनी व्यवस्थाहरूसमेत पूर्णरूपले कार्यान्वयन हुन नसकेको कारणबाट राज्यको केही कमी कमजोरी देखिन जाने भएकोले साधिकार निकाय तथा पदाधिकारीहरूलाई दायित्व बोध गराउनु पनि आजको आवश्यकता रहेबाट कानून कार्यान्वयनतर्फ विशेष ध्यान आकृष्ट गराउनु पर्ने, देखिएबाट नेपाल सरकार सम्बन्धित निकायहरूलाई उचित व्यवस्थापन तथा पीडितहरूले समयमा नै राहत पाउने गरी उचित प्रबन्ध गर्नु, गराउनु भनी निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत : मदन पराजुली

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम्।**